# मेरो दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्कको आवश्यकता पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको विभिन्न विषय समावेश गरिएको स्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भइ उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिँचाइ, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्न मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रूप दिने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई विशेष धन्यबाद दिन चाहन्छु ।

**दुर्गा बहादुर राना**

**अध्यक्ष**

# मेरो भन्नु



कुनै पनि विकासको मार्ग तयार गर्ने उद्देश्यका लागि योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको चासो, त्यसको निरन्तर अनुगमन एवम मूल्याङकन र दिगोपनाका लागि सही र वस्तुनिष्ठ निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट पाठ सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि कार्यान्वयन योग्य योजना तर्जुमा गर्नु पुनसंरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

आवश्यकता अनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन । यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोतको सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रूपमा अध्ययन गर्ने जो कोहीले पनि यस गाउँपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर गाउँपालिकाको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्षज्यू, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू, विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रूप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**मायादेवी श्रेष्ठ**
**उपाध्यक्ष**

# दुई शब्द



यस गाउँपालिकाको केन्द्र बौदीकाली -२, डेढगाउँमा रहेको छ । साविकका जौवारी, मिथुकरम, डेढगाउँ, रकुवा, रुचाङ र नरम गा.वि.स. समावेश गरी ६ वडाहरू कायम गरी मिति २०७३/११/२२ मा बौदीकाली गाउँपालिका गठन गरिएपछि प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र तयार गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ वर्तमान अवस्थालाई पार्श्वचित्रले चित्रित गरेको छ। यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकिकरण गरी उपलब्ध सीमित स्रोत साधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको विकासलाई गति प्रदान गर्न सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु। यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थतालाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ। यसलाई समय र सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौँ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाका सम्पूर्ण टिम, अध्यक्षज्यू, उपाध्यक्ष, वडा अध्यक्षज्यूहरू, अन्य जनप्रतिनिधिहरू, समाजसेवीहरू, बुद्धिजीविहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

अन्तमा, समग्र गाउँपालिकाको विकासको आधार चित्र कोर्दै दीर्घकालीन सोचका साथ अगाडि यो प्रतिवेदन सहयोगी बनोस् भन्ने सुभेच्छा प्रकट गर्दछु।

**कृष्ण प्रसाद ज्ञवाली**

**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूचि

**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १
१.२ अध्ययनको उद्देश्य १
१.३ अध्ययनको महत्व २
१.४ अध्ययनको औचित्य २
१.५ अध्ययन विधि २
१.६ अध्ययनका सीमाहरू ३

**खण्ड २ : बौदीकाली गाउँपालिकाको परिचय** ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ४
२.२ भौगोलिक अवस्थिति ८
२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ९
२.४ भूक्षेत्र (टोपोग्राफी) ११
२.४.१ माटोको बनावट र उर्वराशक्ति १२
२.५ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू १२
२.६ गाउँपालिकाको चुनौती, अवसर र सम्भावनाहरू १४
२.७ गाउँपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध १५
२.८ सिमसार क्षेत्र १५
२.९ जलस्रोत तथा नदी नालाहरू १६
२.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू १९
अकलादेवी माई: २०
दुर्गा भवानी मन्दिर : २२
वालीघाट क्षेत्र २३
२.११ मुख्य चाडपर्वहरू २४
२.१२ सँस्कृति, कला, भाषा र साहित्य २६

**खण्ड ३ : जनसाङ्खिक विवरण** २८

३.१ जनसंख्याको विवरण २८
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३०
३.३ घरमूलीको लैङ्गिक विवरण ३४
३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३५
३.५ उमेरसमूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण ३६
३.६ उमेर समूहअनुसार जनसंख्याको विवरण ३७
३.७ जातजाति समूहअनुसार जनसंख्याको विवरण ३८
३.८ मातृभाषाअनुसार जनसंख्याको विवरण ३९
आदिवासी/जनजाती ४०
सीमान्तकृत तथा उत्पीडित समुदाय ४१
३.९ धर्मअनुसार जनसंख्याको विवरण ४१
३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४३

३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४४
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४५
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४६
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४६
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४७
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४८
घर निर्माणका किसिमहरू ४९
३.१७ बसाई सराईको अवस्था ४९
३.१८ व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण ५०
३.१९ मतदाता नामावली ५१

**खण्ड ४ : भू-उपयोग** ५२

४.१ गाउँपालिकाको भू–उपयोगको विवरण ५३
४.२ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरूप ५५
४.३ मुख्य बस्तिसम्बन्धी विवरण ५५
४.४ बस्ति विकासमा देखिएका चुनौतीहरू ५६
४.५ भू–क्षय सम्भावित क्षेत्र ५६
४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५७

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ५८

५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप ५८
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५८
५.३ आश्रित जनसंख्याको विवरण ५९
५.४ कृषि ५९
५.४.१ कृषिजन्य बालीसम्बन्धी विवरण ६०
५.४.२ कृषि बालीमा लाग्ने रोग ६१
५.४.३ कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण ६२
५.४.४ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ६२
५.४.५ बाली पात्रो ६२
५.४.६ कृषि बजारीकरण ६३
५.४.७ आधुनिक कृषि फार्महरूको विवरण ६३
५.४.८ कृषि पकेट क्षेत्रको विवरण ६४
५.४.९ जग्गाको उर्वराशक्ति ६४
५.५ सिंचाइ ६५
५.६ पशुपालन ६६
५.६.१ पशु नश्ल ६७
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू ६७
५.६.३ पशुपंक्षीको विवरण ६८
५.६.४ पशुपंक्षि फर्महरूको विवरण ६८

५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण ६९
५.७ व्यापार तथा उद्योग ६९
५.७.१ निकासी पैठारी स्थिति ७१
५.७.२ ढुवानी तथा भण्डारण व्यवस्था ७१
५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ७२
५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ७२
५.८ सम्भावित प्राकृतिक श्रोत (खानी/खनिज आदि) को विवरण ७३
५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू ७४
५.१० बैंक तथा वित्तीय संस्थाहरूको विवरण ७५
५.११ सहकारी संस्थाको विवरण ७६
५.१२ संघ संस्था तथा विभिन्न समूहहरू ७७
सामुदायिक संस्थासम्बन्धी विवरण ७७
५.१३ गाउँपालिकाको आयका श्रोतहरू तथा हालको अवस्था ७७
५.१४ प्रस्तावित करका विभिन्न क्षेत्रबाट प्राप्त हुने अनुमानित आम्दानी विवरण ७९
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार** ८०
६.१ गाउँपालिकाको हालको भवनहरूको विवरण ८०
६.२ यातायात सेवा : ८०
६.२.१ सडक मार्गको विवरण ८३
६.२.२ पैदल मार्गको विवरण ८३
६.२.३ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रमा पुग्न लाग्ने समय ८३
६.२.४ गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्मको दुरी ८४
६.२.५ पुल तथा पुलेसाको विवरण ८४
६.३ संचार ८५
६.३.१ मोबाइल ८५
६.३.२ हुलाक सेवा ८५
६.४ विद्युत ८५
६.४.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ८५
६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ८६
६.४.३ गाउँपालिका क्षेत्रमा विद्युत वा सौर्य उर्जा आयोजनाहरूको स्थिति ८७
६.४.४ ग्राहक वर्गीकरणका आधारमा उर्जा खपत ८९
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा** ९०
७.१ शिक्षा ९०
७.२ साक्षरता स्थिति ९१
७.२.१ शैक्षिक जनशक्तिको विवरण ९२
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ९३

७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ९४
७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ९५
७.२.५ शिक्षक विवरण ९६
७.२.६ पुस्तकालय ९६
७.२.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ९७
७.२.८ बाल विकास केन्द्र ९८
७.३ स्वास्थ्य ९९
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू १००
७.३.२ गाउँघर क्लिनीक र नियमित खोप १०१
७.३.३ गाउँपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण १०१
७.३.४ एच. आई. भी./एडसको अवस्था १०१
७.३.५ क्षयरोग कार्यक्रम १०२
७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०२
७.३.७ परिवार नियोजनसम्बन्धी विवरण १०३
७.३.८ खोपको विवरण १०४
७.३.९ बाल्यकालमा हुने रोगका जोखिम १०४
७.३.१० शिशु तथा ५ वर्षमुनिका बाल मृत्युदर १०४
७.३.११ बालपोषणसम्बन्धी विवरण १०५
७.४ खेलकुद तथा मनोरञ्जन १०६
७.५ पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलसम्बन्धी विवरण १०८
७.६ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण १०८
७.७ नागरिक सुरक्षा सेवा ११०
७.७.१ सामाजिक सुरक्षा ११०
७.७.२ बृद्धबृद्धाहरूको अवस्था १११
७.८ महिला तथा बालबालिका १११
७.८.१ महिलासम्बन्धी विवरण १११
७.८.२ बालबालिकासम्बन्धी विवरण ११३
७.८.३ बालश्रमको अवस्था ११४
७.८.४ बालसंरक्षण तथा संबर्द्धन समिति ११५
७.८.५ बालक्लब ११५
७.९ अपाङ्गताको विवरण ११६
७.९.१ अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण ११७
७.१० खानेपानी तथा सरसफाई ११८
७.१०.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ११८

७.१०.२ खानेपानीसम्बन्धी वडागत विवरण ११८

७.१०.३ खानेपानीको संभावित स्रोतहरूको विवरण ११९

७.१०.४ शौचालयको विवरण ११९

७.१०.५ वडागत रूपमा शौचालयको विवरण १२०

७.११ खुला दिशा मुक्त क्षेत्र १२१

७.१२ फोहोर मैला व्यवस्थापन १२२

७.१३ शवदाह/ चिहानहरूको विवरण १२२

**खण्ड ८ : वन तथा वातावरण** १२३

८.१ प्राकृतिक वन तथा वनस्पति १२३

८.२ जैविक विविधता सम्वन्धी विवरण १२३

८.३ लघु वन पैदावार १२४

८.४ गाउँपालिकामा पाईने वन्यजन्तु १२५

(क) वन्यजन्तु १२५

(ख) चराचुरुङ्गी १२५

(ग) घस्रने जिवजन्तुहरू १२५

(घ) जलचर तथा उभयचर जीवहरू १२५

(ङ) कीरा फट्याङ्ग्राहरू १२५

(च) फूलका प्रजातिहरू १२६

८.५ वनजंगल १२६

८.५.१ सामुदायिक वन १२६

८.५.२ कबुलियती वनसम्बन्धी विवरण १२९

८.५.३ धार्मिक वन १२९

८.५.४ सरकारद्वारा व्यवस्थित वन १३०

८.५.५ निजी वन १३०

८.६ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था १३०

८.७ वनपैदावारको माग र आपूर्ति १३०

८.८ जडिबुटीसम्बन्धी विवरण १३१

८.९ पार्क, वनस्पति तथा बालउद्यानसम्बन्धी विवरण १३१

८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम १३१

**खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति** १३२

९.१ मानव विकास सुचकको विवरण (HDI) १३२

९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १३२

९.३ मानव विकास र गरीबी १३३

९.४ गरिबी न्यूनीकरण १३३

९.५ समग्र विकास स्थिति १३३

# तालिका सूचि


| | | |
|---|---|---|
| तालिका नं १: | गाउँपालिकाको वडा विभाजन | ९ |
| तालिका नं २: | नदी तथा खोलासम्बन्धी विवरण | १७ |
| तालिका नं ३: | गाउँपालिकामा रहेको धार्मिक तथा सांस्कृतिक स्थलहरूको विवरण | २२ |
| तालिका नं ४: | गाउँपालिकामा लाग्ने मेलासम्बन्धी विवरण | २७ |
| तालिका नं ५: | जनसंख्याको विवरण | २८ |
| तालिका नं ६: | वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण | ३० |
| तालिका नं ७: | घरमूलीको लैङ्गिक विवरण | ३४ |
| तालिका नं ८: | उमेरसमूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | ३५ |
| तालिका नं ९: | उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण | ३६ |
| तालिका नं १०: | उमेर समूहअनुसार जनसंख्याको विवरण | ३७ |
| तालिका नं ११: | बौदीकाली गाउँपालिकाको जनसंख्या र जातको विवरण | ३८ |
| तालिका नं १२: | मातृभाषाअनुसार जनसंख्याको विवरण | ३९ |
| तालिका नं १३: | धर्मअनुसार जनसंख्याको विवरण | ४१ |
| तालिका नं १४: | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | ४३ |
| तालिका नं १५: | महिलाका नाममा भएको घरको स्वामित्वको विवरण | ४४ |
| तालिका नं १६: | महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण | ४५ |
| तालिका नं १७: | अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | ४६ |
| तालिका नं १८: | बाहिरी गारोका आधारमा घरको बनोटको विवरण | ४६ |
| तालिका नं १९: | छानाको आधारमा घरको बनोटको विवरण | ४७ |
| तालिका नं २०: | जगको आधारमा घरको बनोटको विवरण | ४८ |
| तालिका नं २१: | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण | ५० |
| तालिका नं २२: | गाउँपालिकाको मतदाता संख्या | ५१ |
| तालिका नं २३: | भू–उपयोग  विश्लेषण २०७३ | ५३ |
| तालिका नं २४: | मुख्य बस्तिसम्बन्धी विवरण | ५५ |
| तालिका नं २५: | गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | ५७ |
| तालिका नं २६: | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ५८ |
| तालिका नं २७: | आश्रित जनसंख्याको विवरण | ५९ |
| तालिका नं २८: | गाउँपालिकामा कृषिजन्य बालीसम्बन्धी विवरण | ६० |
| तालिका नं २९: | विभिन्न बालीमा लाग्ने रोग विवरण | ६१ |
| तालिका नं ३०: | कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण | ६२ |
| तालिका नं ३१: | कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण | ६२ |
| तालिका नं ३२: | बाली पात्रो | ६२ |
| तालिका नं ३३: | आधुनिक कृषि फार्महरूको विवरण | ६३ |
| तालिका नं ३४: | कृषि पकेट क्षेत्रको विवरण | ६४ |
| तालिका नं ३५: | कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण | ६६ |
| तालिका नं ३६: | आ.व. २०७३/७४ को पशु तथ्यांक विवरण | ६८ |
| तालिका नं ३७: | पशुपंक्षि पालन फार्मको विवरण | ६९ |

| | | |
|---|---|---|
| तालिका नं ३८: | व्यापारिक केन्द्रहरूको विवरण | ७० |
| तालिका नं ३९: | व्यापार व्यवसायसम्बन्धी विवरण (मासु, तरकारी, फलफुल आदि) | ७० |
| तालिका नं ४०: | पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्रसम्बन्धी विवरण | ७२ |
| तालिका नं ४१: | सम्भावित प्राकृतिक श्रोत (खानी/खनिज आदि) को विवरण | ७४ |
| तालिका नं ४२: | बैंकसम्बन्धी विवरण | ७५ |
| तालिका नं ४३: | सहकारी संस्थाको नामावली | ७६ |
| तालिका नं ४४: | सहकारी संस्थाको विवरण | ७७ |
| तालिका नं ४५: | सामुदायिक संस्थासम्बन्धी विवरण | ७७ |
| तालिका नं ४६: | गाउँपालिकाको आयका श्रोतहरू तथा हालको अवस्था | ७७ |
| तालिका नं ४७: | प्रस्तावित करका विभिन्न क्षेत्रबाट प्राप्त हुने अनुमानित आम्दानी विवरण | ७९ |
| तालिका नं ४८: | गाउँपालिकाको विद्यमान सडक सञ्जालको अवस्था | ८२ |
| तालिका नं ४९: | सडक मार्गको विवरण | ८३ |
| तालिका नं ५०: | पैदल मार्गको विवरण | ८३ |
| तालिका नं ५१: | वडा केन्द्रबाट टाढाको वस्ती | ८३ |
| तालिका नं ५२: | गाउँपालिका केन्द्रबाट वडा केन्द्रको दुरी | ८४ |
| तालिका नं ५३: | पुल तथा पुलेसाको विवरण | ८४ |
| तालिका नं ५४: | बत्ती बाल्न प्रयोग गरिने श्रोत | ८६ |
| तालिका नं ५५: | खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण | ८६ |
| तालिका नं ५६: | गाउँपालिका क्षेत्रमा विद्युत वा सौर्य उर्जा आयोजनाहरूको विवरण | ८८ |
| तालिका नं ५७: | ग्राहक वर्गीकरणका आधारमा उर्जा खपत | ८९ |
| तालिका नं ५८: | साक्षरता दर | ९१ |
| तालिका नं ५९: | शैक्षिक जनशक्तिको विवरण | ९२ |
| तालिका नं ६०: | विषयगत शैक्षिक जनशक्तिको विवरण | ९३ |
| तालिका नं ६१: | उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण | ९४ |
| तालिका नं ६२: | गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण | ९५ |
| तालिका नं ६३: | विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरूको विवरण | ९६ |
| तालिका नं ६४: | तहगत शिक्षक विवरण | ९६ |
| तालिका नं ६५: | बाल विकास केन्द्रको विवरण | ९८ |
| तालिका नं ६६: | गाउँपालिकाको विद्यमान स्वास्थ्य सेवाहरू | १०० |
| तालिका नं ६७: | गाउँपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण | १०१ |
| तालिका नं ६८: | गाउँपालिकाको सुरक्षित मातृत्वसम्बन्धी अवस्था | १०३ |
| तालिका नं ६९: | परिवार नियोजनसम्बन्धी विवरण | १०३ |
| तालिका नं ७०: | खोप सेवाको विवरण | १०४ |
| तालिका नं ७१: | विगत ३ वर्षहरूको पोषणको व्यवस्था | १०५ |
| तालिका नं ७२: | खेलमैदानको विवरण | १०७ |
| तालिका नं ७३: | पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलसम्बन्धी विवरण | १०८ |
| तालिका नं ७४: | सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण | १०८ |
| तालिका नं ७५: | गाउँपालिकामा वितरण भएको सामाजिक सुरक्षासम्बन्धी विवरण | १११ |

| | | |
|---|---|---|
| तालिका नं ७६: | महिला हिंसासम्बन्धी विवरण | ११३ |
| तालिका नं ७७: | आमा समूहको विवरण | ११३ |
| तालिका नं ७८: | अपाङ्गताको विवरण | ११७ |
| तालिका नं ७९: | अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण | ११७ |
| तालिका नं ८०: | परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत | ११८ |
| तालिका नं ८१: | खानेपानीसम्बन्धी वडागत विवरण | ११८ |
| तालिका नं ८२: | खानेपानीको संभावित स्रोतहरूको विवरण | ११९ |
| तालिका नं ८३: | शौचालयको प्रकार | ११९ |
| तालिका नं ८४: | वडागत रूपमा शौचालयको विवरण | १२० |
| तालिका नं ८५: | सामुदायिक वन व्यवस्थापनको विवरण | १२८ |
| तालिका नं ८६: | कबुलियती वनसम्बन्धी विवरण | १२९ |
| तालिका नं ८७: | पार्क, वनस्पति तथा बालउद्यानसम्बन्धी विवरण | १३१ |
| तालिका नं ८८: | मानव विकास सुचकको विवरण (HDI) | १३२ |
| तालिका नं ८९: | गरीबीको दरको विवरण | १३३ |

# नक्सा सूची


नक्सा नं. १: बौदीकाली गाउँपालिकाको उचाइ विवरण ८
नक्सा नं. २: गाउँपालिकाको वडा विभाजन १०
नक्सा नं. ३: बौदीकाली गाउँपालिकाको भिरालोपन ११
नक्सा नं. ४: बौदीकाली गाउँपालिकामा रहेका नदि संजाल १८
नक्सा नं. ५: बौदीकाली गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरू १९
नक्सा नं. ६: बौदीकाली गाउँपालिकाको जनसंख्या विवरण २९
नक्सा नं. ७: बौदीकाली गाउँपालिकाको वडाअनुसार क्षेत्रफलको विवरण ३१
नक्सा नं. ८: बौदीकाली गाउँपालिकाको लैङ्गिक विवरण ३२
नक्सा नं. ९: बौदीकाली गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण ३३
नक्सा नं. १०: बौदीकाली गाउँपालिकाको भू–उपयोग विवरण ५२
नक्सा नं. ११: बौदीकाली गाउँपालिकामा रहेको बस्तीको विवरण ५४
नक्सा नं. १२: गाउँपालिकाको सडक सञ्जाल ८१

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ। स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई आफ्नो जनसांख्यिक, आर्थिक, सामाजिम, भौगोलिक तथ्याङ्कहरूको अभिलेख तयार पार्ने अधिकार प्रदान गरेको छ। वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ। राष्ट्रिय जनगणना २०६८ र यस गाउँपालिका क्षेत्र भित्र रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ।

नेपाल सरकार संघीय मामिला सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौधौं आवधिक योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिकाक्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई ब्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालिकाको समग्र विकासका लागि नीति, योजना तथा कार्यक्रम निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पाश्र्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्बन्धी जानकारी पार्नु जरुरी छ । आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले बौदीकाली गाउँपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँपालिका पाश्र्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरूलाई दिँदै आएको अनुदानहरूमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरूमध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु पनि एक हो । भौतिक पूर्वाधार विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थतालाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकामा उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पाश्र्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार छन् :

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघ संस्थाहरूबाट उपलब्ध तथ्यांकहरू,
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू,
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी तुलनात्मक रूपमा विश्लेषण र वर्णन गरिएको ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तिय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरूप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र आवश्यकता वडा बासीहरूबीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू, प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको अभिलेखबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिकाजस्ता स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणाअनुसार यसले बौदीकाली गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रूपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : बौदीकाली गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

कालीगण्डकी नदीको किनारदेखि दक्षिणतर्फ महाभारत पर्वत श्रृखंलासम्म फैलिएको यो गाउँपालिकाको उत्तरतर्फको पानी ढलो पर्दछ । यस गाउँपालिकाको प्रमुख खोला बौदी खोला, काली गण्डकीमा गएर मिसिन्छ । हावापानीको हिसाबले नदी किनार, खोच र बेशी क्षेत्रमा उष्ण तथा मध्य पहाडी भागमा समशितोष्ण तथा लेकाली टाकुराहरूमा चिसो हावापानी पाइन्छ । नेपालको हिमालय श्रृंखलाको मध्य भागमा उदगम स्थल भई दक्षिण पूर्व हुँदै बग्ने प्रसिद्ध काली गण्डकी नदी र महाभारतको पर्वत श्रृंखलामा रुचाङ उद्गमस्थल भइ उत्तरतर्फ बग्दै काली नदीमा समाहित हुने बौदी खोलाको समग्र पानी ढलोको क्षेत्र वरपर भूभागमा बौदीकाली गाउँपालिका रहेको छ । यसै कारण यस गाँउपालिकाको नाम बौदीकाली गाउँपालिका रहन गएको हो । मगर भाषमा 'बो' भनेको सेतो र 'दी' भनेको पानी भएकोले यसलाई सेतो पानी बग्ने खोला अर्थात बौदीकाली भनिएको भन्ने भनाइ पनि छ । कवि लोकनाथ पोखेलद्वारा सृजना गरिएको प्रस्तुत कविताले समग्र गाउँपालिकाको सांस्कृतिक, आर्थिक, सामाजिक, भौगोलिक अवस्थाको कलात्मक ढंगले चिनारी दिन्छ ।

### 'बौदीकाली गाउँपालिकाको चिनारी'

संघीय शासन स्थानीय तह यो गाउँपालिका
चिनारी भन्छु राखेर साक्षी अकला र कालिका
पूर्वमा बुलिङ्ग गाउँपालिका छ, पश्चिममा पाल्पा छ
उत्तरतिर छन् काली गङ्गा बगेकी सलल
दक्षिणको घेरो छ सेरोफेरो महाभारत श्रृङ्खला
यही चारकिल्ला भित्रको बौदीकाली गाउँपालिका
**छ वटा वडा मिलेर राम्रो, गाउँपालिका बनेको छ हाम्रो ।१।**

एकै र नम्बर हो मिथुकरम दुई नम्बर डेढगाउँ
तीनै र नम्बर रकुवा गाउँ चार नम्बर रुचाङ्ग
पाँचै र नम्बर बबक गाउँ नरम छ नम्बर
सबैले मिली गर्ने हो विकास कसेर कम्मर
**लेकवेसी रन र वन, प्यारो हामीलाई छ हाम्रै चरन ।२।**

सङ्ख्या मगरको पहिलो दोश्रो भए कामी
तेश्रो भए क्षेत्रीहरू चौथो ब्राह्मण नामी
पाँचौ भए दमै नेवार छैठौं भए
सातौं सार्की आठौंमा त दरै हुन गए
नवौं ठकुरी दशौं संख्या घर्ती समाल
एघार गुरुङ्ग बाह्रौं कुवँर तेह्रौ कुमाल
चौधौं रानाभाटको नाममा गनौं है रुमाल
**जे छ हाम्रो बनाउँदै राम्रो, जे जे छैन बनाउनु छ हाम्रो ।३।**

जन्मेको यहीँ लामा र ज्योतिष पुरोहित पण्डित
कोही इन्जिनियर कोही डाक्टर यहाँ कोही कला सङ्गीत
कोही पत्रकार खेलाडि कोही वकिल जनित
गहना हाम्रा सबै छन् राम्रा कलाकार पनि त
प्राध्यापक कोही साहित्यकार कवि छन् सफल
छन् पाकापुस्ता युवा र बाल मिलेर झलमल
**यी सबै छन् समाजको चुरो, बाँकी पूरा गर्नु छ अपुरो ।४।**

स्वास्थ्य केन्द्र भए पनि दबाइ आउने अल्प
रोगी थला पर्नुको त छैन नि विकल्प
उस्तै उस्तै आयुर्वेद अस्पतालको गति
सबै मिलि गर्नुपर्ने स्तरोन्नति
मन्दि आयो हुलाक सेवा मोबाइलले खायो
नेट अनि इन्टरनेटको प्रविधि पो आयो
इलाका तहको छ व्यवस्था सुरक्षा निकाय
पहुँच पुग्थ्यो दरबन्दीका कर्मचारी आए
**संरक्षणमा दिनु छ गति, जे जति छन् समाजका सम्पत्ति ।५।**

पेशामा कृषि प्रमुख हो त्यस्तै व्यापारी अल्प छन्
कोही जागिरे छन् दैनिकी गर्ने त्यस्तै विकल्प छन्
अदुवा हाम्रो नगदे बाली छैन नि बजार
खाद्यान्न बाली उब्जाउनेतिर गर्नु छ सुधार
पशु र पंक्षीमा आम्दानी लिन सक्नु छ पालेर
जहाँ जे गर्दा उब्जनी हुन्छ त्यहाँ त्यै थालेर
**रोजगारी गरेर सृजना, अभावको मेटाउँ है जोखिम ।६।**

विद्युतीकरण हुँदै छ कतै जो छ त्यो अधुरो
सबैको पहुँच पुग्दैन त्यहाँ हुन्छ त्यो अपुरो
शैक्षिक संस्था मा.वि.पाँच आधारभूत, प्रा.वि. छन्
तै पनि पहुँच छैन सबैमा यो सत्यदावी छन्
**विकासको गतिको साँचो, बस्ती विकास गर्नलाई छ खाँचो ।७।**

कतिलाई छैन पिउने पानी गर्मीको याममा
चाहार्नु पर्छ खोल्सा-खोल्सी त्यो चर्को घाममा
दुर्गमको बसाइ पहुँच छैन स्वास्थ्यमा सुविधा
वित्तीय कामलाई बैङ्क नै छैन किन यो द्विविधा
यातायात जे छन् अस्थायी सबै कच्ची छन् चलेको
स्रोतको पानी बगेर जाने छ आत्मा जलेको
**यी सबै गरेर विकास, अभावको मेटाउँदै सकस ।८।**

गुफा छन् त्यस्तै कति ठाउँ हाम्रा सम्भव छ तालको
विकास गर्न खाँचो खरो ती हाम्रो मालको
अकलास्थान कालीको मान शिवका भजन
राधा र कृष्ण, राम, गणेश चल्दछ पुजन
ममिक्ष माई मन्दली झाक्री नाग र भएँर
ती बाजेबज्यै पारिङ्गे हाम्रा पुजिन्छ मिलेर
आपसी मेल सामाजिक खेल आ-आफ्नो चलन
ती चाड पर्व मानेर गर्व मनाउने सघन
**आ-आफ्नै छ थान र मान, सबैलाई गरेर सम्मान ।९।**

सोरठी घाँटु कौरा झ्याउरे चुड्का र वालन
देउसी र भैलो खेलेर होलि मनाउने चलन
त्यो मालश्री असारे गीत हरायो मागल
चिनारी हाम्रा गुट्का र कठै लहरे समाल
कुवँर योगी लाउँदै हिँड्ने त्यो फेरि रातिमा
हरायो सबै सम्झेर गाँठो पर्छ है छातीमा
**भन्ने के ले हामीलाई चिन, हराउँदै छौं हामी दिन दिन ।१०।**

निरमसी, पाँचऔंले, भुत्केश, कम्मरी
गाईखुरे, पाखनवेद, चिराइतो भरि
सौर, टिमुर, सिल्टिमुर र सुन्तला खेती
व्यवसायिक रूपले गरे हुन्छ है उन्नति
आय आर्जन गर्न सिकौं अघि अघि सर्दै
जैविक विविधताको संरक्षण गर्दै
**सिकेर सिप आफैले, नजान्नेलाई सिकाउँ है सबैले ।११।**


माछापुच्छ्रे, अन्नपूर्ण, हिमाली श्रृङ्खला
तराइको पुर मैदान प्रकृतिको कला
ती वन्यजन्तु घोरल मृग भालु र चित्तल
देखेर सुर तङ्ग्रिन्छ चोखो हुन्छ मन शित्तल
हाम्रै अघि काली नदी बग्दछिन् कलकल
र्‍यापिटङको उद्योग चल्छ पर्यटकको हुल
आध्यात्मिक थलो हाम्रो गरौं है जीर्णोद्वार
प्रकृतिले दिए जति हामीलाई उपहार
**के छैन र हामीमा हाम्रो, सुधार्नु छ अपुरो नराम्रो ।१२।**

त्रिवेणीदेखि मुक्तिनाथसम्म यातायात खुलाई
दिगो विकासको अवधारणामा यो क्षेत्र मिलाई
गण्डकी प्रदेशको केन्द्र हो हाम्रो पोखरा शहर
शिक्षा र स्वास्थ्य रोजगारी पूरा गराउने रहर
**स्वर्गै हो नेपाली भूमि, बुझ्न सके छैन नि केही कमि ।१३।**

यो गाउँपालिका क्षेत्र २०३२ सालमा पाल्पा जिल्लाबाट हालको नवलपरासीमा गाभिएको थियो बौदीकाली गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा रहेको छ । यस गाउँपालिकामा साविकका जौबारी (१-३), मिथुकरम, डेढगाउँ, रकुवा, रुचाङ र नरम, ६ ओटा गा.वि.स. समावेश गरी ६ वडा कायम गरिएको छ। त्यसैगरी ९१.८७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बुलिङटार गाउँपालिका, पश्चिममा निश्दी गा.पा. पाल्पा जिल्ला, उत्तरमा घिरीङ गा.पा. तनहुँ जिल्ला र दक्षिणमा हुप्सेकोट गाउँपालिका रहेका छन् ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रूपमा बौदीकाली गाउँपालिका रहेको छ। सामान्यत: मध्य पहाडि क्षेत्रमा रहेको यस गाउँपालिकामा मुख्य गरी कृषि, साना व्यापार, प्राकृतिक श्रोत, आन्तरिक पर्यटन तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरूमा व्यापार, व्यवसाय, नोकरी साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि बाहिरिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । गाउँपालिकामा साना लघु जलविद्युत मार्फत विद्युतीकरण भएको छ। यस गाउँपालिकाको धेरै जसो घरहरूमा सौर्य उर्जाको उपयोग भएको पाइन्छ। तथापि केही सीमान्तकृत वर्ग भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास भएको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । यस गाउँपालिकामा मुख्यतया साउने संक्रान्ती, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरीतालिका तिज, बडादशै, दिपावली (तिहार), माघे संक्रान्ती, चैते दशै लगायतका चाडपर्व मनाउने गर्दछन् ।

## २.२ भौगोलिक अवस्थिति




नक्सा नं. १: बौदीकाली गाउँपालिकाको उचाइ विवरण

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा अवस्थित यस बौदीकाली गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले मध्य पहाडी क्षेत्रमा पर्दछ । कूल क्षेत्रफल ९१.८७ वर्ग कि.मि. रहेको यस गाउँपालिका नेपालको मानचित्रमा २४°४९' देखि २७°५४ उत्तरी आक्षांससम्म र ८४°२' देखि ८४°७' पूर्वी देशान्तरसम्म फैलिएको छ भने काली नदिको तिरदेखि महाभारतको शिरसम्म उत्तरतर्फ पानी ढाल भएर ठडीएको लेक, बेसी, टाकुरा, थुम्की, खोँच, फाट, देउराली र भञ्ज्याङ मिलेर बनेको यो क्षेत्र समुद्री सतहबाट २६० मिटरदेखि १८०० मिटरसम्मको उचाइमा फैलिएको छ । बन जङ्गल, खोला, खोल्सी, घास, बुट्यानले हरीयाली यो क्षेत्रको लेकमा धेरै जसो चिसो हावा चल्छ भने बेसी, खोँच र फाटमा मौसमअनुसार जाडो र गर्मी हुन्छ ।


## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका जौवारी (१-३), मिथुकरम, डेढगाउँ, रकुवा, रुचाङ र नरम गरी ६ ओटा गा.वि.स. लाई ६ वडाहरू कायम हुने गरी बौदीकाली गाउँपालिका घोषणा गरिएको हो । यस गाउँपालिकाको हालको संरचना निम्नअनुसार रहेको छ :

तालिका नं १: गाउँपालिकाको वडा विभाजन


| समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| मिथुकरम | १-९ | १ |
| डेढगाउँ | १-९ | २ |
| रकुवा | १-९ | ३ |
| रुचाङ | १-९ | ४ |
| जौवारी | १-३ | ५ |
| नरम | १-९ | ६ |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७३*




नक्सा नं. २: गाउँपालिकाको वडा विभाजन

## २.४ भूक्षेत्र (टोपोग्राफी)




**नक्सा नं. ३:** बौदीकाली गाउँपालिकाको भिरालोपन

यस गाउँपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा ० डिग्रीदेखि ४८ डिग्रीसम्मको भिन्नता पाइन्छ। समथर भूमि भएको कारणले यस गाउँपालिकाको भिरालोपनामा खासै फरक नभएको पाइन्छ । माथिको नक्सामा गाउँपालिकाको भिरालोपना देखाइएको छ। यहाँको माटोको प्रकृतिअनुसारको भू-बनोट छ।

**"ख" वर्ग : Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिँचाइ सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर भूमि भएको गाउँपालिका हो। यहाँको ४१.६१ प्रतिशत जमिन खेतीपातीको लागि उपयोगी देखिन्छ। त्यसैगरी ४९.०९ प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने १.२५ प्रतिशत जलक्षेत्रले ०.८१ प्रतिशत बालुवा र ७.२५ प्रतिशत अन्यले ओगटेको छ। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, कोदो, मकै, मास, गहत, बोडी, भटमास, मुसुरो, अडहर, आलस, तोरी आदि हुन्। यस गाउँपालिकाको नदी किनार तथा बेशी क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ भने पाखा पखेराहरूमा चट्टान र ग्रेगर युक्त र केही स्थानहरूमा रातो माटो पाइन्छ।

## २.५ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

गाउँपालिकाको प्रमुख सम्भाव्यताको क्षेत्र भनेको कृषि हो। परम्परागत रूपमा रहेको कृषिलाई आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक हिसाबले महत्वपूर्ण योगदान दिन सक्छ। कृषिबाहेक पर्यटन व्यवसाय पनि यस गाउँपालिकाको अर्को अवसर हुन सक्ने देखिन्छ। गाउँपालिकामा ठूलो संख्यामा रहेको मगर दराई, गुरुङ्ग समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने प्रशस्त सम्भावना रहेको छ। यहाँ घरेलु तथा साना उद्योग व्यवसाय, पर्यटन, जडीबुटी उत्पादन, पशुपालनजस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी तथा फलफूल बाली, अदुवा, अम्रिसो तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छ। आधुनिक कृषि प्रविधि,

मल तथा औजारको अभाव साथै सोको अधिकतम लागत मूल्यले गर्दा कृषि उत्पादनमा वृद्धि हुन सकेको छैन। जनचेतना अभिवृद्धि, सीप, विकास तथा उत्पादनको व्यवसायिकरणको साथै आवश्यक मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वैज्ञानिक कृषि प्रणालीको अभाव, जलवायु परिवर्तन तथा वैज्ञानिक योजनाको अभावमा माटोको उर्वराशक्ति क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी जमीनको उर्वराशक्ति बढाउनु पर्ने देखिन्छ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिन्छ। जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाका क्षेत्रमा प्रसिद्ध कालीगण्डकी नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र छिमेकी नगरपालिका तथा शहरहरूमा खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

आर्थिक कृयाकलाप सुस्त गतिमा चलायमान हुनु, आर्थिक वृद्धिदर न्यून हुनु, दशक लामो आन्तरीक कलह, राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोपजस्ता कारणले देशव्यापी रूपमा बेरोजगारीको समस्या बढ्दो छ। यस्तो अवस्थाबाट बौदीकाली गाउँपालिका समेत अप्रभावित रहन सक्दैन।

सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू उपलब्ध हुन नसक्दा बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका उर्जावान युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरू श्रृजना गर्न सके गाउँपालिकाको आर्थिक विकासमा ठूलो योगदान पुग्ने देखिन्छ।

यसका अतिरिक्त बौदीकाली गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कूलो मार्फत् पानी सिँचाइ गरी व्यावसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सहज यातायात भरपुर सुविधा लिनुका साथै समग्र गाउँपालिकाको विकास र सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा कृषिमा आधारित उद्योग तथा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको संख्या वृद्धि भैरहेको सन्दर्भमा व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ गाउँपालिकाको चुनौती, अवसर र सम्भावनाहरू

बौदीकाली गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ :

**अवसर र सम्भावनाहरू :**

- ✓ नदी, वन, उर्बर कृषि भूमि, खोला, भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता,
- ✓ जल पर्यटन र नदी खोलाको सदुपयोग
- ✓ शिक्षित मानविय श्रोतमा हुँदै गएको वृद्धि,
- ✓ युवा जनसमुदायको बाहुल्यता,
- ✓ शैक्षिक केन्द्रहरूको संचालन व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास
- ✓ जडीबुटी उत्पादन तथा प्रशोधन
- ✓ वैज्ञानिक पशुपालन

**चुनौती र समस्याहरू :**

- ✓ विकास निर्माणको काममा अर्थपूर्ण जनसहभागितामा कमि
- ✓ सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव
- ✓ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु।
- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक शौचालयको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु।
- ✓ गाउँपालिका क्षेत्रभित्रका सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु।
- ✓ कृषियोग्य भूमि भएतापनि वैज्ञानिक र व्यवसायिक खेतीको विकास हुन नसक्नु।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको मानव विकासको प्रकृयामा समस्या उत्पन्न हुनु।
- ✓ योजनाबद्ध बस्ती बिकासको अभाव
- ✓ वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु
- ✓ परम्परागत कृषि प्रणाली

## २.७ गाउँपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध

गाउँपालिकाहरूको बिच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नुपर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को नगर तथा गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा विविध मानविय सेवा तथा सुविधा, रोजगार, उद्योग, व्यापारको बृहत विकास नभएकोले नवलपुर निकटवर्ती जिल्ला तनहुँ तथा कास्कीको पोखरामा र भरतपुर जाने परिपाटी रहेको छ। वर्षातको समयमा कच्ची बाटोका कारण आवागमनमा कठिनाइ हुँदा आवतजावतको कमी हुने गर्दछ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिन्छ।

## २.८ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। सिमसार क्षेत्र, तालतलैया तथा पोखरीहरूको दृष्टिकोणले समृद्ध रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा अवस्थित यस बौदीकाली गाउँपालिकामा पनि केही सिमसार क्षेत्रहरू रहेको छ।

## २.९ जलस्रोत तथा नदी नालाहरू



चित्र नं. १ : गाउँपालिकाको खोला नाला


गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा रहेका केही पोखरीहरू साथै नदी नालाहरूर सिमसारक्षेत्रहरू पर्यावरणका अभिन्न पक्षहरू हुन जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिक रूपमा सिँचाइको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै पशुहरूको अत्यधिक चरीचराउ, वातावरण असन्तुलन, भूमण्डलीय तापक्रममा वृद्धिजस्ता कारणले प्राकृतिक तालतलैयाहरू सुक्ने पुरिने क्रम जारी छ।

यस्ता प्राकृतिक पोखरीहरूको संरक्षण गरी माछा पालन गरेमा गाउँपालिकाका जनताका लागि आवश्यक माछाको आपूर्ति हुने र जलपर्यावरण संरक्षणमा योगदान पुग्ने साथै यस्ता क्षेत्रहरूलाई आकर्षणको केन्द्रको रूपमा विकसित गरी पर्यटन प्रबर्द्धन गर्न सकिन्छ। यस गाउँपालिकामा रहेका विभिन्न खोला तथा नदिहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं २: नदी तथा खोलासम्बन्धी विवरण


| वडा नं. | नदी तथा खोलाको नाम | नदिले छोएका वस्तीहरू | लम्बाई (कि.मि.) |
|---|---|---|---|
| १ | कालीगण्डकी | मचेडी, माग्लिङ्टार | करिब २ कि.मि |
| १ | निरन्दी खोला | सिमल डाडा, सोतीपोलक, चापदी, नरमछाप | करिब ६ कि.मि |
| १ | बौदी खोला | माग्लिङ्टार, मिथुकरम, देउराली, मिनाङ्कोट, भरेडाडा | करिब १२ कि.मि |
| २ | कालीगण्डकी | गुरौटार, तिरिन्दी, बैडा, तल्लो खर्सान | करिब ५ कि.मि. |
| २ | बौदीखोला | केरमटार, सेरा, कटुवा, पचासे, सेखाम, भाडगाउँ | करिब ०.५ कि.मि. |
| ३ | कालीगण्डकी | थोत्रेनी, खैरेनी, बाभ्कोबारी, गिदरीस्वारा | करिब ५ कि.मि |
| ३ | बौदी खोला | पिपलटारी, मदनस्वारा, टारी, थुम्की, बर्रे | करिब ४ कि.मि |
| ४ | बौदी खोला | तल्लो कुवाकोट, चारडाँडा, रिट्ठे, आमडाँडा, लुकरुङ, बाहुनथर, दशरथ डाँडा, आरबिन | करिब १० कि.मि |
| ४ | इल्ली खोला | माथिल्लो कुवाकोट, ब्याघान, आरबिन, मौलाथर | करिब ५ कि.मि |
| ४ | फक्सिन खोला | रिट्ठे | करिब ३ कि.मि |
| ५ | निरन्दी खोला | हर्बले, बेसारडाँडा | करिब ६ कि.मि |
| ५ | रोक्मादी खोला | अर्खलाथर, लुङ्गेलीथर, हर्बले | करिब ९ कि.मि |
| ५ | गाग्री खोला | अर्खलाथर, बेसारडाँडा, चितौरेथर, बोभ्काडी | करिब १६ कि.मि |
| ६ | बौदी खोला | मखमरङ् | करिब ३ कि.मि |
| ६ | इल्ली खोला | मखमरङ् | करिब ५ कि.मि |
| ६ | लुकुवा खोला | पोखरीछाप, लुकुवा, मगरडाँडा, बोछाप | करिब ६ कि.मि |
| ६ | घेजादी खोला | बोछाप, नगरडाँडा, पुरानो नरम | करिब १० कि.मि |
| ६ | निरन्दी खोला | नरम कोटथर, नगरडाँडा, मधुकोट | करिब ८ कि.मि. |
| ६ | चौवादी खोला | नगरडाँडा, पुरानो नरम, डडुवा, माभ्क डाँडा | करिब १० कि.मि |
| ६ | खहरे खोला | माभ्क डाँडा, लाहापे, मधुकोट, गिजनडाँडा | करिब ६ कि.मि |
| ६ | नाग खोला | नेवारबारी, लाहापे, गिजनडाँडा | करिब ३ कि.मि |
| ६ | रोकमादी खोला | मधुकोट, नेवारबारी | करिब ३ कि.मि |

*स्रोत : जिल्ला समन्वय समिति, २०७४*




**नक्सा नं. ४:** बौदीकाली गाउँपालिकामा रहेका नदि संजाल

## २.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू




नक्सा नं. ५: बौदीकाली गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरू

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलको रूपमा परिचित छ। पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो। अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिम नदीहरू, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरू हुन्। यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन्। यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गइ देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ। तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरूपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरूप अगाडि बढाउने उद्देश्य लिएको छ।

ऐतिहासिक धरोहर तथा सम्पदाको रूपमा डेढगाउँ देवीस्थान (अकलादेबी) यस क्षेत्रकै प्रसिद्ध मन्दिर हो भने बालीघाट, वाल्मीकि गुफा, जनक आश्रम, बटाङ दुर्गाभवानी, मौलाहरू आदि श्रद्धा र आस्थाका केन्द्र हुन्। जस बारेमा विस्तृत विवरण तल उल्लेख गरिएको छ।

### अकलादेवी माई:

अकलादेवी मन्दिर डेढगाउँ क्षेत्रकै शुप्रसिद्ध धार्मिक स्थल हो। स्थानीय जनश्रुतिअनुसार हाल मन्दिर रहेको स्थानमा एउटा ढुङ्गा रहने गरेको जुन स्थानीय गोठालाले हालको मन्दिर रहेको क्षेत्रबाट केही तलको चौरमा फालेर आएतापनि फेरि अर्को दिन सोही स्थानमा नै आउने गरेकोले त्यहाँ अलौकिक शक्ति रहेको यकिन गरी मन्दिरको स्थापना गरिएको भन्ने भनाइ छ। यस मन्दिरको छाना नभएको र करिब २०० वर्ष अघिको पर्खाल भने रहेको छ। मन्दिरको चारै कुना र बीचमा गरी पिपलका रुखहरू रहेका छन्। मनोकामना पुरा हुने विश्वासका साथ यस मन्दिर बाहिर बली चढाउने गरिएको छ। आश्चर्यको कुरा बलीको रगतमा झिंगाहरू नबस्ने स्थानीय बासीहरूको भनाइ छ। यस मन्दिरलाई व्यवस्थित गर्न स्थानीय भक्तजन तथा समाजसेवीहरूबाट आर्थिक सहयोग प्राप्त हुने गरेको छ। मन्दिरमा हाल २९.७ केजीको घण्टसमेत रहेको छ। यहाँ बिशेष गरी चैत्र पूर्णिमा अर्थात स्थानीय भाषामा चैते (गुजेरी) पूर्णिमाको दिन बिशेष पूजा हुने र ठूलो धार्मिक मेला लाग्ने गर्दछ। साउन महिना, औंषी र एकादशीमा यहाँ बली चढाइदैन। यस मन्दिरमा छिमेकी जिल्लाहरू कास्की, तनहुँ, स्याङजा, पाल्पा, चितवन, गुल्मी र देशका अन्य भागहरूबाट समेत भक्तजनहरू मनोकामना पुरा गर्ने हेतुले आउने गर्दछन्। मन्दिरको व्यापक प्रचार प्रसार र उचित व्यवस्थापन गर्न सके गाउँपालिकाकै धार्मिक प्रर्वद्धनमा टेवा पुग्ने देखिन्छ।



चित्र नं. २ : अकालदेवी मन्दिर, डेढगाउँ



चित्र नं. ३ : अकालादेवी गुफा, डेढगाउँ

## दुर्गा भवानी मन्दिर :

यो मन्दिर डेढगाउँ र रकुवाको सिमानामा रहेको अर्को प्रसिद्ध शक्तिपिठ हो । यस मन्दिरमा बडा दशैको फुलपातीको अवसरमा फुलपाती भित्र्याउने र महाअष्टमीमा विशेष पूजा तथा आराधना गर्ने गरिन्छ । कालरात्रीमा महाकालीको विशेष पूजा हुने गर्दछ ।

प्राकृतिक पोखरी, खोला तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहास सँगै यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरू र पोखरीहरूको निर्माण हुन गएको छ । यस गाउँपालिकामा रहेको अकलादेवी मन्दिरमा चैत्र पूर्णिमाको दिन मेला लाग्ने गर्दछ । यस गाउँपालिकामा रहेका धार्मिक स्थलहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ३:** गाउँपालिकामा रहेको धार्मिक तथा सांस्कृतिक स्थलहरूको विवरण

| | | भौतिक पूर्वाधार | | | | | |
|---|---|---|---|---|---|---|---|
| धार्मिक तथा पर्यटकीय स्थलको नाम | ठेगाना | सडकको पहुँच (पुगेको/नपुगेको) | होटल, लज, रेष्टुराँ संख्या | नजिकको बजार केन्द्रसम्मको दुरी (किमी) | स्वामित्व (निजी, पब्लिक लि., सामुदायिक) | विशेषता (धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय र अन्य) | बार्षिक पर्यटक आगमन संख्या |
| नवदुर्गा भवानी मन्दिर | वडा १ | नपुगेको | ० | ५ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| भुताहा मन्दिर | वडा १ | पुगेको | ० | २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| राधाकृष्ण मन्दिर | वडा १ | पुगेको | ० | २.५ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| बालीघाट क्षेत्र वाल्मीकि गुफा | वडा २ | पुगेको | ० | २ कि.मि | सामुदायिक | धार्मिक, साँस्कृतिक तथा पर्यटकीय | करिब ३००० जना |
| अकला देवी मन्दिर, अकला गुफा | वडा २ | पुगेको | २ | २ कि.मि | सामुदायिक | धार्मिक, साँस्कृतिक तथा पर्यटकीय | करिब ५००० जना |
| दुर्गा भवानी मन्दिर | वडा २ | पुगेको | २ | २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | करिब ५००० जना |
| थोत्रेनी अकला देवी मन्दिर | वडा ३ | पुगेको | ० | करिब ५०० मि. | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | करिब २५० |
| रिथ्याली भुईयार | वडा ४ | पुगेको | ० | करिब ३ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | करिब ६००० |
| सेतोपानी | वडा ४ | पुगेको | ० | करिब २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | करिब २०० |
| सुन्तला बगैंचा | वडा ५ | पुगेको | ० | करिब २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बज्रे थान मन्दिर | वडा ५ | पुगेको | ० | करिब २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| बराजु थान | वडा ५ | नपुगेको | ० | करिब १.५ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| देवी थान | वडा ५ | पुगेको | ० | करिब ७०० मिटर | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| मायु थान | वडा ५ | पुगेको | ० | करिब २ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| बराजु मन्दिर | वडा ६ | पुगेको | ० | करिब ६०० मिटर | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| नागदेवी मन्दिर | वडा ६ | पुगेको | ० | करिब ४०० मिटर | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| जरुवा बाराही मन्दिर | वडा ६ | पुगेको | ० | करिब ३ कि.मि | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |
| जला देवी मन्दिर | वडा ६ | पुगेको | ० | करिब २५० मिटर | सामुदायिक | धार्मिक तथा साँस्कृतिक | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## वालीघाट क्षेत्र

यस क्षेत्रमा वाल्मीकि ऋषिले तपस्या गरेकोले पवित्र तपोभूमिकोरूपमा लिइन्छ। यस स्थानमा कार्तिक महिनाको हरिबोधनी एकादशीमा ठूलो मेला लाग्दछ । भक्तजनहरूले काली गण्डकीमा स्नान गरी फूल अर्थात तोरण तार्दा पापबाट मुक्ति हुने भन्ने विश्वासका साथ यहाँ मेला भर्न आउने गर्दछन् ।

नवलपरासी जिल्लाको डेढगाउँ र तनहुँ जिल्लाको घिरिङ सुन्धाराबीच वालीघाट स्थल ऐतिहासिक धरोहरका रूपमा परिचित छ । परापूर्वकालमा वालीघाट वरिपरि नदीको किनारका गुफामा सन्त महन्त रहने गरेका पूर्वजहरूको भनाइ छ । यस घाटको दुवै दर्फ रहेका बगैंचा, चौतारा र पाटी पौवाले पनि यो क्षेत्र धार्मिक तथा पर्यटकीय महत्वको स्थानको रूपमा परिचित रहेको छ । वालीघाटमा हरिबोधनी एकादशीको दिन मेला लाग्ने र यस मेलामा तोरण तार्ने गरिन्छ। यो एक शवदाह स्थल पनि हो। यो घाटमा नदी वारपार गर्नको लागि सदियौंदेखि डुङ्गाको प्रयोग हुँदै आएको छ। शोभाखर खनालले बगैंचा लगाएको यस घाटको वरिपरि स्थानीय आमा समूहको सकृयता र जनसहयोगमा वृक्षारोपण गरी आकर्षक बनाईएको छ। धार्मिक तथा पर्यटकीय महत्व बोकेको वालीघाट क्षेत्र संरक्षण र विकास गर्नको लागि वालीघाट क्षेत्र संरक्षण समितीको गठन भएको छ। यस क्षेत्रको राम्रो संरक्षण गर्न सके वालीघाट क्षेत्र यस गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल बन्न सक्ने देखिन्छ । स्थानीय जानकार र बुद्धिजीवीहरूका अनुसार यो बालीघाट क्षेत्रको बृहद एकिकृत विकास गर्न सके बौदीकाली गाउँपालिकाका आसपासका ठूला शहरहरू नारायणगढ, पोखरा, बुटवल, पाल्पाबाट ठूलो संख्यामा पर्यटक तथा तिर्थालुहरूलाई भित्र्याउने सकिने देखिन्छ।

## २.११ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मगर, आदिबासी, पहाडी र मधेसी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै क्रिस्चियन  धर्म मान्ने मानिसहरू पनि छन् ।  ६३.८१ प्रतिशत मगर समुदाय रहेको यस गाउँपालिकामा कामी, दमाई, ब्राह्मण, क्षेत्री, नेवार, दराइ सार्की, ठकुरी, गुरङ, घर्ति, कुँवर, भाट आदिको जातिमा विविधता रहेको छ । यस विविधताको बिच यहाँको सामाजिक सहिष्णुता र सौहार्दता अक्षुण्य छ । आ-आफ्नो जाति संस्कृतिअनुसार हुने बिवाहको अतिरिक्त अन्तर जातिय विवाह पनि धेरै ठाउँमा स्वीकार्य भएको अवस्था बढ्दै गएको छ भने छुवाछुत प्रथा पनि हट्दै गएको छ । गाउँपालिकामा धेरै बोलिने भाषाहरूमा नेपाली, मगर, नेवार, दराई र गुरुङ समुदायमा मातृभाषा प्रचलनमा छ । हिन्दू धर्मको बाहुल्यता रहेको यस क्षेत्रमा मठ, मन्दिर, शिला, भूमि, वृक्ष र जलमा परमेश्वरको आराधना र पूजा हुन्छ । विगत केही वर्षयता क्रिष्चियन धर्म मनाउनेहरूको लागि पनि चर्चहरू फाटफुट रूपमा देख्न सकिन्छ । परम्परादेखि आ-आफ्ना जातीय संस्कृतिअनुसार घाटु, सोरठी, वालन, मालसोरी लोप हुदै गएको अवस्था भएपनि पन्चेबाजा, कौरा, झ्याउरे, चुड्का आदिले यस गाउँपालिकाको पहिचान र अस्तित्वको संरक्षण केही हदसम्म भैरहको छ । आधुनिक प्रविधिको प्रयोगले आफ्नो संस्कृतिलाई किनारा लगाउने क्रम यो क्षेत्रमा पनि अन्यत्र जस्तै छ । त्यसैगरी सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा साउने सक्रान्ति, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरीतालीका तिज, वडा दशै, दिपावली (तिहार), पुष पन्ध्र, माघेसक्रान्ति, चैते दशै, रामनवमी, नवबर्ष, अंसय तृतीया, मेषे सक्रान्ति, चन्डी पूर्णिमा, बुद्धजयन्ती यस क्षेत्रमा मनाइने जातीगत र सामुहिक चाडपर्व हुन ।

### क)  दशैं

बडा दशैं (विजया दशमी नवरात्री) नेपालीहरूको प्रमुख राष्ट्रिय चाड हो । बौदीकाली गाउँपालिकामा पनि दशैं प्रमुख चाडको रूपमा मनाईन्छ । किम्बदन्तीअनुसार विजयादशमीको दिन भगवतीले दानवीय शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरूप रातो टिका र जमरा लगाउने चलन छ । आश्विन महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन भगवान् रामले रावणको वध गरेको पौराणिक कथन अनुरूप विजयादशमीको दिनलाई विशेष महत्वका साथ टीका जमरा लगाई मान्यजनहरूबाट आशिर्वाद लिने परापूर्व देखिको चलन रहेको छ ।  यस दिन असत्यमाथि सत्यको विजयको भएको मानिन्छ । तसर्थ यस दिनलाई विजया दशमी भनिएको हो ।

आश्विन शुक्ल प्रतिपदा (घटस्थापना)मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येकदिन फरक देवीहरूको पूजा हुन्छ । प्रतिपदादेखि क्रमश: शैलपुत्री, ब्रह्मचारिणी, कुष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्री, महागौरी,

सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र त्रिशक्ति महा-काली, महा-लक्ष्मी र महा-सरस्वतीको विशेष पूजा आराधाना गरिन्छ। आफ्ना नाता कुटुम्ब ठूला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशिर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्नेजस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ। टाढादेखि मान्यजनबाट टीका थाप्न आउने मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले धेरैजसो स्थानहरूमा यो कार्य पूर्णिमासम्म गर्ने चलन छ ।

### ख) तिहार

बौदीकाली गाउँपालिकामा मानिने चाडहरूमध्ये तिहार पनि एक प्रमुख चाड हो। यो चाडलाई यमपञ्चक पनि भनिन्छ। धर्म संस्कार र मान्यतालाई हेर्दा सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी अन्य समयमा अत्यन्त व्यस्त हुने भएतापनि यमपञ्चकको दिन बहिनीका घरमा गई भेटघाट तथा प्रेम आदानप्रदान गरी मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दूशास्त्रमा उल्लेख गरिएको छ। यसरी रहँदा बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई “जे मन लाग्छ वर माग“ भन्दा यमुनाले “हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्तिसदा वृद्धिहोस् भनी वरदान मागिन्। यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन कालदेखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको परम्परा छ। तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई अमर राख्दछ।

यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ। पाँच दिनहरूमा क्रमशः काग तिहार, कुकुर तिहार, लक्ष्मी पुजा, गोवर्द्धन पुजा र भाईटीका पर्दछन्। यो पर्व प्रत्येक दिन विशेष तथा फरक मान्यताको साथ मनाईन्छ। देउसी-भैलो, लक्ष्मीको पूजा, सयपत्री र मखमली, बत्तीको झिलिमिली चित्राकर्षक लोभ्याउने पक्षहरू हुन्। गाउँपालिकामा हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रूपमा यस पर्वलाई धूमधामसँग मनाउँछन्।

### ग) तीज

यस गाउँपालिकामा मनाइने चाडपर्वमा तीज एक हो। यो चाड हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो। तीज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म ४ दिन मनाइन्छ। तीजमा भगवान शिवको आराधना गरी निराहार ब्रत बस्नुको साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ। नेपाली हिन्दू महिलाहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन

थालेका छन् । यो पर्व नेपाल भर मनाईन्छ । ऐतिहासिक किम्बदन्तीअनुसार आद्य शक्ति भगवान शिवकी अर्धाङ्गीनी हिमालय पुत्री पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै वाधा उत्पन्न नहोस् भनेर पहिलो व्रत राखेकी थिईन् र उक्त दिन हरितालिका तिज रहेको स्मरण र श्रद्धा स्वरूप आजसम्म हिन्दू नारीहरूले यो पर्व मनाउदै आएको जनविश्वास छ ।

### घ) होली

बौदीकाली गाउँपालिकामा मनाइने चाडमध्ये होली पनि एक हो । हिन्दू संस्कृतिमा यो पर्व प्रत्येक फाल्गुण शुक्ल पुर्णिमा अर्थात होली पुर्णिमाको दिन मनाइन्छ । यो पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ । होलीको बारेमा पौराणिक भनाइ अनुसार प्राचीन समयमा अथवा सत्य युगमा नास्तिक हिरण्यकश्यप नामक एक जना राक्षसको जन्म भएको थियो । हिरण्यकश्यपलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । हिरण्यकश्यपुका छोरा भक्त प्रह्लाद थिए । भक्त प्रह्लाद भगवान विष्णुका महान् भक्त थिए । आफ्नै छोरा प्रह्लादले भगवान विष्णुलाई भज्ने गरेको हिरण्यकश्यपलाई मन परेको थिएन । त्यसैले उसले प्रह्लादलाई मार्न धेरै योजनाहरू बनाएका थिए । एक योजनाअनुसार हिरण्यकश्यपले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलीका (जसलाई अग्निले पनि डढाउन नसक्ने वरदान प्राप्त थियो) लाई जिम्मा दिएका थिए । दाजुको आदेशानुसार होलीका प्रह्लादलाई काखमा लिएर अग्निमा बस्दा आगोले धर्मको साथ दिएकोले होलीका जलेर नष्ट भइन् तर प्रह्लादलाई केही भएन । होलीका दहनकै खुसियाली मनाउन आपसमा रङ्ग र अविर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ भने अर्को एक प्रसङ्गअनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले विषाक्त दूध खुवाउन कंशद्धारा खटाइएकी पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिनुभएकाले त्यसको शवलाई यसै दिन जलाएर आपसमा रङ्ग र अबिर छरी खुसियाली मनाएकोले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाइ रहेको छ ।

यसरी पौराणिक महत्व बोकेको होली पर्व वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रूपमा धुमधामका साथ मनाईन्छ । यो पर्वलाई पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक आपसमा मिली मित्रता गाँस्ने दिन, असत्यमाथि सत्यको विजय भएको दिनको रूपमा लिइन्छ । हाल आधुनिकताको नाममा विभिन्न विकृतिहरू भित्रिएका छन् यसलाई मध्यनजर गर्दै यस पर्वको विशेष महत्व र मौलिकतामा रहेर मनाउनु पर्ने देखिन्छ ।

## २.१२ सँस्कृति, कला, भाषा र साहित्य

बौदीकाली गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाका रूपमा रहेको छ । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् । यहाँका मगर समुदायमा प्रचलित घाँटु, सोरठी, कौरा

, मालसोरीजस्ता परम्परागत नृत्यहरू आधुनिकताको प्रभावमा लोपोन्मुख छन् । यद्यपि कौरा, झ्याउरे, चुडका, वालन तथा पञ्चेबाजा भने हालसम्म अभ्यासमै रहेका छन् । यस गाउँपालिकाको विभिन्न स्थानमा विभिन्न किसिमका मेला लाग्ने गरेको पाइन्छ । जससम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ४:** गाउँपालिकामा लाग्ने मेलासम्बन्धी विवरण

| सि.नं. | चाडपर्व/जात्रा/मेला | जात्रा/मेला मनाइने स्थान ( वडा नं. सहित) | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|
| १ | लाखे जात्रा | वडा १, डाँडाथर, वडा नं २ डेढगाउँ | भदौ | हरितालिका तिज | नेवार |
| २ | श्री पञ्चमी मेला | वडा १, सिमडाँडा लामेघाट | माघ | श्रीपञ्चमी | सबै |
| ३ | हरिबोधनी एकादशी मेला | वडा २, बालीघाट | कार्तिक | एकादशी | सबै |
| ४ | चैत्र पूर्णिमा मेला | वडा २, देवीथान | चैत्र | चैत्र शुक्लपूर्णिमा | सबै |
| ५ | सेरा प्रजातन्त्र दिवस मेला | वडा २, सेरा | फागुन | | सबै |
| ६ | शिवरात्री मेला | वडा २, बालीघाट | माघ, फागुन | महाशिवरात्री | सबै |
| ७ | दसैं पुर्णिमा मेला | वडा ३, चन्देनथर | असोज, कार्तिक | कोजाग्रत पूर्णिमा | सबै |
| ८ | शिवरात्री मेला | वडा ३, कोल्यार | माघ, फागुन | महाशिवरात्री | सबै |
| ९ | शिवरात्री मेला | वडा ४, माथिल्लो कुवाकोट | माघ, फागुन | महाशिवरात्री | सबै |
| १० | मगर एकता दिवस | वडा ४, रिङ्ठे | फागुन १५ | मगर एकता दिवस | मगर |
| ११ | चैते दशै मेला | वडा ४, ब्याघान | चैत्र | चैते दसैं | सबै |
| १२ | दसरा मेला | वडा ४, बटैचउर | जेठ, असार | दसरा | सबै |
| १३ | नयाँ साल बजार | वडा ५, चापाभञ्ज्याङ् | बैशाख | नयाँ साल | सबै |
| १४ | माघेसंक्रान्ति | वडा ५, बोफाडी | माघ | पुर्णिमा | सबै |
| १५ | मंसिर पुर्णिमा | वडा ५, चितौरेथर | मंसिर | पुर्णिमा | सबै |
| १६ | जरुवा मेला | वडा ६, खहरे खोला | माघ | श्रीपञ्चमी | सबै |
| १७ | राजारानी नांच | वडा नं २, डेढगाउँ | | | नेवार |
| १८ | घाँटु नाँच | वडा नं ६, लाहापे | वर्ष भरि | चण्डी पूर्णिमा | मगर |
| १९ | कौरा नांच | सबै वडामा | वर्ष भरि | माघे सक्रान्तिदेखि दशहरासम्म | मगर |
| २० | मारुनी नांच | वडा ४-६ | वर्ष भरि | | मगर |
| २१ | सोरठी नांच | वडा ४-६ | वर्ष भरि | | मगर |
| २२ | जनै पूर्णिमा | वडा १-३ | भदौ | पूर्णिमा | ब्राह्मण |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७४*

# खण्ड ३ : जनसाङ्ख्खिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ। हाल स्थानीय सरकार सञ्चालनमा ऐन २०७४ ले गाउँपालिकाको प्राथमिक तथ्याङ्क संकलनका लागि जनगणना गर्ने कार्य स्थानीय सरकारलाई सुम्पेको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बौदीकाली गाउँपालिकाको जनसंख्या १५,७३४ रहेको छ जसमध्ये पुरुष ४४.४३ प्रतिशत (६,९९० जना) र महिला ५५.५७ प्रतिशत (८,७४४ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७९.९४ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १७१ जना प्रतिवर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कूल जनसंख्यामध्ये ५२.५२ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३८.३४ प्रतिशत १४ वर्ष वा सोभन्दा कम उमेरका र ९.१३ प्रतिशत ६० वर्ष वा सोभन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बौदीकाली गाउँपालिकामा २,९९८ घरपरिवार रहेका छन्। यस गाउँपालिकाको कूल जनसंख्यामध्ये ३.३३ प्रतिशत (५२४ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये २७४ जना पुरुष र २५० जना महिला छन्। हाल यस गाउँपालिकामा प्रतिपरिवार औषत ५.२५ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

**तालिका नं ५:** जनसंख्याको विवरण

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १५,७३४ |
| पुरुष | ६,९९० (४४.४३%) |
| महिला | ८,७४४ (५५.५७%) |
| लैंगिक दर (१०० महिलामा पुरुषको संख्या) | ७९.९४ |
| जम्मा घरधुरी | २,९९८ |
| औषत परिवार आकार | ५.२५ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ७०.६७ |
| जनघनत्व (प्रतिवर्ग कि.मि.) | १७१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




**नक्सा नं. ६:** बौदीकाली गाउँपालिकाको जनसंख्या विवरण


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


**तालिका नं ६:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा | जम्मा क्षेत्रफल | औषत घरधुरी | जम्मा घरधुरी संख्या | पुरुष | महिला | जम्मा | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १०.४७ | ४.८५ | ५०३ | ११२१ | १३२० | २,४४१ | २३३ |
| २ | ८.८१ | ४.३८ | ७५० | १४१२ | १८७४ | ३,२८६ | ३७३ |
| ३ | १२.४५ | ४.४७ | ४८६ | ९४७ | १२२५ | २,१७२ | १७४ |
| ४ | २७.६४ | ५.६५ | ५४१ | १३९८ | १६५९ | ३,०५७ | १११ |
| ५ | ५.५९ | ७.०१ | २१६ | ६७१ | ८४४ | १,५१५ | २७१ |
| ६ | २६.९२ | ६.५० | ५०२ | १४४१ | १८२२ | ३,२६३ | १२१ |
| **जम्मा** | ९१.८८ | ५.२५ | २,९९८ | ६९९० | ८७४४ | १५७३४ | १७१ |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस बौदीकाली गाउँपालिकाका वडाहरूमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ३,२८६ (पुरुष १४१२ जना र महिला १८७४ जना) रहेको छ। यस वडाको औषत परिवार आकार ४.३८ र घरधुरी संख्या ७५० रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ५ रहेको छ जसको कूल जनसंख्या १,५१५ (पुरुष ६७१ जना र महिला ८४४ जना) रहेको छ भने घरधुरी संख्या २१६ र औषत परिवार संख्या ७.०१ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।







**नक्सा नं. ७:** बौदीकाली गाउँपालिकाको वडाअनुसार क्षेत्रफलको विवरण




**नक्सा नं. ८:** बौदीकाली गाउँपालिकाको लैङ्गिक विवरण




**नक्सा नं. ९:** बौदीकाली गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण

## ३.३ घरमूलीको लैङ्गिक विवरण


चौधौं आवधिक योजनामा उल्लेख भएअनुसार नेपालमा महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानीय सरकारको रूपमा गठित यस गाउँपालिकामा घरमूलिको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं ७: घरमूलीको लैङ्गिक विवरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ३४१ | १६२ | ५०३ |
| २ | ४७७ | २७३ | ७५० |
| ३ | २९९ | १८७ | ४८६ |
| ४ | ३९४ | १४७ | ५४१ |
| ५ | १६२ | ५४ | २१६ |
| ६ | ३५० | १५२ | ५०२ |
| जम्मा | २०२३ | ९७५ | २९९८ |
| प्रतिशत | ६७.४८ | ३२.५२ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको तथ्याङ्कअनुसार जम्मा २,९९८ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ६७.४८ प्रतिशत घरमा पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ३२.५२ प्रतिशत घरमा महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासँग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ३४.९६ प्रतिशतले अन्तर देखिन्छ । त्यसकारण घरधुरीमा लैङ्गिक प्रतिनिधित्व सन्तोषजनक रहेको देखिदैन । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



## ३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, ( एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन क्रमश: घट्दै गइरहेको पाइन्छ। यद्यपि अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई त्यसको प्रभाव र दुरूपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू छन् ।


राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार नेपालमा बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षणभन्दा घट्दो क्रममा देखिन्छ।

**तालिका नं ८:** उमेरसमूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुटि्टएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २१४७ | २३१९ | ३३४ | १७० | १३५ | १९ | १० | ५१३४ |
| महिला | २२२८ | ४०८७ | १३५ | १८५ | २८१ | १४ | ११ | ६९४१ |
| जम्मा | ४३७५ | ६४०६ | ४६९ | ३५५ | ४१६ | ३३ | २१ | १२०७५ |
| प्रतिशत | ३६.२३ | ५३.०५ | ३.८८ | २.९४ | ३.४५ | ०.२७ | ०.१७ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको जनसंख्या जम्मा १२,०७५ रहेको छ, जसमध्ये ४,३७५ ( ३६.२३ प्रतिशत) जनसंख्या विवाह नभएको देखिन्छ भने बाँकी ७,७०० जनसंख्या वैवाहिक बन्धनमा बाँधिएका छन् । यसरी विभिन्न अवस्थाको वैवाहिक बन्धनमा बाँधिएका विवाहित जनसंख्याको अध्ययन गर्दा गाउँमा सबैभन्दा धेरै एक विवाह गर्ने जनसंख्या ६,४०६ (५३.०५ प्रतिशत) रहेको छ । यसैगरी बहु विवाह गर्ने ४६९ जना (३.८८ प्रतिशत), पुन: विवाह गर्ने ३५५ जना (२.९४ प्रतिशत), विधुवा/विधुर ४१६ जना (३.४५ प्रतिशत), पारपाचुके भएका ३३ जना (०.२७ प्रतिशत) र छुट्टिएका २१ जना (०.१७ प्रतिशत) रहेका छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १७६८ (२७.६० प्रतिशत) ले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्याभन्दा १९९ (४२.४३ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




## ३.५ उमेरसमूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण


**तालिका नं ९:** उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्षसम्म मा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्षमाथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ११ | ९४ | १३२९ | ११२१ | ३१८ | ८४ | २४ | ८ | १ | २ | २,९९२ |
| महिला | ५६ | ४७० | ३०१८ | १०३० | १२६ | २५ | ६ | २ | १ | २ | ४,७३६ |
| जम्मा | ६७ | ५६४ | ४,३४७ | २,१५१ | ४४४ | १०९ | ३० | १० | २ | ४ | ७,७२८ |
| प्रतिशत | ०.८७ | ७.३० | ५६.२५ | २७.८३ | ५.७५ | १.४१ | ०.३९ | ०.१३ | ०.०३ | ०.०५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। बौदीकाली गाउँपालिकामा सबैभन्दा बढी १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ४,३४७ (५६.२५ प्रतिशत) देखिन्छ भने दोस्रोमा २० वर्षदेखि २४ वर्षसम्मका उमेर समूहमा विवाह गर्नेको संख्या २,१५१ (२७.८३ प्रतिशत) रहेको छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहमा विवाह गर्नेको संख्या ५६४ (७.३० प्रतिशत) रहेको छ भने १० वर्षसम्मका उमेरसमूहका बालबालिकामा पनि पहिलो विवाह गर्दाको जनसंख्या ६७ (०.८७ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

यस गाँउपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम हुँदै गएको पाइन्छ। १० वर्षको उमेरमा विवाह गर्ने प्रवृत्ति अहिले क्रमश न्यून हुँदै गएको देखिन्छ यद्यपि पहिले विवाह गरेका केही व्यक्तिहरू (प्राय: बृद्धबृद्धा)को तथ्याङ्क यहाँ पनि समेटिएकोले बढी देखिएको छ। यसलाई पूर्ण रूपमा नियन्त्रण गर्नको लागि उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ।




## ३.६ उमेर समूहअनुसार जनसंख्याको विवरण


**तालिका नं १०: उमेर समूहअनुसार जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | ७९३ | ७९५ | १५८८ | १०.०९ | १.०० |
| ५-९ | १०६३ | १००८ | २०७१ | १३.१६ | १.०५ |
| १०-१४ | ११७४ | १२०० | २३७४ | १५.०९ | ०.९८ |
| १५-१९ | ८११ | १०७५ | १८८६ | ११.९९ | ०.७५ |
| २०-२४ | ३३७ | ७९८ | ११३५ | ७.२१ | ०.४२ |
| २५-२९ | २८९ | ६८१ | ९७० | ६.१६ | ०.४२ |
| ३०-३४ | २८३ | ५५० | ८३३ | ५.२९ | ०.५१ |
| ३५-३९ | २५९ | ४६८ | ७२७ | ४.६२ | ०.५५ |
| ४०-४४ | ३०९ | ४१४ | ७२३ | ४.६० | ०.७५ |
| ४५-४९ | ३२४ | ४०८ | ७३२ | ४.६५ | ०.७९ |
| ५०-५४ | ३२५ | ३४९ | ६७४ | ४.२८ | ०.९३ |
| ५५-५९ | २७९ | ३०५ | ५८४ | ३.७१ | ०.९१ |
| ६०-६४ | २५४ | २५३ | ५०७ | ३.२२ | १.०० |
| ६५-६९ | १८१ | १८४ | ३६५ | २.३२ | ०.९८ |
| ७०-७४ | १४० | १०९ | २४९ | १.५८ | १.२८ |
| ७५-७९ | ९३ | ८० | १७३ | १.१० | १.१६ |
| ८०-८४ | ४३ | ४२ | ८५ | ०.५४ | १.०२ |
| ८५-८९ | २५ | १८ | ४३ | ०.२७ | १.३९ |
| ९०-९४ | ५ | ७ | १२ | ०.०८ | ०.७१ |
| ९५+ | ३ | ० | ३ | ०.०२ | ०.०० |
| **जम्मा** | ६९९० | ८७४४ | १५७३४ | १०० | ०.८० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकामा ०-१४ वर्ष उमेर समूहको संख्या ६,०३३ (३८.३४ प्रतिशत) रहेको छ। यसैगरी १५-४५ वर्ष उमेर समूहको जनसंख्या ६,२७४ (३९.८८ प्रतिशत) त्यसैगरी १५ देखि

५९ वर्षसम्मको जनसंख्या ८,२६४ (५२.५२ प्रतिशत) रहेको देखिन्छ । ६० वर्षभन्दा माथि उमेर समूहको संख्या १,४३७ (९.१३ प्रतिशत) रहेको देखिन्छ। तथ्याङ्कले गाउँपालिकामा आर्थिक रूपमा सक्रिय जनसंख्या अधिक रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा तथा तलको पिरामीडमा देखाइएको छ।





## ३.७ जातजाति समूहअनुसार जनसंख्याको विवरण

तालिका नं ११: बौदीकाली गाउँपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | संख्या | प्रतिशत | | क्र.सं. | जातजाति | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मगर | १००४० | ६३.८१ | | ८ | दराई | ३०६ | १.९४ |
| २ | कामी | १२१६ | ७.७३ | | ९ | ठकुरी | १८३ | १.१६ |
| ३ | क्षेत्री | ९५० | ६.०४ | | १० | घर्ती/भुजेल | १६२ | १.०३ |
| ४ | ब्राम्हण (पहाडी) | ९२८ | ५.९० | | ११ | आदिवासी/जनजाती अन्य | १४३ | ०.९१ |
| ५ | दमाई/ढोली | ६६७ | ४.२४ | | १२ | दलित अन्य | ९ | ०.०६ |
| ६ | नेवार | ५६३ | ३.५८ | | १३ | अन्य | ४३ | ०.२७ |
| ७ | सार्की | ५२४ | ३.३३ | | जम्मा | | १५७३४ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा २५ भन्दा बढी जातजातिको बसोबास रहेको छ । यसरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा अवस्थित बौदीकाली गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाति १०,०४० जना (६३.८१ प्रतिशत) रहेका छन् । दोस्रोमा कामी १,२१६ जना (७.७३ प्रतिशत) र तेस्रोमा क्षेत्री ९५० जना (६.०४ प्रतिशत) देखिन्छन् । त्यसैगरी विभिन्न जातजातिको  विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।





## ३.८ मातृभाषाअनुसार जनसंख्याको विवरण

**तालिका नं १२:** मातृभाषाअनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ९७३१ | ६१.८५ |
| २ | नेपाली | ५०७९ | ३२.२८ |
| ३ | नेवार | ४१७ | २.६५ |
| ४ | दराई | २५८ | १.६४ |
| ५ | अन्य | २२३ | १.४१७ |
| ६ | उल्लेख नगरिएको | २६ | ०.१६५ |
| जम्मा | | १५७३४ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी मगर जातिको बसोबास रहेको हुँदा मगर भाषा नै बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात ९,७३१ (६१.८५ प्रतिशत) रहेको छ। दोस्रोमा नेपाली भाषा बोल्नेको संख्या ५,०७९ (३२.२८ प्रतिशत), तेस्रोमा नेवार भाषा बोल्नेको संख्या ४१७ (२.६५ प्रतिशत) रहेका छन्। त्यस्तै दराई लगायतका अन्य भाषाहरू बोल्नेको संख्या पनि केही रहेको छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रूपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## आदिवासी/जनजाती

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ।

यस गाउँपालिकाको कूल जनसंख्या १५,७३४ मध्ये ७१.२७ प्रतिशत (११,२१४ जना) जनसंख्या आदिवासी तथा जनजाती (मगर, नेवार, दराई, घर्ती आदि) रहेका छन्। जसमा सबैभन्दा बढी मगर जाति १०,०४० (६३.८१ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाँक्री) प्रथाजस्ता सामाजिक कुप्रथाहरू आंशिक रूपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरूले आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बौदीकाली गाउँपालिकाको मौलिक संस्कृतिलाई जीवनत राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल राष्ट्रको निर्णायक तहहरूमा केही सहभागिता देखिएको छ। आदिवासी समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रूपमा केही पछाडि परेको देखिन्छ। बौदीकाली गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

### सीमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सीमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानूनबमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जातजातिको हिसाबले बौदीकाली गाउँपालिकामा दोस्रो ठूलो समुदायको रूपमा रहेको उत्पीडितहरूले १५.३६ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रूपमा छुवाछुतजस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत तथा माध्यामिक तहमा अध्ययनरत छात्रछात्राहरूको संख्या तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रूपमा परिभाषित गरिएको ५ दशकभन्दा बढी भएपनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि संघर्ष गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा  ऐन २०४९ ले सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ।  निजामती सेवा ऐन २०४९, शिक्षक सेवा ऐन, -प्रहरी ऐन, सार्वजनिक संस्थानसम्म यी ऐनहरू तथा अन्य क्षेत्रगत ऐनहरूले तोकिएका जनजाति र क्षेत्रका समुहलाई प्रदान गरेको सकरात्मक विभेदको नीति अनुरूप सरकारी र गैरसरकारी क्षेत्रमा प्रतिनिधित्व बढ्ने क्रममा छ। यद्यपि gross root तहका double advantaged समुहको विकास जननिर्वाचित सरकारको दायित्व भएको छ । सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ ।

त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल पछि यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूले मात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। बौदीकाली गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हक र  (१) राष्ट्रिय दलित आयोग (२) राष्ट्रिय समावेशी आयोग (३) आदिवासी जनजाति आयोगलाई संवैधानिक निकायको रूपमा स्थापना गरिसकेको भएतापनि आदिवासी, जनजाति, दलित, उपेक्षित, अत्पीडित र अल्पसंख्यक जनसंख्याको अपेक्षाकृत विकास गर्न राज्य निर्देशित ठोस् कदमहरूको आवश्यकता यद्यपि छ ।


## ३.९ धर्मअनुसार जनसंख्याको विवरण

तालिका नं १३: धर्मअनुसार जनसंख्याको विवरण

| क्र.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | १२२९८ | ७८.१६ |
| २ | बौद्ध | २८५२ | १८.१३ |
| ३ | क्रिश्चियन | ५५१ | ३.५० |
| ४ | अन्य | ३३ | ०.२१ |
| जम्मा | | १५,७३४ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दू धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणनाअनुसार यहाँको कूल जनसंख्या १५,७३४ जनाको लगभग ७८.१६ प्रतिशत (१२,२९८ जना) हिन्दू, १८.१३ प्रतिशत (२८५२ जना) बौद्ध धर्मावलम्बीहरू, ३.५० प्रतिशत (५५१ जना) क्रिश्चियन रहेको पाईन्छ भने ३३ (०.२१ प्रतिशत) जनाको अन्य धर्मावलम्बीहरू रहेको पाइन्छ । यी विविध तथ्यबाट गाउँपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट सनातन हिन्दू धर्मको नै अवलम्बन गरेको पाईन्छ ।




यस गाउँपालिकामा छिमेकी जिल्लाहरूबाट बसाइसराई गरी आएका वैदिक आर्यहरू र यहाँका आदिवासी/जनजाति मगर समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस गाउँपालिकाका प्रायजसो समुदायका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दू धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। त्यसैगरी यहाँ रहेको दराई समुदायको पनि छुट्टै पहिचान छ । यि समुदाय थारु समुदायसँग मिल्दोजुल्दो देखिन्छ र यो समुदायको आगमन चितवनबाट भएको हो भन्ने गरेको पाइन्छ । दराई जातिको पहिरन अन्यको भन्दा भिन्न भोटो, कछाड, चोली र धोती हो जुन अहिले केही बूढापाकाले मात्रै पहिरेको पाइन्छ यद्यपि जातिय संस्कार र उत्सवहरूमा युवा युवतीले पनि परम्परालाई अंगाल्ने पहिरन बढ्दै छ । पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। मगर समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो।

गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन् । जस्तै हिन्दूधर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण

जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध ग्रामथान पूजा आदि चाडपर्वहरू मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसारहरू, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरूले ईद, वकरईद, इदुलफितर आदि र क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यस गाउँपालिकामा बसोबास गर्ने पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मुलकाले कमेज, धोती आदि लगाउँछन् । तर क्रमिक रूपमा आधुनिकताको प्रभाव सँगै विभिन्न जातजातिका युवा, युवतीहरू क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । मतवाली समुदायका मानिसहरूले चाडपर्वमा माछा, मासुसँग जाँड, रक्सी पिउने र विभिन्न प्रकारका नाचगान गर्ने गर्दछन् ।

## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


तालिका नं १४: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४९६ | ४ | १ | २ | ५०३ |
| २ | ७०७ | २५ | ० | १८ | ७५० |
| ३ | ४७४ | ९ | ० | ३ | ४८६ |
| ४ | ५३२ | ७ | १ | १ | ५४१ |
| ५ | २१५ | १ | ० | ० | २१६ |
| ६ | ४७९ | ७ | ५ | ११ | ५०२ |
| जम्मा | २,९०३ | ५३ | ७ | ३५ | २,९९८ |
| प्रतिशत | ९६.८३ | १.७७ | ०.२३ | १.१७ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा बौदीकाली गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा २,९९८ घरधुरीहरूमध्ये सबैभन्दा धेरै आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या २,९०३ (९६.८३ प्रतिशत) रहेको छ । गाउँमा भाडामा बस्ने घरधुरी संख्या ५३ (१.७७ प्रतिशत) रहेको देखिन्छ भने संस्थागत घरधुरी संख्या ७ (०.२३ प्रतिशत) र अन्य घरधुरीको संख्या ३५ (१.१७ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रूपमा तुलना गर्दा समग्र सबै वडाहरूमा निजी

स्वामित्व भएको घरधुरी संख्या नै बढी रहेको पाईन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण


तालिका नं १५: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ३२ | ४६९ | २ | ५०३ |
| २ | ६६ | ६८४ | ० | ७५० |
| ३ | ३१ | ४५५ | ० | ४८६ |
| ४ | २५ | ५१६ | ० | ५४१ |
| ५ | ५ | २०८ | ३ | २१६ |
| ६ | ३७ | ४६४ | १ | ५०२ |
| जम्मा | १९६ | २,७९६ | ६ | २,९९८ |
| प्रतिशत | ६.५४ | ९३.२६ | ०.२० | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा बौदीकाली गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा कूल जनसंख्या १५७३४ को ५५.५७ प्रतिशत (८७४४) हिस्सा महिलाले ओगटेको भएतापनि महिलाको नाममा भएको घरको स्वामित्व उत्साहजनक देखिदैन । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या १९६ (६.५४ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या २,७९६ ( ९३.२६ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ६ (०.२० प्रतिशत) रहेको देखिन्छ। तथ्यांकअनुसार यस गाउँपालिकामा अझै पनि महिलाको सामाजिक तथा आर्थिक सवलिकरण विकास गर्न विभिन्न जनचेतनामुलक

कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ । महिलाको नाममा भएको स्वामित्वको विवरणलाई तलको स्तम्भ चित्रबाट प्रष्ट्याइएको छ ।





## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं १६: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ७८ | ४२३ | २ | ५०३ |
| २ | १६२ | ५८८ | ० | ७५० |
| ३ | ७१ | ४१५ | ० | ४८६ |
| ४ | ४६ | ४९५ | ० | ५४१ |
| ५ | १३ | २०० | ३ | २१६ |
| ६ | ४८ | ४५३ | १ | ५०२ |
| जम्मा | ४१८ | २,५७४ | ६ | २,९९८ |
| प्रतिशत | १३.९४ | ८५.८६ | ०.२० | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

तालिका नं. १५ मा उल्लेख गरिएको महिलाका नाममा भएको घरको स्वामित्वको विवरण जस्तै यस बौदीकाली गाउँपालिकामा जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ४१८ (१३.९४ प्रतिशत) र स्वामित्व नभएको महिलाको घरधुरी संख्या २,५७४ (८५.८६ प्रतिशत) रहेको छ । त्यसैगरी ६ (०.२० प्रतिशत) घरधुरी संख्याको उल्लेख गरिएको छैन जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छैन । उल्लेखित तथ्याङ्कले सम्पत्तिमा विद्यमान लैङ्गिक विभेदलाई दर्शाउँछ ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

**तालिका नं १७:** अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
|---|---|---|---|---|
| २०६८ | २९९८ | १३८३ | १६१४ | १ |
| प्रतिशत | १००.०० | ४६.१३ | ५३.८४ | ०.०३ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा जम्मा २,९९८ घरधुरीमध्ये ५३.८४ प्रतिशत अर्थात १,६१४ घरधुरी उपस्थित रहेको देखिन्छ भने अनुपस्थित घरधुरी संख्या ४६.१३ प्रतिशत अर्थात १,३८३ घरधुरी रहेको देखिन्छ। त्यसैगरी ०.०३ प्रतिशत अर्थात १ घरधुरी थाहा नभएको देखिन्छ । तथ्याङ्कअनुसार यस गाउँपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा वैदेशिक रोजगारको सिलसिलामा ठूलो जनसंख्या अनुपस्थित रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

**तालिका नं १८:** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँट्टा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँट्टा/ढुङ्गा | काठ/फल्याक | बाँसजन्य सामग्री | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४७१ | ५ | ११ | १४ | ० | २ | ५०३ |
| २ | ६५८ | ७९ | ५ | ५ | १ | २ | ७५० |
| ३ | ४६२ | २१ | ० | ३ | ० | ० | ४८६ |
| ४ | ५३८ | १ | ० | २ | ० | ० | ५४१ |
| ५ | २१५ | ० | ० | ० | ० | १ | २१६ |
| ६ | ४८९ | १२ | ० | १ | ० | ० | ५०२ |
| जम्मा | २,८३३ | ११८ | १६ | २५ | १ | ५ | २,९९८ |
| प्रतिशत | ९४.५० | ३.९४ | ०.५३ | ०.८३ | ०.०३ | ०.१७ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस बौदीकाली गाउँपालिकामा सबैभन्दा बढी माटोको जोडाइ भएको इँट्टा तथा ढुङ्गाबाट बाहिरी गारो भएको घरधुरी संख्या २,८३३ (९४.५० प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा कम काठ/फल्याकबाट बाहिरी गारो बनेको घरधुरी संख्या १६ (०.५३ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बाहिरी गारो बनेको घरधुरी संख्या ११८ (३.९४ प्रतिशत), बाँस जन्य सामाग्रीबाट बाहिरी गारो बनेको घरधुरी संख्या २५ (०.८३ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै वडागत रूपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने समग्र सबै वडाहरूमा बाँसजन्य सामग्रीको प्रयोग नै बढी गरिएको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं १९:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २४४ | २४७ | ८ | १ | ३ | ५०३ |
| २ | २९४ | ४०१ | ४० | १३ | २ | ७५० |
| ३ | १९८ | २४० | ४७ | १ | ० | ४८६ |
| ४ | ३०२ | २३५ | ४ | ० | ० | ५४१ |
| ५ | ७८ | १२६ | ११ | ० | १ | २१६ |
| ६ | ११७ | ३७९ | ४ | ० | २ | ५०२ |
| जम्मा | १,२३३ | १,६२८ | ११४ | १५ | ८ | २,९९८ |
| प्रतिशत | ४१.१३ | ५४.३० | ३.८० | ०.५० | ०.२७ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस बौदीकाली गाउँपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा जस्ता, टिन तथा च्यादरको छानो भएको घरको संख्या सबैभन्दा धेरै १,६२८ (५४.३० प्रतिशत) रहेको छ भने सबैभन्दा कम सिमेन्टको ढलान भएको छानो रहेको घरधुरी संख्या १५ (०.५० प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा खर/पराल/छ्वालीको छानो रहेको घरधुरी १,२३३ (४१.१३ प्रतिशत) र टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छाना रहेका घरधुरी ११४ (३.८० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।





## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं २०: जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४७४ | २ | ० | २५ | ० | २ | ५०३ |
| २ | ६८७ | ३२ | २ | २७ | ० | २ | ७५० |
| ३ | ३२१ | ० | ३ | १६२ | ० | ० | ४८६ |
| ४ | ५३९ | ० | ० | २ | ० | ० | ५४१ |
| ५ | २१५ | ० | ० | ० | ० | १ | २१६ |
| ६ | ४९२ | ९ | ० | १ | ० | ० | ५०२ |
| जम्मा | २,७२८ | ४३ | ५ | २१७ | ० | ५ | २,९९८ |
| प्रतिशत | ९०.९९ | १.४३ | ०.१७ | ७.२४ | ०.०० | ०.१७ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

बौदीकाली गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको इँटा तथा ढुंगाका जग भएको घरधुरी संख्या सबैभन्दा बढी अर्थात् २,७२८ (९०.९९ प्रतिशत) छन् भने काठको खम्बा गाडेर बनेको घरधुरी संख्या २१७ (७.२४ प्रतिशत), सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएका घरधुरी ४३ (१.४३ प्रतिशत) र ढलान पिल्लरसहितको जग भएको घरको संख्या सबैभन्दा कम ५ (०.१७ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




### घर निर्माणका किसिमहरू

बौदीकाली गाउँपालिका भित्र रहेका घरहरूको स्वरूपलाई हेर्दा सबैभन्दा बढी माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाको जग भएको घरधुरी ९०.९९ प्रतिशत, माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाको बाहिरी गारो भएको घरधुरी ९४.५० प्रतिशत र जस्ता, टिन तथा च्यादरको छानो भएको घरधुरी संख्या ५४.३० प्रतिशत भएको देखिन्छ। गाउँपालिकामा भूकम्पीय जोखिमरहित घर कम मात्र रहेकोले भूकम्पीय क्षती बढी हुनसक्ने अवस्था रहेको छ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाईसराई एक प्रमुख कारक मानिन्छ। यस बौदीकाली गाउँपालिकामा छिमेकी गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम रहेको देखिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रूपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सराइका विभिन्न कारणहरू छन्। तिमध्ये पाँच मुख्य कारणहरू हुन्:

१. रोजगारीको अवसर
२. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको उपलब्धता

३. शान्ती सुरक्षाको अवस्था

४. आर्थिक, सामाजिक, प्रशासनिक, सुगमता (विकासको अवस्था)

५. प्राकृतिक र मानव सृजीत प्रकोप

यस गाउँपालिकाको बसाई सराईठको अवस्था हेर्दा आएको जनसंख्याभन्दा विभिन्न अवसर र सेवा सुविधाको कमीले बसाई सरी जानेको संख्या तुलनात्मक रूपमा बढी देखिन्छ। बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रूपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेशिने क्रमसमेत गाउँपालिकामा बढ्न थालेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालीन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

तालिका नं २१: व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाई-सराई दर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | | | दर्ता संख्या | आएको सदस्य | गएको सदस्य |
| १ | ७६ | ३६ | ४० | १० | ६ | ४ | २६ | ० | १ | १ | ० |
| २ | ९१ | ४८ | ४३ | २९ | १५ | १५ | ३७ | ० | ५० | १४ | ३६ |
| ३ | २९ | १४ | १५ | ५ | २ | ३ | ६ | ० | ५ | ० | ५ |
| ४ | ६३ | २५ | ३८ | २१ | ८ | १३ | ३४ | ० | ६२ | २७ | ३५ |
| ५ | ४१ | २२ | १९ | ९ | ५ | ४ | १७ | ० | ५ | ० | ५ |
| ६ | १०६ | ४६ | ६० | १८ | ११ | ७ | ५२ | ० | १३ | ० | १३ |
| जम्मा | ४०६ | १९१ | २१५ | ९२ | ४७ | ४६ | १७२ | ० | १३६ | ४२ | ९४ |

*श्रोत : बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानुनी प्रकृयाहरू पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रावधान रहेका हुन्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेदजस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ जसको कानूनी प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। यसबाट राष्ट्रिय तथ्याङ्क निर्माण गर्ने विश्वव्यापी मान्यता रहेको हुन्छ। कहाँ कति जन्मे, कतिको मृत्यु भयो, कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले विकास नीति बनाउने हुनाले जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

तालिकामा गाउँपालिकाको आ.व.२०७४/७५ को माघ महिनासम्मको व्यक्तिगत घटना दर्ता उल्लेख गरिएको छ । जस अन्तर्गत माघ महिनासम्म ४०६ जनाले जन्मदर्ता गरेको देखिन्छ जसमा पुरुष २१५ जना र महिला १९१ जना रहेको छ भने करिब ९२ जनाको मृत्यु दर्ता भएको देखिन्छ जसमा पुरुषको संख्या ४६ जना रहेको छ भने महिलाको संख्या ४७ जना रहेको छ । विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा १७२ जनाको विवाह दर्ता भएको देखिन्छ। सो अवधीमा गाउँपालिकामा कुनै पनि सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिदैन। यस अवधिमा जम्मा १३६ जनाको बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

## ३.१९ मतदाता नामावली


तलको तालिकामा बौदीकाली गाउँपालिकाको मतदाता संख्या उल्लेख गरिएको छ। २०७४ भाद्र ५ गतेसम्म १८ वर्ष पूरा भएका मतदाता नामावली संख्या ९,६४६ रहेको देखिन्छ जसमध्ये पुरुष ४,८१४ (४९.९१ प्रतिशत) र महिला ४,८३२ (५०.०९ प्रतिशत) जना छन् ।

तालिका नं २२: गाउँपालिकाको मतदाता संख्या

| सि.नं. | मतदान केन्द्र, ठेगाना | वडा नं | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | गा.वि.स. भवन, डाँडाथर | १ | ७०६ | ७१८ | १४२४ |
| २ | डेढगाउँ मा.वि., खहरेटोल | २ | ११५९ | १३१७ | २४७६ |
| ३ | बेलभञ्ज्याङ मा.वि., बेलभञ्ज्याङ | ३ | ७३९ | ७७५ | १५१४ |
| ४ | सर्वप्रिय आधारभूत विद्यालय, मौलाथर | ४ | ९४२ | ७१५ | १६५७ |
| ५ | उदय आधारभूत विद्यालय, जौबारी | ५ | ३९३ | ४०८ | ८०१ |
| ६ | नगरडाँडा आधारभूत विद्यालय, नरडाँडा | ६ | ८७५ | ८९९ | १७७४ |
| जम्मा | | | ४८१४ | ४८३२ | ९६४६ |
| प्रतिशत | | | ४९.९१ | ५०.०९ | १००.०० |

*श्रोत: निर्वाचन आयोग, नेपाल, २०७४*

# खण्ड ४ : भू-उपयोग




नक्सा नं. १०: बौदीकाली गाउँपालिकाको भू-उपयोग विवरण


## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण


तालिका नं २३: भू-उपयोग विश्लेषण २०७३

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| **खेती योग्य जमिन** | ३८.२३ | ४१.६१ |
| **वनजंगल तथा बुट्यान** | ४५.०९ | ४९.०९ |
| **जलस्रोत** | १.१५ | १.२५ |
| **बालुवा** | ०.७४ | ०.८१ |
| **अन्य** | ६.६६ | ७.२५ |
| **कूल क्षेत्रफल** | ९१.८८ | १००.०० |

*स्रोत : नापी विभाग, २०७४*

बौदीकाली गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको ४९.०९ प्रतिशत (४५.०९ वर्ग कि.मि.) वनले ओगटेको छ भने ४१.६१ प्रतिशत (३८.२३ वर्ग कि.मि.) खेतियोग्य जमिनको रूपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। गाउँपालिकामा जलस्रोत क्षेत्रले १.२५ प्रतिशत (१.१५ वर्ग कि.मि.) जमिन ओगटेको छ भने बालुवाले ०.८१ प्रतिशत (०.७४ वर्ग कि.मि.) जमिन ओगटेको देखिन्छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरूको आर्थिक स्तरोन्नति गर्न र वातावरणमा अनुकूल उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ भने वृतचित्रमा समेत देखाइएको छ।






नक्सा नं. ११: बौदीकाली गाउँपालिकामा रहेको बस्तीको विवरण

## ४.२ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरूप

बौदीकाली गाउँपालिका भू-बनोट र जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जालसमेत विकास भइसकेको, शिक्षा, स्वास्थ्यजस्ता सुविधाहरू समेत क्रमश: विकास भैरहेको सन्दर्भमा गाउँपालिकाको ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररूपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्य चौकी र विद्यालयको पहुँचका साथसाथै गाउँपालिकाबाट बाहिर जाने यातायात सेवाको सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ।

नेपालको संविधानको २०७२ को अनुसूची - ८ स्थानीय तहको अधिकारको सूची अन्तर्गत स्थानीय बजार व्यवस्थापनमा, कृषि उतपदनमा व्यवस्थापनजस्ता कार्यहरू स्थानीय तहको अधिकार सूचिका रहेको पाउँदा आवश्यक कृषि पूर्वाधारको रूपमा व्यवस्थापन निर्माण मार्फत ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न कार्य गर्नुपर्ने देखिन्छ ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रको प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधाजस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ । यस गाउँपालिका परम्परागत हिसाबले जग्गा जमिनको उपलब्धता र सहजता हेरेर संगठित र एकिकृत नभइ छरिएर बस्तीको विकास भैरहेको छ । यस्ता बस्तीहरूमा स्थानीय सरकारका सेवा सुविधाहरू पुऱ्याउन कठिन हुनुका साथै वृहत लगानीको आवश्यकता पर्दछ तसर्थ दीर्घकालीन एकिकृत बस्ती विकासको योजना अनुरूप अगाडि बढी बस्ती विकास गर्न आवश्यक देखिन्छ ।

## ४.३ मुख्य बस्तिसम्बन्धी विवरण

तालिका नं २४: मुख्य बस्तिसम्बन्धी विवरण

| वडा नं. | मुख्य वस्ति/गाउँ/टोलको नाम |
|---|---|
| १ | मचेडी, भण्डारिथर, सोभ्रुटोल, मिथुकरम, देउराली भञ्ज्याङ्, सिमलडाडा, सोतीपलक, नरमछाप, झरेडाडा, चारघरे, जौशीथर, माक्लिङ्टार, चापादी, हटिया |
| २ | कोटथर, भाडगाउँ, केरमटार, खहरे, सिंहटारी, पश्चिमथर, तिरिन्दी, पूर्वथर, अम्रानथर, बैडा, खर्सान, गुरौटार, भुलाड, तलाड, सुन्दरडाँडा, मुखियाटार, अर्चले, गलझौडी, देवीथान हटिया, जैसीथर, चनौटे, गैइँया |
| ३ | बाझ्रोबारी, बाहुनटोल, अल्टार, भैँटार, चन्टार, नयाँछाप, कार्कीबारी, थोत्रेनी, खैरेनी, ओकेटोल, पिपलटारी, ओटाङ्, बऱ्रे, मदनस्वारा, माथिल्लोथर, तल्लोथर, चन्देनथर, स्वारा, ठाडाथर, फालथर, बेलभञ्ज्याङ्, टारी, बगैंचा, थुम्की, बोझादी, डडहरा, जौबारी, पोखराबारी, सिमलस्वारा, कराङस्वारा, बेलडाडा, डाडाबारी |
| ४ | ब्याघान, आरबिन, दशाडाँडा, मौलाथर, आमडाँडा, तल्लो कुवाकोट, माथिल्लो कुवाकोट, थापाथर, कानुङथर, फालथर, सोतीथर, डाँडाथर, मिधुनथर, करलुङ, बतासे, रिट्ठे, लुकुङ |
| ५ | अर्खला, चितौरेथर, लुङ्गेलीथर, बोझाडी, बेसारडाँडा, हर्बले |
| ६ | नगरडाँडा, नरम कोरथर, लुकुवा, पोखरीछाप, मखमरङ्, बोछाप, पुरानो नरम, डडुवा, माझडाँडा, लाहापे, बस्यानी, नेवारबारी, मलारवन, मधुकोट, गिजन डाँडा |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ४.४ बस्ति विकासमा देखिएका चुनौतीहरू

क्रमश विकास भैरहेको ग्रामीण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी बजार क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदानजस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा वृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तिहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तिहरूको वातावरणलाई प्रतिकूल बनाउने कार्य रोक्नु पर्ने तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पूर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भू-क्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित नदीजन्य सामाग्रीको उत्खननजस्ता कार्यले सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भू-क्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। त्यस्तै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रूपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रूपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रूपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं २५: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागू नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी कटान गरी क्षति पुऱ्याईरहेको छ। | जेष्ठ–असोज |
| ३ | आगलागि | अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटरजस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागिका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा सिँचाइ नपुगेका भागहरू | असार–भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*श्रोत: जिल्ला समन्वय समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, साना व्यापार व्यवसाय तथा उद्योग, थोक, खुद्रा बजार, होटल, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिको लागि उपयुक्त उर्वर माटो भएको मध्यपहाडी क्षेत्र तथा सानो उपत्यका भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडाहरूमा पहुँच सहज बनाएको छ। यद्यपि भर्खर निर्माण भैरहेको सडकहरू कच्ची र कम गुणस्तरका छन्। त्यसैगरी गाउँपालिकामा रहेका नदि तथा पोखरीहरू सहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेका छन्। कृषि मील, फर्निचर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस गाउँपालिकाका मानिसहरू क्रमश साना उद्योगहरूको विकासतर्फ लागिरहेका छन्। यस गाउँपालिकाका मुख्य आर्थिक आधारहरू व्यापार, नोकरी र वैदेशिक रोजगारसमेत रहेको देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं २६: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कूल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्या | | | | आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पूरुष | प्रतिशत | महिला | प्रतिशत | **जम्मा** | **प्रतिशत** |
| १५,७३४ | ३२१६ | ३८.९२ | ५०४८ | ६१.०८ | ८२६४ | ५२.५२ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ३,२१६ (३८.९२ प्रतिशत) र महिलाको संख्या ५,०४८ (६१.०८ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता २२.१७ रहेको छ भने गाउँपालिकाको कूल जनसंख्याको ८,२६४ अर्थात् ५२.५२ प्रतिशत जनसंख्या आर्थिकरूपले सक्रिय छन्। आर्थिक रूपमा आश्रित जनसंख्या ४७.४८ प्रतिशत छन्। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं २७: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित बृद्धबृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ६,०३३ | ८०.७६ | १,४३७ | १९.२४ | ७,४७० | ४७.४८ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा यस गाउँपालिकाको आश्रित जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । जसअनुसार गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ६,०३३ (८०.७६ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको संख्या १,४३७ (१९.२४ प्रतिशत) देखिन्छ । कूल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ७,४७० (४७.४८ प्रतिशत) देखिन्छ ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिँचाइ साथै कृषि उत्पादन र क्षेत्रफलसम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्दछ । नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि भूमि व्यवस्था तथा सहकारी मंन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।



चित्र नं. ४ : बौदीकाली गाउँपालिकामा गरिएको आलुखेती

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रूपमा स्थापित गर्नु पनि चुनौतिको रूपमा रहेको छ ।

गाउँपालिकामा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् नगदे मुख्य वालिमा अदुवा, मास, बोडी, भटमास, सुन्तला, हलेदो, पिँडालु तथा पशुपंक्षीहरू समेत यहाँका उतपादनहरू हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, सर्सिउ, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, बन्दा, भिन्डी, लसुन, साग, मुला, फर्सी लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । यस गाउँपालिका कृषि उत्पादनको हिसाबले पूर्णरूपमा आत्मनिर्भर हुन सकेको छैन ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा गहुँ, उखु, मसुरो, चना, अरहर, मास, गहत, फापर, सुन्तला, बोडी, भटमास, तोरी, केरा, आलु, मसला बाली आदि रहेका छन् ।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, भटमास, गहत, बोडी, पिँडालु, तोरी उखु, मास, आलु, कागती, निबुवा, केरा, आँप, कटहर, मेवा, नासपाती, लिच्ची, बेसार, अनार, मसला बाली, अदुवा आदि ।

## ५.४.१ कृषिजन्य बालीसम्बन्धी विवरण

तालिका नं २८: गाउँपालिकामा कृषिजन्य बालीसम्बन्धी विवरण

| बाली | उत्पादन (क्विन्टल) | खेति गरिएको जग्गाको क्षेत्रफल (क्षेत्रफल हेक्टर) | | |
|---|---|---|---|---|
| | | जम्मा क्षेत्रफल | सिंचित क्षेत्रफलद | असिंचित क्षेत्रफल |
| अन्नबाली | ३३०४८० | १८३६ | २२० | १६१६ |
| दलहन | १८३६०० | | | |
| तेलहन | ३६७२० | | | |
| तरकारी | १८३६०० | | | |
| नगदेवाली | २७५४०० | | | |
| फलफूल | २९३७६० | | | |
| अन्य | ३६.७२ | | | |

*स्रोत: बौदीकाली गाउँ कार्यपालिका, २०७४*

तालिकामा बौदीकाली गाउँपालिकामा २०७४ सालभरि भएका अन्न वाली, तेलहन वाली, तरकारी बाली, तथा फलफूल खेतिको उत्पादन देखाइएको छ । जसमा अन्नबाली वर्षभरी ३३०४८० कुवीन्टल उत्पादन भएको छ भने दलहन बाली १८३६००, तेलहन बाली ३६७२०, तरकारी १८३६००, नगदेबाली २७५४००, फलफुल २९३७६० र अन्यमा ३६.७२ कुइन्टल उत्पादन भएको छ ।

## ५.४.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रूपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदि रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं २९: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : कृषि तथा पशु सेवा केन्द्र*

### ५.४.३ कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण

तालिका नं ३०: कृषि तथा पशुसँग सम्बन्धित समूहहरूको विवरण

| वडा नं. | कृषक समूह | | | पशुपालन समूह | | | एग्रोभेट/बीउ विजन केन्द्र/घाँसको उत्पादन केन्द्र/दाना उत्पादन | कोल्ड स्टोर/स्टीक स्टोर केन्द्र | कम्पोष्ट तथा जैविक मल उत्पादन केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | समूह संख्या | सदस्य | | समूह संख्या | सदस्य | | | | |
| | | महिला | पुरुष | | महिला | पुरुष | | | |
| १ | २ | | | | | | | | |
| २ | २ | २२ | १० | | | | २ एग्रोभेट | | |
| ३ | २ | १३ | ३९ | | | | | | |
| ४ | १० | करिब ४५ | करिब ७० | | | | | | |
| ५ | २ | ९ | ४० | | | | | | |
| ६ | ५ | करिब ७० | करिब २५ | | | | | | |

*स्रोत: कृषि तथा पशु सेवा केन्द्र, २०७४*

### ५.४.४ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रविधि विस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन बौदीकाली गाउँपालिकामा निम्नानुसारको कृषि सेवाकेन्द्र स्थापना गरिएको छ ।

तालिका नं ३१: कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| वडा नं. | कृषि सेवा केन्द्र | | पशु सेवा केन्द्र | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | भवन संख्या | भवनको अवस्था | भवन संख्या | भवनको अवस्था | |
| २ | ० | भवन नभएको | ० | भवन नभएको | संस्था भएको |
| ४ | ५ | भवन भएको | ० | भवन नभएको | - |

*श्रोत: कृषि तथा पशु सेवा केन्द्र, २०७४*

### ५.४.५ बाली पात्रो

तालिका नं ३२: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान | जेष्ठ/ आषाढ, श्रावण | कार्तिक/मंसिर |
| २ | मकै वसन्ते | माघ / फागुन | जेष्ठ / आषाढ |
| ३ | मकै वर्षे | बैशाख, जेष्ठ / आषाढ | भदौ / असोज |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | जौ | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |

| | | | |
|---|---|---|---|
| ७ | उखु | माघ / फागुन | फागुन / चैत्र |
| ८ | मसुरो | असोज / कार्तिक | पौष / माघ |
| ९ | मास | भदौ, जेष्ठ / आषाढ | मंसिर, असोज / कार्तिक |
| १० | मुंग | फागुन / चैत्र | जेष्ठ / आषाढ |
| ११ | भटमास | जेष्ठ / आषाढ | असोज / कार्तिक |
| १२ | गहत | भदौ, जेष्ठ / आषाढ | मार्ग, भदौ / असोज |
| १३ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| १४ | रायो | असोज / कार्तिक | फागुन / चैत्र |
| १५ | आलास | असोज / कार्तिक | फागुन / चैत्र |

*श्रोत: जिल्ला कृषि कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) २०७३*

### ५.४.६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठित रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। यस गाउँपालिकाबाट मुख्यतया बाँसबाट बनेका ढाकर, नाङ्ला, डालो, भकारि आदि र अम्रिसो तथा अन्य कृषि जन्य उत्पादन अदुवा, मास, सुन्तलाजस्ता सीमित अत्पादनहरू छिमेकी जिल्लामा निर्यात हुने गरेका छन्।

### ५.४.७ आधुनिक कृषि फार्महरूको विवरण

तालिका नं ३३: आधुनिक कृषि फार्महरूको विवरण

| कृषि फार्मको नाम | फार्मको ठेगाना/वडा नं. | सञ्चालकको नाम र ठेगाना | किसिम ( नगदेवाली, फलफूल, तरकारी, माछा, विज वृद्धि, पशु, कुखुरा, आदि) | वार्षिक उत्पादन | | | रोजगारी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वस्तु | इकाई | परिमाण | महिला | पुरुष |
| भञ्ज्याङ चौतारी पशु फार्म | २ | शरण श्रेष्ठ, वडा २ | बाखापालन | बाखा | ५० | ५० | ० | १ |
| पि.के.आई.पि एग्रीकल्चर फार्म | ४ | खगराज गौतम | नगदेवाली, पशु | बाखा, काउली, बन्दा, अदुवा, आलु | ७० ओटा बाखा | ७० | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा पशु फार्म | ४ | आइतविर सिंजाली | कृषि तथा पशुपालन | बंगुर | ६ ओटा बंगुर | ६ | ० | ० |
| राना बंगुर फार्म | ६ | पितम्बर राना | पशुपालन | बंगुर | ५ | ५ | ० | ० |
| सारु बंगुर फार्म | ६ | खुम कुमार सारु | पशुपालन | बंगुर | ४ | ४ | ० | ० |
| भेडी बंगुर फार्म | ६ | पदम ब. भेडी | पशुपालन | बंगुर | १० | १० | ० | ० |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७४*

### ५.४.८ कृषि पकेट क्षेत्रको विवरण

तालिका नं ३४: कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | व्यवसायिक पकेट क्षेत्र | पकेट क्षेत्र | ठेगाना |
|---|---|---|---|
| १ | कागती | मचेडी, भण्डारीथर | वडा १, मिथुकरम |
| २ | च्याउ, काउली, आलु, गोलभेडा | खहरे | वडा २, डेढगाउँ |
| ३ | अम्रिसो, अदुवा, सोठी | चन्देनथर | वडा ३, रकुवा |
| ४ | अलैंची, कुचो, तरकारी | तल्लो कुवाकोट | वडा ४, रुचाङ |
| ५ | सुन्तला | लुङ्गेलीथर | वडा ५, बबक |
| ६ | अदुवा, सोठी | नगरडाँडा भञ्ज्याङ् | वडा ६, नरम |
| ७ | धान | खहरे, भुलाद, तलाउ | वडा नं २, डेढगाउँ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) २०७४*

बौदीकाली गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ।

### ५.४.९ जग्गाको उर्वराशक्ति

गाउँपालिकामा कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा बौदीकाली गाउँपालिकामा रहेका उर्वर क्षेत्र हाल बाँझो रहने र कृषि श्रमशक्ति, वैदेशिक रोजगारी तथा अन्य व्यवसायमा आकर्षित हुँदा पूर्ण तथा वैज्ञानिक रूपमा सदुपयोग हुन सकेको छैन । गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।



चित्र नं. ५ : बौदीकाली गाउँपालिकाको खेति योग्य जमिन

## ५.५ सिंचाइ

गाउँपालिकामा रहेका नदि तथा खोला सिँचाइको प्रमुख स्रोतको रूपमा रहेका छन् । कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ। यस गाउँपालिकामा डेढगाउँ नहर प्रमुख सिँचाइ आयोजनाको रूपमा रहेको छ। २०३२ सालमा निर्माण सम्पन्न भएको नहर हाल जीर्ण अवस्थामा छ र क्षमताअनुसार क्षेत्रमा सिँचाइ हुन सकिरहेको छैन । वडा नं. १ मचेडीटार सिँचाइ योजना निर्माणाधीन छ भने वटाङटार सिँचाइ योजना अघि बढ्न सकेको छैन । परैपरा कूलाहरूको सुधारको खाँचो छ ।



चित्र नं. ६ : बौदीकाली गाउँपालिकाको सिँचाइ कूलो

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाख्राजस्ता पशु मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा टेवा पुगिरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरूको अपेक्षित विकास हुन सकेको छैन ।

तालिका नं ३५: कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| वडा नं. | कृषि सेवा केन्द्र | | पशु सेवा केन्द्र | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | भवन संख्या | भवनको अवस्था | भवन संख्या | भवनको अवस्था | |
| २ | ० | भवन नभएको | ० | भवन नभएको | संस्था भएको |
| ४ | ५ | भवन भएको | ० | भवन नभएको | - |

*श्रोत: कृषि तथा पशु सेवा केन्द्र, २०७४*

गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालयबाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरू समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् ।

### ५.६.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कूल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी विकास हुँदै गरेको छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

विगतका वर्षहरूको तुलनामा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको त छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षी पालन यस गाउँपालिकामा बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजननसम्बन्धी र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवरजस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको दयनिय व्यवस्थापन, पशुपंक्षीको कमी, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। उल्लेखित रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमासंचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापि यहाँका पशुपंक्षीहरूमा

खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीजजस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ।

### ५.६.३ पशुपंक्षीको विवरण

तथ्याङ्कअनुसार बौदीकाली गाउँपालिकामा भएका पशुपंक्षीहरूको विवरण झल्काइएको छ। हाल गाउँपालिकामा सबै वडाहरूमा पालिएका पशुहरूमा गाई गोरुको संख्या स्थानीय र उन्नत जातको गरेर ४८३७ रहेको छ जसले दैनिक २२ लिटर दुध उत्पादन भएको छ भने भैसी, राँगाको संख्या १०५५४ रहेको छ जसले दैनिकी १९०० लिटर दुग्ध उत्पादन भएको छ भने मासु ३९२८५० के.जी उत्पादन भएको छ। त्यसैगरी बाख्रा/खसी/बोकाको संख्या १४७७२ रहेको छ र मासु उत्पादन १४७५०० के.जी उत्पादन भएको छ भने सुँगुर/बंगुरको संख्या २२८८ रहेको छ र मासु उत्पादन ३०७०० के.जी भएको छ। त्यस्तै पंक्षीहरूमा कुखुराको संख्या १८७०० छ जसबाट १६११५ अण्डा उत्पादन हुनुका साथसाथै ३०७०० के.जी मासु उत्पादन भएको छ भने हाँसको संख्या २४० रहेको छ जसबाट १,०९० वटा अण्डा उत्पादन हुनुका साथसाथै २५० के.जी मासु उत्पादन भएको छ।

**तालिका नं ३६:** आ.व. २०७३/७४ को पशु तथ्यांक विवरण

| क्र.सं. | किसिम | संख्या | | | उत्पादन | |
|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध (लिटरमा) | मासु (के.जी. मा) |
| क | गाई/गोरु | ४८३६ | १ | ४८३७ | २२ | - |
| ख | भैंसी/राँगा | १०४६९ | ८५ | १०५५४ | १९०० | ३९२८५० |
| ग | बाखा/खसी/बोका | १४६५२ | १२० | १४७७२ | - | १४७५०० |
| घ | भेडा/च्याङ्ग्रा | - | - | - | - | - |
| ङ | सुँगुर/बुँगुर | २२०६ | ८१ | २२८८ | - | १०७८०० |
| २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा संख्या | मासु (के.जी. मा) |
| क | कुखुरा | १०५०० | ८२०० | १८७०० | १६११५ | ३०७०० |
| ख | हाँस | २४० | - | २४० | १०९० | २५० |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

### ५.६.४ पशुपंक्षि फर्महरूको विवरण

यस गाउँपालिकामा पशुफर्महरू व्यवसायिकता तर्फ क्रमश: उन्मुख हुँदै गएको छ। धेरै जसो कृषकहरू गाई पालन फार्म संचालन गरेको पाईन्छ भने कतिपय कृषकहरू व्यवसायिक भैंसी पालनतर्फ आकर्षित भएका छन्। केही कृषकहरू भने दुधमा फ्याटको मात्रा बढ्न गई राम्रो मुल्य पाइने सोचले गर्दा गाई र भैंसी दुवै थरी जनावर पाल्ने गरेको पाईन्छ। यस गाउँपालिकामा भने धेरै जसो क्षेत्र ग्रामीण क्षेत्र भएको कारणले गर्दा व्यवसायिक पशुपंक्षि पालनको अपेक्षित विकास हुन नसकेको देखिन्छ। यस गाउँपालिकामा रहेका पशुपंक्षि पालन फार्महरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ३७: पशुपंक्षि पालन फार्मको विवरण

| कृषि फार्मको नाम | फार्मको ठेगाना/वडा नं. | सञ्चालकको नाम र ठेगाना | किसिम (नगदेवाली, फलफूल, तरकारी, माछा, विज वृद्धि, पशु, कुखुरा, आदि) | वार्षिक उत्पादन | | | रोजगारी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वस्तु | इकाई | परिमाण | महिला | पुरुष |
| भञ्ज्याङ चौतारी पशु फार्म | २ | शरण श्रेष्ठ, वडा २ | बाखापालन | बाखा | ५० | ५० | ० | १ |
| पि.के.आई.पि एग्रीकल्चर फार्म | ४ | खगराज गौतम | नगदेवाली, पशु | बाखा, काउली, बन्दा, अदुवा, आलु | ७० ओटा बाखा | ७० | १ | ३ |
| कृषि तथा पशु फार्म | ४ | आइतविर सिंजाली | कृषि तथा पशुपालन | बंगुर | ६ ओटा बंगुर | ६ | ० | ० |
| राना बंगुर फार्म | ६ | पितम्बर राना | पशुपालन | बंगुर | ५ | ५ | ० | ० |
| सारु बंगुर फार्म | ६ | खुम कुमार सारु | पशुपालन | बंगुर | ४ | ४ | ० | ० |
| झेडी बंगुर फार्म | ६ | पदम ब. झेडी | पशुपालन | बंगुर | १० | १० | ० | ० |
| अर्बिन पोल्ट्री फाम | ३ | | कुखुरा पालन | ब्रोइलर कुखुरा | | | | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७४*

### ५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण

बौदीकाली गाउँपालिकामा पशुपालन व्यवसायिक विकासको क्रममा रहेको छ । यो गाउँपालिकाको धेरै भू-भाग ग्रामीण क्षेत्र भएको हुनाले कृषकहरूले आफूलाई चाहिने दुग्ध जन्य पदार्थ आफै उत्पादन गर्ने गरेको पाइन्छ । घरमा बढी भएको दुग्धजन्य पदार्थ गाउँपालिकामा स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन् ।

## ५.७ व्यापार तथा उद्योग

यस गाउँपालिकामा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूबाट थोक तथा खुद्रा बिक्री हुने गरेको छ । थोक व्यापार अन्तर्गत अन्य बजार तथा गाउँपालिकाबाट खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदि हुने गरेको छ भने अन्य थोक व्यापारमा बिस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत केही मात्रामा खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

बौदीकाली गाउँपालिकामा रहेका बजार तथा व्यापारिक केन्द्रहरू तालिकामा उल्लेख गरिएको छ। यहाका स्थानीय मानिसहरूका लागि खरिद बिक्री हुने मुख्य बस्तुहरू खाद्यान्न,तेल, कपडा, पशुपंक्षी आदि रहेका छन्।

तालिका नं ३८: व्यापारिक केन्द्रहरूको विवरण

| क्र.सं. | बजार/व्यापारिक केन्द्रको नाम | वडा नं. | मुख्य व्यापारिक वस्तुहरू |
|---|---|---|---|
| १ | डाडाँथर | १ | जुत्ता चप्पल, मासु, किराना, कस्मेटिक |
| २ | मचेडी | १ | कपडा, फेन्सी,जुत्ता चप्पल, मासु, किराना,कस्मेटिक, मेडीकल |
| ३ | मिनाङ्कोट देउराली | १ | कपडा, फेन्सी, जुत्ता चप्पल, मासु, किराना, कस्मेटिक, मेडीकल |
| ४ | खहरे | २ | कपडा, फेन्सी, जुत्ता चप्पल, माछामासु, सुनचाँदी, हार्डवयर, भाडाकुँडा, किराना, कस्मेटिक, क्लिनीक |
| ५ | भुलाड | २ | कपडा, फेन्सी, जुत्ता चप्पल, माछामासु, सुनचाँदी, किराना,कस्मेटिक |
| ६ | थोत्रेनी | ३ | कपडा, फेन्सी, जुत्ता चप्पल, माछामासु, किराना, कस्मेटिक, क्लिनीक |
| ७ | राईका | ३ | कपडा, फेन्सी, जुत्ता चप्पल, माछामासु, सुनचाँदी, किराना, कस्मेटिक, भाडाकुँडा |
| ८ | तल्लो कुवाकोट | ४ | कपडा,फेन्सी,जुत्ता चप्पल, माछामासु, सुनचाँदी, हार्डवयर, भाडाकुँडा, किराना, कस्मेटिक, क्लिनीक |
| ९ | मौलाथर | ४ | कपडा, फेन्सी, जुत्ता चप्पल, मासु, किराना, कस्मेटिक |
| १० | आमडाँडा | ४ | मासु, किराना, कस्मेटिक |
| ११ | चापाभञ्ज्याङ् | ५ | कपडा, फेन्सी, जुत्ता चप्पल, मासु, हार्डवयर, भाडाकुँडा, किराना, कस्मेटिक |
| १२ | नगरडाँडा | ६ | कपडा, फेन्सी, जुत्ता चप्पल, माछामासु, सुनचाँदी, हार्डवयर, भाडाकुँडा, किराना, कस्मेटिक, क्लिनीक |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

तालिका नं ३९: व्यापार व्यवसायसम्बन्धी विवरण (मासु, तरकारी, फलफुल आदि)

| क्र.सं. | व्यापार तथा व्यवसाय संचालक तथा कम्पनीको नाम | वडा नं | घर नं | स्थान | व्यापार र व्यवसायको किसिम | पसलको प्रकार | व्यापार व्यवसायको स्वामित्व | वार्षिक कारोबार (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | अदृष्य किराना पसल | १ | | डाडाथर | | किराना | एकल | करिब २ लाख |
| २ | सुधा किराना पसल | १ | | सोम्कोटोल | | किराना | एकल | करिब २ लाख |
| ३ | सितालक्ष्मी ईन्टर प्राइजेज | २ | | खहरे | | हार्डवयर एवम् किराना | एकल | करिब १ करोड |
| ४ | अकला देवी स्टोर्स | २ | | खहरे | | कपडा पसल | एकल | करिब ५० लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | न्यु मञ्जु स्टोर्स | २ | | खहरे | | कपडा पसल | एकल | करिब २५ लाख |
| ६ | डेढगाउँ सुन चाँदी | २ | | खहरे | | सुनचाँदी | एकल | करिब करोड |
| ७ | लम्साल स्टोर्स | २ | | भुलाड | | किराना | एकल | करिब १ करोड |
| ८ | श्रेष्ठ फ्रेस हाउस एण्ड रेष्टुरेण्ट | २ | | खहरे | | मासु तथा होटल | एकल | करिब २५ लाख |
| ९ | आर.टि.एल. किराना पसल | ३ | | थोत्रेनी | | किराना पसल | एकल | करिब १० लाख |
| १० | अर्बिन पोल्ट्री फार्म | ३ | | थोत्रेनी | | पोल्ट्री | एकल | करिब २० लाख |
| ११ | मनिका कपडा पसल | ४ | | तल्लो कुवाकोट | | कपडा | एकल | करिब ८ लाख |
| १२ | सागर इन्टरप्राइजेज | ४ | | तल्लो कुवाकोट | | किराना | एकल | करिब ४ लाख |
| १३ | माया टेलर्स | ५ | | चापाभञ्ज्याङ् | | टेलर | एकल | करिब २ लाख |
| १४ | एन्जिला फोटोकपि सेन्टर | ५ | | हर्बले | | फोटोकपि सेन्टर | एकल | करिब ५० हजार |
| १५ | राइस मिल | ५ | | हर्बले | | चामल | एकल | करिब २ लाख |
| १६ | किङ्जोन फोटो स्टुडियो | ५ | | बोफाडी | | फोटो | एकल | करिब ६० हजार |
| १७ | नमस्ते फ्रेस हाउस | ६ | | नगरडाँडा | | मासु पसल | एकल | करिब ५ लाख |
| १८ | जमुना फेन्सी स्टोर्स | ६ | | नगरडाँडा | | कपडा पसल | एकल | करिब १० लाख |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ५.७.१ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट निकासी हुने कृषि उपजहरूमा अदुवा, अम्रिसो, बाँसबाट बनेका डोका, भकारी, डाला, सुप्पा, सुन्तला, मास, अन्य तरकारी आदि छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.७.२ ढुवानी तथा भण्डारण व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रूपमा बस, जिप, ट्याक्टर, मोटरबाईक आदि रहेका छन्। गाउँपालिकामा पक्की सडक नभएकाको

कारण वस्तु ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेषत: वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरूपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण तथा बाटोको स्तरउन्नति गर्नुपर्ने देखिन्छ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा बिक्री गर्दछन्। गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

यस गाउँपालिकामा स्थापित कुखुरा व्यवसायमा प्रतिस्पर्धीले गर्दा समस्या भएतापनि उद्योग र ठूलो व्यापार वाणिज्य नभएकाले अन्य गाउँपालिका तथा नगरपालिकासँग प्रत्यक्ष प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छैन।

### ५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य, बाँसजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको खण्डमा गाउँपालिकाको आर्थिक उपार्जनमा टेवा पुग्ने देखिन्छ। व्यापारको प्रकृतिअनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरू व्यापारीहरूले अन्य गाउँपालिकाहरूबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ। त्यसैगरी यस बौदीकाली गाउँपालिकामा विभिन्न साना उद्योगहरू सञ्चालनमा रहेका छन् जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ४०: पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्रसम्बन्धी विवरण

| वडा नम्बर | पानी घट्ट संख्या | | चिस्यान केन्द्र | कुटानी, पिसानी र पेलानी ( मिल) संख्या | | | संकलन तथा प्रशोधन केन्द्र | | | बिक्री केन्द्र वा कोसेली घर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत | सुधारिएको | | पानी मिल | डिजेल मिल | विद्युत मिल | कृषि | जडिबुटी | उद्योग | |
| १ | ० | १ | ० | ० | ६ | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० |
| ३ | २ | ० | ० | २ | ३ | ० | ० | ० | ० | ० |
| ४ | ० | १ | ० | १ | ११ | २ | ० | ० | ० | ० |
| ५ | ० | ३ | ० | ० | ३ | १ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० |



चित्र नं. ७ : गाउँपालिकामा रहेका घरेलु तथा साना उद्योग

### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको अदुवा, अम्रिसो, सुन्तला, मास आदि कृषकहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

### ख) वनजन्य

वन जंगलमा आधारित कच्चा पदार्थहरूमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरू गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरूबाट आयात गर्ने गरेको पाइन्छ। गाउँपालिकामा उत्पादित बाँसको प्रयोग स्थानीयबासीहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरूपमा प्रयोग गरेको भएतापनि बाँसाको सामाग्री निर्माण गर्ने उद्योग स्थापना भएको छैन।

## ५.८ सम्भावित प्राकृतिक श्रोत (खानी/खनिज आदि) को विवरण

गाउँपालिकामा वैज्ञानिक रूपमा खानी तथा खनिज पदार्थको खोज अनुसन्धान र उत्खनन्को प्रयास भएको छैन। यस गाउँपालिकामा उपलब्ध बालुवा तथा ढुङ्गाको प्राकृतिक श्रोतको प्रकार र स्थानलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका नं ४१: सम्भावित प्राकृतिक श्रोत (खानी/खनिज आदि) को विवरण

| वडा नं. | खानी/खनिज श्रोत | स्थान | अवस्था |
|---|---|---|---|
| १ | ढुंगा गिट्टी | किपेनी, खोकाडी, डुडे, पुलको मुख | |
| १ | बालुवा | किपेनी, खोकाडी | |
| २ | ढुंगा गिट्टी | बालीघाट, खर्सान | |
| २ | बालुवा | भाउडी, खर्सान | |
| ३ | ढुंगा, गिट्टी, बालुवा | खैरेनी, थोत्रेनी | |
| ४ | ढुंगा, गिट्टी | राइकादेखि इल्ली खोला दोभान | |
| ५ | बालुवा | हर्बले | |
| ६ | ढुंगा, गिट्टी | चवादी, सेरा (नहरको बाँध) | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत कृषि, नोकारी, सानो व्यवसाय, शैक्षिक केन्द्र, वित्तीय सेवाजस्ता आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनुको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्कोतर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सूरक्षित स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा व्यावसायिक रूपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिने देखिन्छ। जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका पानीको श्रोतहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाले ओगटेका वन क्षेत्रहरू साल, हार्डउड, खयर, सिसौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण, पर्यटन प्रवर्द्धन मार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जस्तै जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिका भित्र विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । पर्यटकका लागि आवश्यक पूर्वाधारको विकास गरी होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

बढ्दो रोजगारीको परिणामस्वरूप अदक्ष तथा अर्धदक्ष जनशक्ति समेतको रोजगारी गन्तव्य वैदेशिक रोजगार बन्दै गइरहेको सन्दर्भमा यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष उद्यमशिलता विकास गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा योगदान पुग्ने देखिन्छ।

गाउँपालिकामा उद्योग व्यापारमा लगानी गर्न वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक गाउँपालिकामा संचालित अन्य लघुवित्त संस्था तथा विकास बैंकहरले समेत कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकाबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।

## ५.१० बैंक तथा वित्तीय संस्थाहरूको विवरण

गाउँपालिकामा उद्योग व्यापारमा लगानी गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक गाउँपालिकामा संचालित अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकाबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। यस गाउँपालिकामा रहेका बैंकसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ४२: बैंकसम्बन्धी विवरण

| क्र.सं. | बैंकको नाम | ठेगाना |
|---|---|---|
| १. | राष्ट्रिय वाणिज्य बैंक (शाखा रहित) | डेढगाउँ वडा नं २ |
| २. | मुक्तिनाथ विकास बैंक | डेढगाउँ वडा नं २ |
| ३. | नेप्डो नेपाल | वडा नं २ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ५.११ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँचसमेत बढेको छ।

तालिका नं ४३: सहकारी संस्थाको नामावली

| क्र.सं. | सहकारीको नाम | वडा नं |
|---|---|---|
| १ | गाउँवेशी बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| २ | मचेडी बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ३ | मिथुकरम विद्युतीकरण सहकारी | १ |
| ४ | कृष्ण गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. | २ |
| ५ | नव प्रतिभा बचत तथा ऋण सहकारी | २ |
| ६ | नमूना अकलादेवि बचत तथा ऋण सहकारी संस्था लि. | २ |
| ७ | बुङ्दीकाली सामुदायिक विद्युतीकरण सहकारी | २ |
| ८ | महिला बचत तथा ऋण सहकारी संस्था | ३ |
| ९ | शालिकग्राम बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| १० | श्री गाउँ सेवा बहुमुखि सहकारी संस्था | ४ |
| ११ | जौबारी बहुउदेशीय सहकारी संस्था | ५ |
| १२ | लगनशिल महिला बचत तथा ऋण सहकारी संस्था | ६ |
| १३ | नगरडाँडा अदुवा उत्पादक सहकारी | ६ |
| १४ | बहुउदेश्यी सहकारी लाहापे | ६ |

*स्रोत: गाउँपालिका कार्यालय, २०७४*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, विद्युत, तरकारी तथा आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ८, बहुउद्देश्यीय

३, कृषि १, विद्युतिय २ गरी जम्मा १४ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ४४: सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या | क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण | ८ | ४ | बहुउद्देश्यीय | ३ |
| २ | कृषि | १ | ५ | अन्य | ० |
| ३ | विद्युतिय | २ | | **जम्मा** | **१४** |

*स्रोत: सहकारी दर्पण नवलपरासी (बर्दघाट सुस्ता पूर्व), २०७२/०७३*

## ५.१२ संघ संस्था तथा विभिन्न समूहहरू

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरू क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसैगरी गैरसरकारी संस्थाहरूमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूहको जनचेतना कार्यक्रमहरू संचालनमा रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरू, युवा क्लबहरू, नागरिक समाज, राजनीतिक दलहरू, साहित्यीक संस्थाहरू रहेका छन् ।

### सामुदायिक संस्थासम्बन्धी विवरण

तालिका नं ४५: सामुदायिक संस्थासम्बन्धी विवरण

| | सामुदायिक संस्थाको संख्या | | | | |
|---|---|---|---|---|---|
| वडा नम्बर | सामुदायिक संस्था | कृषक समूह | वन समूह | सहकारी संस्था | गै.स.स वा क्लब |
| १ | ० | २ | २ | ३ | ० |
| २ | १ | २ | १ | ४ | ३ |
| ३ | ० | २ | १ | २ | ० |
| ४ | ० | १० | ३ | १ | ० |
| ५ | ० | २ | २ | १ | ० |
| ६ | १ | ५ | ४ | ३ | ० |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ५.१३ गाउँपालिकाको आयका श्रोतहरू तथा हालको अवस्था

तालिका नं ४६: गाउँपालिकाको आयका श्रोतहरू तथा हालको अवस्था

| क्र.सं. | आयको प्रकार | संकलन भएको/नभएको | सम्भावना भएको/नभएको | दर एकिन भएको/नभएको | गाउँ/नगर सभाबाट विशेष निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|
| | (क) करतर्फ | | | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | नभएको | नभएको | |
| २ | घरजग्गा कर (अल्पकालीन व्यवस्था) | नभएको | भएको | नभएको | नभएको | |
| ३ | एकीकृत सम्पीत्त कर | नभएको | नभएको | नभएको | नभएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | नभएको | नभएको | नभएको | नभएको | |
| ५ | घर जग्गा बहाल कर | नभएको | नभएको | नभएको | नभएको | |
| ६ | व्यवसाय कर | नभएको | भएको | नभएको | नभएको | |
| ७ | जडिबुटी, कवाडी र जिवजन्तु कर | नभएको | नभएको | नभएको | नभएको | |
| (ख) अन्य राजश्व | | | | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | भएको | भएको | भएको | भएको | |
| २ | नक्सापास दस्तुर | नभएको | भएको | नभएको | नभएको | |
| ३ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको | भएको | |
| ४ | दण्ड जरिवाना | भएको | भएको | भएको | भएको | |
| ५ | वहाल विटौरी शुल्क | नभएको | नभएको | नभएको | नभएको | |
| ६ | पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको | नभएको | |
| ७ | अस्पताल संचालन | नभएको | नभएको | नभएको | नभएको | |
| ८ | फोहरमैला ब्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | |
| ९ | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको | नभएको | |
| १० | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको | नभएको | |
| ११ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जी जम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुदसम्वन्धी सेवा तथा ब्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको | नभएको | |
| १२ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुल आदि | नभएको | नभएको | नभएको | नभएको | |
| १३ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको | भएको | |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | नभएको | भएको | नभएको | नभएको | |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको | भएको | |
| १६ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको | भएको | |
| (ग) राजश्व बाँडफाँड | | | | | | |
| १ | नेपाल सरकारबाट | नभएको | नभएको | नभएको | नभएको | |
| २ | मूल्य अभिवृद्धि कर | - | - | - | - | |
| ३ | अन्त शुल्क | - | - | - | - | |
| ४ | प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी | नभएको | भएको | नभएको | नभएको | |
| ५ | प्रदेश सरकारसंग | नभएको | नभएको | नभएको | नभएको | |
| ६ | सवारी साधन कर | भएको | भएको | भएको | भएको | |
| ७ | विज्ञापन कर | - | - | - | - | |
| ८ | मनोरंजन कर | - | - | - | - | |
| ९ | ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर | नभएको | भएको | नभएको | नभएको | |
| १० | घरजग्गा रजिश्ट्रशन शुल्क | नभएको | भएको | नभएको | नभएको | |

*स्रोत: राजश्व शाखा, २०७५*

## ५.१४ प्रस्तावित करका विभिन्न क्षेत्रबाट प्राप्त हुने अनुमानित आम्दानी विवरण

आ.व. २०७४/०७५ का लागि प्रस्तावित विभिन्न कर एवं दस्तुरका आधारमा तयार गरिएको आ.व. २०७४/७५ को आन्तरिक श्रोततर्फको निम्नानुसारको प्रक्षेपित अनुमानअनुसार बजेट कार्यक्रम तय आन्तरिक श्रोत आँम्दानी अनुमान।

**तालिका नं ४७:** प्रस्तावित करका विभिन्न क्षेत्रबाट प्राप्त हुने अनुमानित आम्दानी विवरण

| सि.नं. | शिर्षक | २०७४/०७५ को प्रस्तावित अनुमान | २०७५/०७६ को प्रस्तावित अनुमान |
|---|---|---|---|
| १ | व्यवसायिकरण | - | - |
| २ | व्यापारीक वस्तु | - | - |
| ३ | निर्माण व्यवसाय | - | - |
| ४ | उत्पादन मुलक उद्योग | - | - |
| ५ | कृषि तथा वन जन्य उद्योग | - | - |
| ६ | पर्यटन उद्योग | - | - |
| ७ | सेवा मुलक उद्योग | - | - |
| ८ | संचार सेवा | - | - |
| ९ | निर्माण उद्योग | - | - |
| १० | वित्तिय सेवा | - | १००००० |
| ११ | दैनिक उपभोग्य सामान तगा व्यसाय कर | - | - |
| १२ | स्वास्थ्य सेवा | - | - |
| १३ | विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | - | - |
| १४ | शिक्षा सेवा | - | - |
| १५ | मर्मत संभार केन्द्र | - | - |
| १६ | अन्य | ८,२६,००० | ५०,००० |
| १७ | माथिको वर्गिकरणमा नपरेका विविध | - | १,००,००० |
| १८ | हाटबजार | - | - |
| १९ | पटके सवारीकर | - | १,००,००० |
| २० | मनोरञ्जनकर | - | - |
| २१ | सम्पत्ति मूल्यांकन कर | - | - |
| २२ | सिफारिस दस्तुर | २१३००० | ५००००० |
| २३ | व्यक्तिगत घटना दर्ता | ३४००० | ५०००० |
| २४ | बहाल कर (सार्वजनिक जग्गा बहाल) | - | - |
| २५ | विज्ञापन कर | - | - |
| २६ | छाडापशुपञ्छी नियन्त्रण कर | - | - |
| २७ | मालपोतकर | ३५०००० | ५००००० |
| २८ | नक्सापास | - | ३००००० |
| २९ | फोहोर व्यवस्थापन सेवाशुल्क | - | - |
| ३० | घर बहालकर | - | - |
| ३१ | श्रोत उपयोग बाँडफाड/ढुङ्गा गिटी बालुवा कर | - | ३०,०००,०० |
| ३२ | मालपोत रजिष्ट्रसन शुल्क/राजश्व बाँडफाँड | ६,००,००० | ३,००,००० |
| ३३ | सवारीकर | - | - |
| ३४ | जम्मा | २०,२३,००० | |

*स्रोत: राजश्व शाखा, २०७५*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ गाउँपालिकाको हालको भवनहरूको विवरण




चित्र नं. ८ : बौदीकाली गाउँपालिकाको कार्यालय


यस गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय बौदीकाली २, डेढगाउँमा रहेको छ साथै गाउँपालिकाको सबै वडाहरूमा वडा कार्यालयको स्थापना भएको छ।

## ६.२ यातायात सेवा :

कुनै पनि क्षेत्रको आर्थिक तथा सामाजिक विकासलाई गतिशिल बजाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास ग

र्न सडक यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ। यस गाउँपालिकाबाट देशका सबै मुख्य शहरी क्षेत्रहरूसम्म जोड्ने सडक सञ्जाल राम्रोसँग विकास हुन सकेको छैन। २०७४ असोज ७ गतेदेखि यस गाउँपालिकालाई तनहुसँग जोड्ने कालीगण्डकी नदिको पक्की पुल शुभारम्भ भएपछि अन्य औषधि उपचार जिल्ला तथा राष्ट्रिय सडक सञ्जालसँगको पहुँच केही सहज भएको छ। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा बस, टेक्टर, जिप, ट्रक, साइकल, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ।

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।




नक्सा नं. १२: गाउँपालिकाको सडक सञ्जाल



चित्र नं. ९ : गाउँपालिकामा रहेको सडक

तालिका नं ४८: गाउँपालिकाको विद्यमान सडक सञ्जालको अवस्था

| क्र.सं. | सडकको वर्गीकरण | लम्वाई कि.मि. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुगेका वडाहरू | कैफियत |
|---|---|---|---|---|---|
| १ | ………………राजमार्ग | ० | ० | ० | |
| २ | सहायक राजमार्ग | ० | ० | ० | |
| ३ | पक्की तथा कालोपत्रे | ० | ० | ० | |
| ४ | ग्राभेल सडक | ० | ० | ० | |
| ५ | कच्ची सडक/मौसमी सडक | ८५ कि.मि. | ६ मि. | १-६ | |
| ६ | मुल वाटो (trail) | ० | ० | ० | |
| ७ | इँटा विच्छाइएको वाटो | ० | ० | ० | |
| ८ | ढुंगा छापेको वाटो | ० | ० | ० | |
| ९ | सिढी तथा खुडकिलारभ्याङ (stair) | ० | ० | ० | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ६.२.१ सडक मार्गको विवरण

तालिका नं ४९: सडक मार्गको विवरण

| वडा नम्बर | जोडिने वस्तीहरू | | लम्बाई (कि.मि.) | प्रकार (कच्ची, ग्राभेल, कालो पत्रे) | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | माग्लिडटार | चारघरे | ११ | कच्ची | करिब ३२०० |
| २ | बैडा | कोटथर | ८ | कच्ची | करिब ४७५० |
| ३ | राइका | रिप्दी | ५ | कच्ची | करिब ४५०० |
| ४ | जारे भञ्ज्याङ | रकुवा | ७ | कच्ची | करिब ४००० |
| ५ | अर्खलाथर, लुङ्गेलीथर | अर्खलाथर, राइकोट | ४ | कच्ची | करिब १२०० |
| ६ | नेवारबारी | बोछाप | ५ | कच्ची | करिब ४००० |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ६.२.२ पैदल मार्गको विवरण

तालिका नं ५०: पैदल मार्गको विवरण

| वडा नम्बर | जोडिने वस्तीहरू | | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | चारघरे | मचेडी | ९ कि.मि | |
| ५ | लुङ्गेलीथर | चितौरेथर | १ कि.मि | |
| ६ | लाहापे | नगरडाँडा | २ कि.मि | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ६.२.३ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रमा पुग्न लाग्ने समय

तालिका नं ५१: वडा केन्द्रबाट टाढाको वस्ती

| वडा नं. | टाढाको वस्तीको नाम | वडा केन्द्रसम्म पुग्न लाग्ने समय (सवारी) | वडा केन्द्रसम्म पुग्न लाग्ने समय पैदल) |
|---|---|---|---|
| १ | झरेडाडा | २० मिनेट | २ घण्टा |
| २ | कोटथर | १ घण्टा | ३ घण्टा |
| ३ | मदनस्वारा | १ घण्टा | ३ घण्टा |
| ४ | रिट्ठे | १ घण्टा | ३ घण्टा |
| ५ | हर्बले | १.५ घण्टा | ३.५ घण्टा |
| ६ | लाहापे | २५ मिनेट | २.५ घण्टा |

*श्रोत: बौदीकाली गाउँपालिकाको कार्यालय, २०७४*

## ६.२.४ गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्मको दुरी

तालिका नं ५२: गाउँपालिका केन्द्रबाट वडा केन्द्रको दुरी

| वडा नं. | वडा केन्द्र रहेको स्थान | पुग्न लाग्ने समय | |
|---|---|---|---|
| | | पैदल मार्गबाट | सावरी साधनबाट |
| १ | डाडाँथर | १.५ घण्टा | ३० मिनेट |
| २ | खहरे | २० मिनेट | ५ मिनेट |
| ३ | कोलभञ्ज्याङ् | करिब १ घण्टा | २० मिनेट |
| ४ | राउदी | ३ घण्टा | १ घण्टा |
| ५ | लुङ्गेलीथर | ३ घण्टा | १.५ घण्टा |
| ६ | नगरडाँडा | २.५ घण्टा | १ घण्टा |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७४*

## ६.२.५ पुल तथा पुलेसाको विवरण

तालिका नं ५३: पुल तथा पुलेसाको विवरण

| वडा नम्बर | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडिने वस्तीहरू | | झोलुङ्गे/काठे/ट्रष्ट/पक्की | लम्बाई (मि.) | अवस्था | निर्मित साल |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | |
| १ | किपेनी पुल | काली नदी | मचेडीटार | तनहुँको करुवाटार | झोलुङ्गे | करिब २५० मि | ठिकै | |
| १ | लामे पुल | निरन्दी खोला | सिमलडाडा लामे | गेजा | झोलुङ्गे | करिब १०० मि | ठिकै | |
| २ | बैडा पक्की पुल | काली नदी | बैडा | मन्दार | पक्की | करिब २०० मि. | राम्रो | २०७४ |
| २ | खर्सान झोलुङ्गे पुल | काली नदी | बैडा | मन्दार | झोलुङ्गे | करिब २५० मि. | ठिकै | २०३५ |
| २ | बालीघाट झोलुङ्गे पुल | काली नदी | तिरिन्दी | नयाँटार | झोलुङ्गे | करिब २५० मि | राम्रो | २०७३ |
| २ | बौदीखोला दोभान पुल | बौदीखोला | गुरौटार | मचेडी | झोलुङ्गे | करिब २०० मि | ठिकै | २०५५ |
| २ | असीमुरे झोलुङ्गे पुल | बौदीखोला | भाडगाउँ | मिनाङकोट | झोलुङ्गे | करिब १५० मि | राम्रो | २०७३ |
| ३ | साघुरी झोलुङ्गे पुल | काली नदी | थोत्रेनी | जगौली | झोलुङ्गे | करिब २२० मि | ठिकै | |
| ३ | नेवाकोटे झोलुङ्गे पुल | बौदीखोला | रायलवन टारी | बाखी थुम्की | झोलुङ्गे | करिब २०० मि | ठिकै | |
| ४ | आमडाँडा राइका पुल | बौदीखोला | आमडाँडा | राइका | झोलुङ्गे | करिब २०० मि | ठिकै | |
| ४ | चोहान्दी पुल | बौदी खोला | चारडाँडा | रिठ्ठे | झोलुङ्गे | करिब २०० मि | ठिकै | |
| ४ | थर्पु झोलुङ्गे पुल | बौदी खोला | थर्पु | रकुवा | झोलुङ्गे | करिब २०० मि | ठिकै | |
| ५ | निरन्दी झोलुङ्गे पुल | निरिन्दी खोला | हर्बले | सोतीपोलक | झोलुङ्गे | करिब १०० मिटर | ठिकै | |
| ५ | लाभे झोलुङ्गे पुल | निरिन्दी खोला | हर्बले | सोतीपोलक | झोलुङ्गे | करिब १०० मि. | ठिकै | |
| ६ | चवादी पक्की पुल | चवादी खोला | मधुकोट | नगरडाँडा | पक्की | करिब २० मि. | राम्रो | |
| ६ | चवादी पुल | चवादी खोला | मधुकोट | नगरडाँडा | झोलुङ्गे | करिब २०० मि | जीर्ण | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ६.३ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रूपमा रूपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० को दशकमा सीमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यमहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रामा बढ्दै गएको छ। बौदीकाली गाउँपालिकामा एफ.एम स्टेसनहरू र रेडियो नेपाल लगायत विभिन्न स्टेसनमार्फत सिधा प्रशारण हुन्छन्। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ भने गाउँपालिकामा डिसहोम मार्फत गाउँपालिकाबासीहरूले मनोरन्जनात्मक टि.भि कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ ।

### ६.३.१ मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका ६ ओटै वडाहरूमा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले दुरसञ्चार सेवा उपलब्ध गराएको देखिन्छ। ग्रामीण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.३.२ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दिदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरूमा कार्यरत छन्। यस गाउँपालिकामा रहेका ५ वटा इलाका हुलाक कार्यालयहरूबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने बौदीकालीदेखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपि संचार र यातायातका सेवामा भएको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ ।

## ६.४ विद्युत


### ६.४.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा सोलार प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ । गाउँपालिकामा बत्ती बाल्न सोलार प्रयोग गर्नेको घरधुरी संख्या १,४४३ ( ४८.१३ प्रतिशत) रहेको छ । त्यस्तै गाउँपालिकाका कूल घरधुरीको ४५७ (१५.२४ प्रतिशत) ले मट्टितेल, २४६ ( ८.२१ प्रतिशत) ले विद्युत र ६ (०.२० प्रतिशत) सबैभन्दा कम घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । त्यस्तै अन्य उल्लेख नगरिएको घरधुरी संख्या ८४६ रहेको देखिन्छ । त्यस्तै वडागत रूपमा हेर्दा वडा नं ४ मा अन्य स्रोतको प्रयोग सबैभन्दा बढी घरधुरी रहेको पाइन्छ भने अन्य सबै वडाहरूमा सोलारको प्रयोग गर्ने घरधुरी बढी रहेको तथ्यांकले देखाउँछ । जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ५४: बत्ती बाल्न प्रयोग गरिने श्रोत**

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५० | ११२ | ४ | २११ | १२४ | २ | ५०३ |
| २ | २७ | १०१ | ० | ४५७ | १६२ | ३ | ७५० |
| ३ | २० | ३४ | ० | २६५ | १६७ | ० | ४८६ |
| ४ | ३१ | १०७ | ० | १९९ | २०४ | ० | ५४१ |
| ५ | १४ | ३५ | १ | १४४ | २१ | १ | २१६ |
| ६ | १०४ | ६८ | १ | १६७ | १६२ | ० | ५०२ |
| **जम्मा** | २४६ | ४५७ | ६ | १,४४३ | ८४० | ६ | २,९९८ |
| **प्रतिशत** | ८.२१ | १५.२४ | ०.२० | ४८.१३ | २८.०२ | ०.२० | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*





## ६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं ५५: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण**

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४८० | ३ | ४ | २ | १० | २ | २ | ५०३ |
| २ | ५५९ | २ | ३५ | ० | १५१ | ० | ३ | ७५० |
| ३ | ४३४ | ० | ४ | ० | ४८ | ० | ० | ४८६ |
| ४ | ५३८ | २ | १ | ० | ० | ० | ० | ५४१ |
| ५ | २१३ | १ | ० | १ | ० | ० | १ | २१६ |
| ६ | ४८७ | २ | १२ | १ | ० | ० | ० | ५०२ |
| **जम्मा** | २,७११ | १० | ५६ | ४ | २०९ | २ | ६ | २,९९८ |
| **प्रतिशत** | ९०.४३ | ०.३३ | १.८७ | ०.१३ | ६.९७ | ०.०७ | ०.२० | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

वि.सं. २०६८ को जनगणनाअनुसार बौदीकाली गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी २,७११ (९०.४३ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या २०९ (६.९७ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने घरधुरी संख्या १० (०.३३ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने ५६ (१.८७ प्रतिशत) रहेका छन्। वडागत रूपमा हेर्दा समग्र सबै वडाहरूमा काठ तथा दाउराको प्रयोग गर्नेको संख्या सबैभन्दा बढी रहेको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। मध्यपहाडी क्षेत्र भएकोले गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै मानिसको स्वास्थ्यमा पर्ने नकारात्मक असरसमेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।

### ६.४.३ गाउँपालिका क्षेत्रमा विद्युत वा सौर्य उर्जा आयोजनाहरूको स्थिति

गाउँपालिका क्षेत्र भित्र अवस्थित विद्युत तथा उर्जा आयोजनाहरूको विवरण (गाउँपालिका भित्र रहेका र निर्माणाधीन आयोजनाहरूको विवरण) तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ५६:** गाउँपालिका क्षेत्रमा विद्युत वा सौर्य उर्जा आयोजनाहरूको विवरण

| क्र सं | आयोजनाको किसिम | आयोजनाको नाम | क्षमता( kw) | वार्षिक उर्जा खपत (kwh) | ठेगाना | सेवा क्षेत्र (वडा) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|---|
| १ | जलविद्युत आयोजना-हालको वार्षिक ने.वि.प्रा को आपूर्ति | | | | | | |
| २ | स्थानीय लघु जलविद्युत आयोजना | निरन्दी खोला दोश्रो सुधारिएको पानी घट्ट परियोजना | ४ (kw) | ३ (kw) | बौदीकाली १, चापादी | १ | ६० |
| | | निरन्दी खोला पेल्ट्रीक सेट | ३ (kw) | पुरै | बौदीकाली १, सोतीपोलक | १ | २५ |
| | | जोगीमारा बौदीखोला पिको सेट | ४(kw ) | पुरै | बौदीकाली १, मिनाङ्कोट | १ | ३५ |
| | | डेढगाउँ लघु जलविधुत आयोजना | १२ (kw) | पुरै | बौदीकाली २, डेढगाउँ | २ | २५५ |
| | | बौदी खोला वृद्धि कूलो पानी घट्ट | ५ (kw) | ५ (kw) | बौदीखोला, रकुवा | ३ | १०० |
| | | बौदी खोला लामे सुधारिएको पानी घट्ट | ३ (kw) | ३ (kw) | बौदीखोला, रकुवा | ३ | ७० |
| | | बौदी खोला दोश्रो ल.ज.वि | १७ (kw) | ७ (kw) | बौदीकाली ४, भुटिया | ४ | २२५ |
| | | बौदी खोला पहिलो ल.ज.वि. | ११ (kw) | पुरै | बौदीकाली ४, राइका घाट | ४ | २२५ |
| | | इल्ली खोला पेल्ट्रीक सेट | ५(kw) | पुरै | ब्याघान | ४ | ७० |
| | | इल्ली खोला दोश्रो पेल्ट्रीक सेट | ५(kw) | पुरै | ब्याघान | ४ | ७० |
| | | प्रथम निरिन्दी खोला ल.ज.वि | ११(kw ) | पुरै | हर्बले | ५ | १६५ |
| | | भालु खोला ल.ज.वि | ४(kw ) | पुरै | भालु खोला | ५ | ८५ |
| | | इल्ली पोखरीछाप ल.ज.वि. | ३(kw) | पुरै | पोखरीछाप | ६ | ६८ |
| | | निरिन्दी खोला दोस्रो ल.ज.वि. | ३(kw) | पुरै | कोटथर | ६ | ५९ |
| | | निरिन्दी खोला तेस्रो ल.ज.वि | ५(kw) | पुरै | नगरडाँडा | ६ | १०० |
| | | चोवार्दी खोला दोस्रो पेल्ट्रीक सेट | ३(kw) | पुरै | पुरानो नरम | ६ | ४५ |
| | | घेर्जदी खोला ल.ज.वि. | २(kw) | पुरै | बोछाप | ६ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चोवादी धारा ल.ज.वि. | २(kw) | पुरै | डडुवा | ६ | ११ |
| | | पहिलो चवार्दी खोला ल.ज.वि | २.५ (kw) | पुरै | माझडाँडा | ६ | ४९ |
| | | जोर्ने ल.ज.वि. | ३(kw) | पुरै | लाहापे | ६ | ४५ |
| | | निरन्दी खोला ल.ज.वि. | ३.५(kw) | पुरै | मधुकोट | ६ | ६० |
| | | नाग खोला ल.ज.वि | १(kw) | पुरै | गिजाङ्डाँडा | ६ | ७ |
| | | पाङ्गरी खोला ल.ज.वि. | २(kw) | पुरै | नेवारबारी | ६ | ३३ |
| | | बौदी मझुवा ल.ज | १०(kw) | पुरै | बौदीकाली-२, डेढगाउँ | २ | २०० |
| | | मजुवा सेरा ल.ज.वि. | ७ (kw) | | डेढगाउँ | २ | १५० |
| ३ | सोलार आयोजना | - | - | - | - | - | - |
| ४ | अन्य उर्जा आयोजना | - | - | - | - | - | - |

*स्रोत: नेपाल विद्युत प्राधिकरण, २०७४*

### ६.४.४ ग्राहक वर्गीकरणका आधारमा उर्जा खपत

**तालिका नं ५७:** ग्राहक वर्गीकरणका आधारमा उर्जा खपत

| क सं | उपभोक्ता | संख्या | वार्षिक उर्जा खपत (kwh) |
|---|---|---|---|
| १ | गार्हस्थ्य उपभोक्ता | १२० | पुरै(वडा १) |
| | | २५५ | पुरै(वडा २) |
| | | २९५ | पुरै (वडा ४) |
| | | २५० | पुरै (वडा ५) |
| | | ४९७ | पुरै (वडा ६) |
| | | १७० | पुरै(वडा ३) |

*स्रोत: नेपाल विद्युत प्राधिकरण, २०७४*

माथिको तालिकामा यस गाउँपालिकामा भएको उर्जा खपतको विवरण प्रस्तुत गरिएको छ । गाउँपालिकामा गार्हस्थ्य उपभोक्ताले मात्र उर्जा खपत गरिएको देखाइएको छ । जसमा वडा नं १ मा १२० घरधुरीले उर्जा खपत गरेका छन्, वडा नं २ मा २५५, वडा नं ४ मा २९५ , वडा नं ५ मा २५०, वडा नं. ६ मा ४९७ छ भने वडा नं. ३ मा १७० घरधुरीले उर्जा खपत गरेको देखिएको छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ । समग्रमा हेर्दा शिक्षाप्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टिगत परिणामस्वरूप समग्र देशको साक्षरता दरमा वृद्धि आवधिक भइरहेको छ । बौदीकाली गाउँपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ । यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियानजस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ । यसै सिलसिलामा बौदीकाली गाउँपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भूमिका रहन्छ। गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक शसक्त माध्यमको आवधिक योजनाहरूले निरन्तर रूपमा अबलम्बन गर्दै आएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षासम्बन्धी हकमा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शैक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिप प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो। यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन। आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

सन् २०००-२०१५ सम्म कार्यान्वयनमा रहेका सहश्राब्दी विकास लक्ष्य (MDGs) ८ मध्ये उद्देश्य नं २ (Goal No. 2) सार्वभौमिक प्राथमिक शिक्षा रहेको थियो। MDGs पक्ष राष्ट्रको हैसियतले नेपालको उक्त उद्देश्य प्राप्तिका बाटोमा आफ्नो गतिविधि केन्द्रित गरेको पाइन्छ। फलस्वरूप २०१५ को अन्त्यसम्म प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने लैङ्गिक अनुपात समदरमा पुगेको छ। दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ मध्ये उद्देश्य ४ सबैका लागि समावेशी, समतामुलक र गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ रहेको छ। गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न, उद्यमशिलता विकास गर्न, प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो उद्देश्यको कार्यान्वयन निर्देशित देखिन्छ।

परम्परागत कृषि पेशामा आधुनिकिकरण र व्यवसायिकरण गर्न, उद्यमशिलताको विकास र पूँजी लगानी मार्फत औद्योगिकिकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस बौदीकाली गाउँपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट बौदीकाली गाउंपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा बौदीकाली गाउँपालिका यस नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७०.६७ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। शिक्षा क्षेत्रमा पनि लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७९.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.५० प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा १६.४६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ५८: साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| १ | ७६९ | ७५४ | २७ | ३५ | १५९ | ३७९ | ० | ० | ९५५ | १,१६८ | २,१२३ |
| २ | ९८४ | ११०४ | ३४ | ५६ | १९३ | ४९७ | १ | ४ | १,२१२ | १,६६१ | २,८७३ |
| ३ | ६५८ | ६९७ | १३ | २८ | १५२ | ३६१ | ० | ० | ८२३ | १,०८६ | १,९०९ |
| ४ | ९७४ | ९३५ | ११ | ६ | २२६ | ५२१ | ० | २ | १,२११ | १,४६४ | २,६७५ |
| ५ | ४०९ | ३८१ | २९ | २८ | १३० | ३४२ | ० | ० | ५६८ | ७५१ | १,३१९ |
| ६ | ९८६ | १०४८ | १४ | ३२ | २०७ | ५३६ | २ | ० | १,२०९ | १,६१६ | २,८२५ |
| **जम्मा** | ४,७८० | ४,९१९ | १२८ | १८५ | १,०६७ | २,६३६ | ३ | ६ | ५,९७८ | ७,७४६ | १३,७२४ |
| **प्रतिशत** | ७९.९६ | ६३.५० | २.१४ | २.३९ | १७.८५ | ३४.०३ | ०.०५ | ०.०८ | १००.०० | १००.०० | |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

बौदीकाली गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबैभन्दा बढी साक्षरता दर वडा नं. २ मा ७२.६८ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८१.१९ प्रतिशत र महिला साक्षरता दर ६६.४७ प्रतिशत रहेको छ। त्यस्तै गरी सबैभन्दा कम साक्षरता दर वडा नं. ५ मा रहेको छ। जसमा कूल साक्षरता दर ५९.८९ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७२.०१ प्रतिशत र महिला साक्षरता दर ५०.७३ प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस बौदीकाली गाउँपालिका शैक्षिक हिसाबमा देशको मध्यम स्थानमा नै रहेको देखिन्छ।





## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं ५९:** शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथि | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५० | २८०३ | ९९५ | ३३६ | २४९ | ९४ | ३४ | १६ | १ | २३५ | ७१ | ४९८४ |
| महिला | १९० | २५६२ | ११२८ | ४०४ | १९६ | ८३ | १६ | ३ | २ | ४७९ | ८३ | ५१४६ |
| जम्मा | ३४० | ५३६५ | २१२३ | ७४० | ४४५ | १७७ | ५० | १९ | ३ | ७१४ | १५४ | १०१३० |
| प्रतिशत | ३.३६ | ५२.९६ | २०.९६ | ७.३१ | ४.३९ | १.७५ | ०.४९ | ०.१९ | ०.०३ | ७.०५ | १.५२ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस तालिकामा बौदीकाली गाउँपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा ३४० जना स्कूल नगएको देखिन्छ। स्कूल जानेहरूमा ५,३६५ (५२.९६ प्रतिशत) प्राथमिक तह, २,१२३ (२०.९६ प्रतिशत) नि.मा.वि. तह, ७४० (७.३१ प्रतिशत) मा.वि. तह, ४४५ (४.३९ प्रतिशत) एस.एल.सी. तह, १७७ ( १.७५ प्रतिशत) प्रमाणपत्र तह, ५० (०.४९ प्रतिशत) स्नातक तह, १९ (०.१९ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।





## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं ६०: विषयगत शैक्षिक जनशक्तिको विवरण

| विषय | जम्मा | प्रतिशत |
|---|---|---|
| मानविकी र कला | ७९ | ३२.११ |
| व्यापार र प्रशासन | १४ | ५.६९ |
| शिक्षा | ४५ | १८.२९ |
| विज्ञान | ९ | ३.६६ |
| स्वास्थ्य | ५ | २.०३ |
| इन्जिनीयरिङ र निर्माण | १ | ०.४१ |
| कानुन | ३ | १.२२ |
| सामाजिक र व्यवहारिक विज्ञान | २४ | ९.७६ |
| गणित र तथ्याङ्क | १० | ४.०७ |
| कृषि, वन र मत्स्य | १ | ०.४१ |
| उल्लेख नगरिएको | ५५ | २२.३६ |
| जम्मा | २४६ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या ७९ (३२.११ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ४५ (१८.२९ प्रतिशत), तेस्रो स्थानमा सामाजिक र व्यवहारिक विज्ञान पढ्नेको जनसंख्या २४ (९.७६ प्रतिशत), व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या १४ (५.६९ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकामा अहिलेको प्रविधिको युगमा पनि प्राविधिक शिक्षा (कानुन, स्वास्थ्य, ईन्जिनियरिङ, कृषि आदि) को कमि रहेको पाइन्छ । गाउँपालिकाको समग्र विकासमा टेवा पुऱ्याउन प्राविधिक शिक्षामा जोड दिनु पर्ने हुन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ।




### ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं ६१:** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| उमेर समूह | कूल जनसंख्या | | | विद्यालय गैरहेको | | | हाल विद्यालय नगएको जनसंख्या | | | उल्लेख नगरिएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ५-१० वर्ष | १३०० | १२४७ | २५४७ | ११६८ | ११२२ | २२९० | ९१ | ७८ | १६९ | ४१ | ७८ | ११९ |
| ११-१५ वर्ष | ११४८ | ११९७ | २३४५ | १०७३ | ११११ | २१८४ | ५२ | ६१ | ११३ | २३ | ६१ | ८४ |
| १६-२० वर्ष | ६७३ | १०४० | १७१३ | ४२२ | ४७३ | ८९५ | २२५ | ५०९ | ७३४ | २६ | ५०९ | ५३५ |
| जम्मा | ३१२१ | ३४८४ | ६६०५ | २६६३ | २७०६ | ५३६९ | ३६८ | ६४८ | १०१६ | ९० | ६४८ | ७३८ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। यस गाउँपालिकामा ५ देखि १० वर्ष उमेर समूहको जनसंख्यामध्ये २,२९० जना स्कूल गएको देखिन्छ भने १६९ जना स्कूल नगएको देखिन्छ। त्यस्तै ११ देखि १५ वर्ष उमेर समूहको जनसंख्यामा २,१८४ जनसंख्या स्कूल गएको देखिन्छ भने ११३ स्कूल गएको देखिदैन। त्यस्तै १६ देखि २० वर्ष उमेर समूहको जनसंख्यामा ८९५ जनसंख्या विद्यालय गएको देखिन्छ भने ७३४ जनसंख्या गएको देखिदैन जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

*(नोट : नयाँ शिक्षा ऐनअनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामकरण गरिएको छ।)*

### ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरी भूमिका रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्।

**तालिका नं ६२:** गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

| विवरण | सामुदायिक | संस्थागत विद्यालय | कूल |
|---|---|---|---|
| **बाल विकास केन्द्र** | ४२ | ० | ४२ |
| **आधारभूत तह** | | | |
| **कक्षा १-३** | ७ | १ | ८ |
| **कक्षा १-५** | १३ | १ | १४ |
| **कक्षा १-८** | ९ | ० | ९ |
| **माध्यमिक तह** | | | |
| **कक्षा ९-१०** | ४ | ० | ४ |
| **कक्षा ११-१२** | १ | ० | १ |
| **प्राविधिक शिक्षालय** | १ | ० | १ |
| **सीप विकास तालिम केन्द्र** | २ | ० | २ |
| **जम्मा** | ७९ | २ | ८१ |

*स्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

तालिका नं ६३: विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरूको विवरण

| तह | कक्षा | सरकारी विद्यालय | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| आधारभूत विद्यालय | १ | १६३ | १५९ | ३२२ |
| | २ | १३८ | १३२ | २७० |
| | ३ | १६५ | १६४ | ३२९ |
| | ४ | १५९ | १७४ | ३३३ |
| | ५ | २०९ | १७७ | ३८६ |
| | **१-५ जम्मा** | **८३४** | **८०६** | **१६४०** |
| | ६ | २०६ | १८० | ३८६ |
| | ७ | १८६ | १७३ | ३५९ |
| | ८ | २०६ | २०३ | ४०९ |
| | **६-८ जम्मा** | **५९८** | **५५६** | **११५४** |
| माध्यामिक विद्यालय | ९ | १३७ | १२० | २५७ |
| | १० | १२३ | १०४ | २२७ |
| | **९-१० जम्मा** | **२६०** | **२२४** | **४८४** |
| | **जम्मा** | **१६९२** | **१५८६** | **३२७८** |

*स्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

## ७.२.५ शिक्षक विवरण

तालिका नं ६४: तहगत शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दीमा कार्यरत | | | | राहत दरवन्दीमा कार्यरत | | जम्मा तहगत शिक्षक | विद्यालय कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | | अस्थायी | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| प्रा.वि. | ५ | ६ | २४ | २९ | १४ | १० | ८८ | २० |
| नि.मा. वि. | ३ | ४ | ० | ५ | २ | ७ | २१ | ९ |
| मा.वि | ० | ६ | ० | ४ | ० | ७ | १७ | ८ |
| उ.मा.वि. | | | | २ | | | २ | २ |
| जम्मा | ८ | १६ | २४ | ४० | १६ | २४ | १२८ | ३९ |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

## ७.२.६ पुस्तकालय

यस गाउँपालिकाको वडा नं २ डेढगाउँमा सिद्धार्थ सामुदायिक पुस्तकालय रहेको छ। जसको स्थापना वि.सं. २०२७ सालमा भएको थियो। यस पुस्तकालयबाट स्थानीयबासी तथा विद्यार्थीहरूले विभिन्न किसिमको पुस्तक मार्फत ज्ञान लिने गरेको पाइन्छ।

### ७.२.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** राष्ट्रिय स्तरमा हेर्दा खुद भर्ना दरको अनुपातमा विद्यालय छोड्ने (dropout) पनि उच्च देखिन्छ अन्य समुदायका अलावा विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा संञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट दरबन्दी अनुरूप शिक्षक उपलब्ध नगराउनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले श्रोतको अभावमा शिक्षक व्यवस्गाथापन गर्न नसक्नुजस्ता कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाहीसमेत गर्न नसकेको पाइएको छ । यसबाहेक व्यवस्थापन समितिले समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।
- ✓ **विद्यालय प्रशासन तथा व्यवस्थापन समितिको कमजोरी :** सरोकारवालाहरूमध्ये विद्यालय प्रशासनको नेतृत्वमा विद्यालय संचालन सफल बनाउने विशेष जिम्मेवारी रहने गर्दछ तर पहुँचको आधारमा प्र.अ. बन्ने प्रवृत्तिले गर्दा असक्षम प्रशासन भएका विद्यालय सफल हुन सक्दैन, त्यसैगरी विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी पनि त्यतिकै रहेको हुन्छ तर प्राय: वि.व्य.स. अध्यक्ष, प्र.अ.मुताविक चल्ने गर्दा विभिन्न कमजोरीहरू देखा पर्छ ।

### ७.२.८ बाल विकास केन्द्र

तालिका नं ६५: बाल विकास केन्द्रको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | ECD मा अध्ययनरत विद्यार्थी | | |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा |
| १ | दिपज्योती प्रा.वि. | बौदीकाली गाउँपालिका-१ | ५ | ३ | ८ |
| २ | जनज्योती प्रा.वि. | बौदीकाली गाउँपालिका-१ | २ | २ | ४ |
| ३ | सिद्ध प्रा.वि. | बौदीकाली गाउँपालिका-३ | ७ | ३ | १० |
| ४ | नमुना प्रा.वि.टारी | बौदीकाली गाउँपालिका-३ | १ | ६ | ७ |
| ५ | दुर्गा प्रा.वि. | बौदीकाली गाउँपालिका-३ | २१ | ९ | ३० |
| ६ | पंञ्चकन्या प्रा.वि. | बौदीकाली गाउँपालिका-६ | ० | ० | ० |
| ७ | नेपाल प्रा.वि. | बौदीकाली गाउँपालिका-४ | ५ | ६ | ११ |
| ८ | बालकल्याण प्रा.वि. | बौदीकाली गाउँपालिका-४ | ५ | ४ | ९ |
| ९ | पदम कन्या प्रा.वि. | बौदीकाली गाउँपालिका-५ | ७ | ३ | १० |
| १० | जनता प्रा.वि. | बौदीकाली गाउँपालिका-२ | ५ | १० | १५ |
| ११ | कालिगण्डकी प्रा. | बौदीकाली गाउँपालिका-२ | ७ | ६ | १३ |
| १२ | कृष्णगण्डकी प्रा. | बौदीकाली गाउँपालिका-१ | २ | २ | ४ |
| १३ | सिद्धि प्रा.वि. | बौदीकाली गाउँपालिका-१ | ३ | ९ | १२ |
| १४ | उदय प्रा.वि. | बौदीकाली गाउँपालिका-६ | ८ | ११ | १९ |
| १५ | चण्डिदेउराली प्रा.वि | बौदीकाली गाउँपालिका-६ | २ | ७ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | बालहित ज.जा.प्रा. | बौदीकाली गाउँपालिका-६ | ४ | ८ | १२ |
| १७ | रुपिकन्या प्रा.वि. | बौदीकाली गाउँपालिका-६ | ४ | ६ | १० |
| १८ | महाभारत प्रा.वि. | बौदीकाली गाउँपालिका-६ | २ | ३ | ५ |
| १९ | महेन्द्रज्योती प्रा.वि. | बौदीकाली गाउँपालिका-४ | ११ | ८ | १९ |
| २० | लोकप्रिय प्रा.वि. | बौदीकाली गाउँपालिका-४ | १ | ६ | ७ |
| २१ | बालकल्यण नि.मा | बौदीकाली गाउँपालिका-२ | २९ | ३२ | ६१ |
| २२ | सिद्धिविद्याश्रम नि. | बौदीकाली गाउँपालिका-१ | ११ | ९ | २० |
| २३ | शारदा निमा.वि. | बौदीकाली गाउँपालिका-३ | १३ | १० | २३ |
| २४ | जनता नि.मा.वि. | बौदीकाली गाउँपालिका-६ | ३ | ३ | ६ |
| २५ | लक्ष्मी नि.मा.वि. | बौदीकाली गाउँपालिका-६ | १२ | ५ | १७ |
| २६ | लोकप्रिय नि.मा. | बौदीकाली गाउँपालिका-४ | ९ | १२ | २१ |
| २७ | सर्वप्रिय नि.मा.वि. | बौदीकाली गाउँपालिका-४ | १० | ७ | १७ |
| २८ | उत्तमवालहित.आ.वि. | बौदीकाली गाउँपालिका-५ | ९ | ६ | १५ |
| २९ | उदय आ.वि. | बौदीकाली गाउँपालिका-५ | ९ | २ | ११ |
| ३० | धर्मात्मा मा.वि. | बौदीकाली गाउँपालिका-१ | १३ | १४ | २७ |
| ३१ | बेलभञ्ज्याङ मा.वि | बौदीकाली गाउँपालिका-३ | ११ | १७ | २८ |
| ३२ | नगरडाडा मा.वि. | बौदीकाली गाउँपालिका-६ | ५ | ९ | १४ |
| ३३ | नगरडाडा मा.वि. | बौदीकाली गाउँपालिका-४ | ९ | १२ | २१ |
| ३४ | डेढगाउ उ.मा.वि. | बौदीकाली गाउँपालिका-२ | २८ | १९ | ४७ |
| | | जम्मा | २७३ | २६९ | ५४२ |
| | | **संस्थागत विद्यालय** | | | |
| १ | प्रतिभा ई.बो. स्कूल | बौदीकाली गाउँपालिका-२ | | | |
| २ | राइसिङ स्टार ई.बो. स्कूल | बौदीकाली गाउँपालिका-२ | | | |

*श्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.३ स्वास्थ्य

प्रशासनिक रूपमा ६ वटा वडाहरूमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। यस गाउँपालिकामा हालसम्म अस्पताल निर्माण हुन सकेको छैन । गाउँपालिकाको सबै वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् । प्राथमिक उपचारको लागि यहाँका स्थानीयबासीहरू स्थास्थ्य चौकी मार्फत सेवा लिने गरेको पाइन्छ । जटिल विरामी उपचारको लागि लैजान डेढगाउँ समूहबाट संचालित एम्बुलेन्स मार्फत सेवा लिने गरेको पाइन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस गाउँपालिकामा उच्च मातृ तथा शिशु मृत्युदर समस्याको रूपमा रहेको छ।

यस क्षेत्रमा आपतकालीन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भिरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरीसम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्थाजस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकाका विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। तर आधारभूत प्रकृतिका औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

**तालिका नं ६६:** गाउँपालिकाको विद्यमान स्वास्थ्य सेवाहरू

| क्र.सं. | स्वास्थ्य सेवा | ठेगाना (वडा नं. सहित) | संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | १,३,४,६ | ४ |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | २ | १ |
| ३ | चिकित्सक संख्या | २ | १ |
| ४ | बर्थिंङ सेन्टर | २ | १ |
| ५ | महिला स्वयम सेविका संख्या | १-६ | ५८ |
| ६ | टि.बी. उपचार केन्द्र | १-६ | ५ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७४*

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको बराबर १ महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानअनुसार गाउँपालिकामा ५८ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिअनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिनाबाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपि तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधी पनि पर्याप्त मात्रामा उपलब्ध छैन। शारीरिक वृद्धिको लेखाजोखाजस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले समेट्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ गाउँपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण

तालिका नं ६७: गाउँपालिकामा देखिएका प्रमुख रोगहरूको विवरण

| क.सं. | प्रमुख रोगहरू | रोगीको संख्या | प्रतिशत | ओ.पि.डि.मा आउने कूल विरामी संख्या |
|---|---|---|---|---|
| १ | टाउको दुखेको | १३११ | ९.६२ | १३६१६ |
| २ | ज्वरो | १०७० | ७.८५ | |
| ३ | ग्याष्ट्रिक | ९६१ | ७ | |
| ४ | झाडापखला | ४८५ | ३.५६ | |
| ५ | जुका | ४७८ | ३.५१ | |
| ६ | पिनास, रुघाखोकी | ४६२ | ३.३९ | |
| ७ | बाथ | ४३८ | ३.२१ | |
| ८ | चोटपटक | ४३३ | ३.१८ | |
| ९ | स्वास नलिको समस्या | ३९६ | २.९ | |
| १० | लुतो | ३९४ | २.८९ | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८४ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुँदै गएका छन्। हाल नेपालमा

एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमणमध्ये १६१८ जना १५ वर्षमुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारत लगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागूपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी. को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.५ क्षयरोग कार्यक्रम

क्षयरोग माइकोब्याक्टेरियम टयुबरक्युलोसिस नाम गरेको नाङ्गो आखाँले देख्न नसकिने अति शुक्ष्म किटाणुको संक्रमणबाट हुन्छ। सुक्ष्मदर्शक यन्त्रबाट यसलाई देख्न सकिन्छ। यो खोक्दा, हाछ्यु गर्दा हावाको माध्यमबाट रोगी व्यक्तिबाट निरोगी व्यक्तिमा सर्ने सरुवा रोग हो। क्षयरोग किटाणुबाट हुन्छ भन्ने कुरा २४ मार्च १८२२ मा जर्मनका वैज्ञानिक डा. रर्वट ककले पत्ता लगाएका थिए। प्रभावित अंगको आधारमा क्षयरोगलाई दुई भागमा बाड्न सकिन्छ। फोक्सोको क्षयरोग र फोक्सोबाहेक अन्य शरिरको भागमा हुने क्षयरोग। क्षयरोगको विरामीमध्ये ८० प्रतिशत फोक्सोका बिरामी हुन्छन्।

### ७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखिर जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले कानूनले विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

**तालिका नं ६८:** गाउँपालिकाको सुरक्षित मातृत्वसम्बन्धी अवस्था

| विवरण | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ |
|---|---|---|---|
| पहिलो पटक गर्भवति जाँच सेवा लिनेको संख्या | २७० | २६६ | २१९ |
| प्रोटोकलअनुसार पहिलो पटक गर्भवति जाँच सेवा लिनेको संख्या | - | - | - |
| प्रोटोकलअनुसार ४ पटक गर्भवति जाँच सेवा लिनेको संख्या | १४४ | २०५ | १३१ |
| दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मी.) प्रसुति गराएको जम्मा संख्या | ६३ | १०६ | १०८ |
| स्वास्थ्य संस्थामा प्रसुति भएको संख्या | ६३ | १०६ | १०८ |
| स्वास्थ्य संस्थामा प्रसुति भएका जातजातिअनुसारको संख्या | - | - | - |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्या | - | - | १६ |
| सुरक्षित गर्भपतन सेवा | ४० | ६३ | ५२ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.३.७ परिवार नियोजनसम्बन्धी विवरण

**तालिका नं ६९:** परिवार नियोजनसम्बन्धी विवरण

| विवरण | | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ |
|---|---|---|---|---|
| नयाँ प्रयोगकर्ता संख्या | पिल्स | ८२ | ८८ | ८६ |
| | डिपो | १३३ | १५२ | १८३ |
| | आई.यु.सी.डी. | - | - | - |
| | ईम्प्लान्ट | - | - | - |
| हाल प्रयोग गरिरहेकाहरूको संख्या | पिल्स | १४२ | ९७ | ११७ |
| | डिपो | १४९ | १२२ | १३३ |
| | आई.यु.सी.डी. | - | - | - |
| | ईम्प्लान्ट | - | - | - |
| बन्ध्याकरण गराउनेको संख्या | | | ५ PHC मा मात्रै | |
| कण्डम वितरण संख्या | | १९,३५५ | १०,६७७ | ११,५७२ |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

## ७.३.८ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

तालिका नं ७०: खोप सेवाको विवरण

| खोपको नाम | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ |
|---|---|---|---|
| | संख्या | संख्या | संख्या |
| वि.सि.जि. | २८२ | २७० | २५५ |
| दादुरा | २७४ | २५९ | २९७ |
| पोलियो ३ | २७९ | २७० | २७७ |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

| खोप नलगाएका बालबालिका | | | |
|---|---|---|---|
| विवरण | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ |
| | संख्या | संख्या | संख्या |
| वि.सि.जि. र दादुरा | ६ | ४ | - |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

## ७.३.९ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रूपमा श्वासप्रश्वास सम्बन्धी रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागू गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ। यस गाउँपालिकाका बालवालिका समेत यो रोगबाट संक्रमित हुने गरेको पाइन्छ।

## ७.३.१० शिशु तथा ५ वर्षमुनिका बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रतिहजार, शिशु मृत्युदर ३२ प्रतिहजार र पँच वर्षमुनिको बाल मृत्युदर ३९ प्रतिहजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ । बौदिकाली गाउँपालिकाको पाँच वर्षमुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

### ७.३.११ बालपोषणसम्बन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकारसम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुर्व्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान ( २०७२) ले पनि खाद्य सम्प्रभूतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं ७१:** विगत ३ वर्षहरूको पोषणको व्यवस्था

| विवरण | आ. व. २०७१/०७२ | | | आ.व. २०७२/०७३ | | | आ.व. २०७३/०७४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| २ वर्षभन्दा मुनिका बालबालिकाहरूको पहिलो फटक वृद्धि अनुगमन गरेको संख्या | ६९५ | ४३६ | ६२.७९ | ७६८ | ३३९ | ४४.१४ | ७४५ | ३१९ | ४२.८१ |
| वृद्धि अनुगमन नया पुरानो | ६९५ | १०८९ | - | ७६८ | १३४० | - | ७४५ | १६१९ | - |
| औषत वृद्धि अनुगमन ( पटक) | - | २.५ | - | | ४ | - | | ५ | - |
| गर्भवती महिलाहरूलाई आईरन चक्की वितरण गरेको (जनामा) | ३९६ | २८९ | ७३ | ४६५ | २४२ | ५२ | ४५० | २२२ | ४९.३३ |
| गर्भवती महिलाहरूलाई जुकाको औषधी वितरण गरेको (जना) | ३९६ | २८९ | ७३ | ४६५ | २४२ | ५२ | ४५० | २२२ | ४९.३३ |
| भिटामिन ए पाएका सुत्केरी महिला संख्या | ३८१ | २४९ | ६५.३५ | ४०७ | २२० | ५४ | ३९२ | २०८ | ५३ |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यालय, २०७४*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यस गाउँपालिकामा खेलिने खेलमध्ये प्रमुख खेल भलिबल भएको पाइन्छ । यस बौदीकाली क्षेत्रमा भलिबल खेल वि.सं. २०२२ साल तिर तत्कालीन भारतीय पेन्सनरहरूले शुरुवात गरेको इतिहास छ। यस खेलको शुरुवात अमेरिकाबाट १८९० को दशकमा शारीरिक शिक्षाका निर्देशक Willam Morgan ले गरेको पाइन्छ। “भली” को अर्थ हावामा फाल्नु वा उडाउनु र “बल” को अर्थ गोलो बस्तु भन्ने अर्थबाट भलिबल हुन गएको हो । यस गाउँपालिकामा डेढगाउँ अकलादेवी मन्दिरमा लाग्ने मेलामा भलिबल खेलको वि.सं. २०३३ सालदेखि निरन्तर रूपमा आयोजना हुने गरेको छ । यस मेलामा नवलपरासी जिल्ला तथा छिमेकी जिल्ला तनहुँ, पाल्पा, स्याङ्जाबाट समेत खेलाडी भाग लिने गरेको पाइन्छ। यस गाउँपालिकामा यो मेलाबाहेक २०७२ सालबाट बालीघाट क्षेत्र संरक्षण समितिले शिवरात्री मेलामा पनि विभिन्न विद्यालय स्तरीय तथा अन्य मेलाहरूमा पनि भलिबल खेल खेल्ने गरेको पाइन्छ। यसका अलवा एथ्लेटिक्सतर्फ सटफुट, हाइजम्प, र लङजम्पजस्ता खेलहरूमा समेत यो गाउँपालिका अग्रपंक्तिमा रहेको छ । यस गाउँपालिकाबाट विभिन्न खेल मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन हुने गरेको पाइन्छ।

जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाउँपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट देशमा पनि क्रिकेट, ब्याडमिन्टनजस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

खेलकुद विकासको लागि खेल मैदानदेखि आवश्यक खेलकुद सामग्रीको आवश्यकता पर्दछ । यस्तै यस गाउँपालिकाले फूटबल, भलिबलजस्ता खेलहरूमा राष्ट्रिय स्तरका खेलाडीहरू धेरै जन्माइसकेको छ। गाउँपालिकामा राष्ट्रिय स्तरको खेलमैदान नभएकाले विभिन्न स्कूल तथा वनक्षेत्र परिसरमा खेल मैदान बनाएर खेलकुद प्रतियोगिता आयोजना गरेको देखिन्छ। खेल मैदानको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ७२: खेलमैदानको विवरण

| क्र. सं. | खेल मैदानको किसिम | अनुमानित क्षेत्रफल | वडा नं. | स्थान | उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| १ | मिथुकरम भलिबल चउर | २५० वर्ग मिटर | १ | डाडाथर | सबैले |
| २ | मचेडी खेल मैदान | ६०० वर्ग मिटर | १ | मचेडी | सबैले |
| ३ | कच्ची खेल मैदान (भलिबल तथा फुटबल) | ८०० वर्ग मिटर | २ | खर्सानटार | सबैले (सामुहिक उपयोग) |
| ४ | बेलभञ्ज्याङ चउर | २५० वर्ग मिटर | ३ | बेलभञ्ज्याङ | सबैले (सामुहिक उपयोग) |
| ५ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | माथिल्लो कुवाकोट | सबैले सामुहिक उपयोग) |
| ६ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | पोखरी डाँडा | सबैले सामुहिक उपयोग) |
| ७ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | भुइयार थुन्की | सबैले सामुहिक उपयोग) |
| ८ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | चारडाँडा | सबैले (सामुहिक उपयोग) |
| ९ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | रिठ्ठे | सबैले (सामुहिक उपयोग) |
| १० | भलिबल चउर | २५० वर्ग मिटर | ४ | बटैचउर | सबैले (सामुहिक उपयोग) |
| ११ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | आमडाँडा | सबैले (सामुहिक उपयोग) |
| १२ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | लुगुरुङ् | सबैले (सामुहिक उपयोग) |
| १३ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | मौलाथर | सबैले(सामुहिक उपयोग) |
| १४ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | आरबिन, बाहुनथर | सबैले(सामुहिक उपयोग) |
| १५ | भलिबल चउर | २५० वर्ग मिटर | ४ | ब्याघान | सबैले(सामुहिक उपयोग) |
| १६ | भलिबल चउर | २५० वर्ग मिटर | ५ | चितौरेथर | सबैले(सामुहिक उपयोग) |
| १७ | भलिबल चउर | २५० वर्ग मिटर | ५ | अर्खलाथर | सबैले(सामुहिक उपयोग) |
| १८ | भलिबल चउर | २५० वर्ग मिटर | ५ | लुङ्गेलीथर | सबैले(सामुहिक उपयोग) |
| १९ | भलिबल चउर | २५० वर्ग मिटर | ५ | बोभाडी | सबैले(सामुहिक उपयोग) |
| २० | भलिबल चउर | २५० वर्ग मिटर | ५ | हर्बले | सबैले(सामुहिक उपयोग) |
| २१ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | पोखरीछाप | सबैले(सामुहिक उपयोग) |
| २२ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | नरम कोटथर | सबैले(सामुहिक उपयोग) |
| २३ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | नगरडाँडा | सबैले(सामुहिक उपयोग) |
| २४ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | नगरडाँडा पारि | सबैले(सामुहिक उपयोग) |
| २५ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | बोछाप | सबैले(सामुहिक उपयोग) |
| २६ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | पुरानो नरम | सबैले(सामुहिक उपयोग) |
| २७ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | डडुवा | सबैले(सामुहिक उपयोग) |
| २८ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | माभ्क डाँडा | सबैले(सामुहिक उपयोग) |
| २९ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | लाहापे | सबैले(सामुहिक उपयोग) |
| ३० | भलिबल चउर | २५० वर्ग मिटर | ६ | नेवारबारी | सबैले(सामुहिक उपयोग) |
| ३१ | भलिबल चउर | २५० वर्ग मिटर | ६ | मधुकोट | सबैले(सामुहिक उपयोग) |
| ३२ | बालीघाट खेल मैदान | २५० वर्ग मिटर | २ | बालीघाट | सबैले(सामुहिक उपयोग) |
| ३३ | सिंहटारी खेल मैदान | २५० वर्ग मिटर | २ | सिंहटारी | सबैले(सामुहिक उपयोग) |

| क्र. सं. | खेल मैदानको किसिम | अनुमानित क्षेत्रफल | वडा नं. | स्थान | उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| ३४ | फेदी खेल मैदान | २५० वर्ग मिटर | २ | फेदी | सबैले(सामुहिक उपयोग) |
| ३५ | देविथान खेल मैदान | २५० वर्ग मिटर | २ | देविथान | सबैले(सामुहिक उपयोग) |
| ३६ | शारदा भलिबल चौर | २५० वर्ग मिटर | ३ | | सबैले(सामुहिक उपयोग) |
| ३७ | थोत्रेनी भलिबल चौर | २५० वर्ग मिटर | ३ | थोत्रेनी | सबैले(सामुहिक उपयोग) |
| ३८ | नरम छाप खेल मैदान | २५० वर्ग मिटर | १ | | सबैले(सामुहिक उपयोग) |
| ३९ | मिनाम्कोट देउराली खेल मैदान | २५० वर्ग मिटर | १ | | सबैले(सामुहिक उपयोग) |

*श्रोत: बौदीकाली गाउँ कार्यपालिका कार्यलय,२०७४*

## ७.५ पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलसम्बन्धी विवरण

तालिका नं ७३: पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलसम्बन्धी विवरण

| वडा नम्बर | स्थलको नाम | उपयोग | क्षेत्रफल (वर्ग मि.) | स्वामित्व | आम्दानी ( वार्षिक रु) | सेवाग्राही/आगन्तुक संख्या (वार्षिक) |
|---|---|---|---|---|---|---|
| २ | बालीघाट संरक्षण क्षेत्र | पिकनिक, मनोरञ्जन, खेलकुद | करिब, २१५० वर्ग मि. | सामुदायिक | करिब, रु.२५००० | करिब, १५०० जना |
| ३ | थुम्की बगैंचा | पिकनिक, मनोरञ्जन | | सामुदायिक | ० | |
| ५ | गडी डाँडा | पिकनिक, दृष्य अवलोकन | | सामुदायिक | ० | |
| ६ | जरुवा पार्क र पिकनिक स्थल | खेलकुद, पिकनिक, मनोरञ्जन, | करिब ५ रोपनी | सामुदायिक | | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.६ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

तालिका नं ७४: सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

| क्र.सं. | पाटीपौवा र चौतारासम्बन्धी विवरण | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिथुकरम डाडा चौतारी | १ | मिथुकरम डाँडाथर | विश्राम | |
| २ | भूताहा चौतारी | १ | मचेडी | विश्राम | |
| ३ | देउराली चौतारी | १ | देउराली | विश्राम | |
| ४ | हाडे चौतारी | १ | जौशीथर | विश्राम | |
| ५ | चारघरे चौतारी | १ | चारघरे | विश्राम | |
| ६ | सिमलडाडा चौतारी | १ | सिमलडाडा | विश्राम | |
| ७ | मौला चौतारी | १ | मौलाथर | विश्राम | |
| ८ | बोजादी चौतारी | १ | भण्डारीथर | विश्राम | |
| ९ | माग्लिङ्टार चौतारी | १ | माग्लिङ्टार | विश्राम | |
| १० | मचेडी फाँट चौतारी | १ | मचेडी | विश्राम | |

| क्र.सं. | पाटीपौवा र चौतारासम्बन्धी विवरण | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| ११ | किपेनी चौतारी | १ | किपेनी | विश्राम | |
| १२ | किपेनी पाटी पौवा | १ | किपेनी | विश्राम | |
| १३ | किसेदी खोला पाटी पौवा | १ | किसेदी | विश्राम | |
| १४ | मदन आश्रित विश्राम स्थल | २ | खर्सान | विश्राम | |
| १५ | देवीथान पौवा | २ | देवीथान | विश्राम | |
| १६ | ढुवाड चौतारी | २ | खहरे | विश्राम | |
| १७ | फेदी चौतारी | २ | केरमटार फेदी | विश्राम | |
| १८ | बिच चौतारी | २ | बालुवा डाडा | विश्राम | |
| १९ | बन्दिपुर चौतारी | २ | केरमटार | विश्राम | |
| २० | देवीथान चौतारी | २ | तलाड | विश्राम | |
| २१ | खर्सान चौतारी | २ | तल्लो खर्सान | विश्राम | |
| २२ | राजा चौतारी | २ | खर्सान | विश्राम | |
| २३ | रानीवेल चौतारी | २ | रानीवेल | विश्राम | |
| २४ | सुवेदार्नी चौतारी | २ | फेदीकेखयर | विश्राम | |
| २५ | बालीघाट ठाँटी चौतारी | २ | बालीघाट | बालुवा | |
| २६ | जोर्ते चौपाटी | २ | जोर्ते | बालुवा | |
| २७ | भुलाङ चौपाटी प्रतिक्षालय | २ | भुलाङ | बालुवा | |
| २८ | गोतामे चौतारी | ३ | बाहुनटोल | विश्राम | |
| २९ | सारदा चौतारी | ३ | बाहुन टोल | विश्राम | |
| ३० | थोत्रेनी चौतारी | ३ | थोत्रेनी | विश्राम | |
| ३१ | खैरेनी पाटीपौवा | ३ | खैरेनी | विश्राम | |
| ३२ | साघुरी पुल पाटीपौवा | ३ | साघुरी | विश्राम | |
| ३३ | ओटाङ चौतारी | ३ | ओटाङ | विश्राम | |
| ३४ | देउराली चौतारी | ३ | देउराली | विश्राम | |
| ३५ | पाहुना गृह | ३ | चन्देन थर | विश्राम | |
| ३६ | सुत्केरी चौतारी | ३ | सिमलस्वारा | विश्राम | |
| ३७ | बराजु थान | ३ | माथिल्लो थर | विश्राम | |
| ३८ | कामी गाउँ चौतारी | ३ | डडहरा | विश्राम | |
| ३९ | चौकी डाडा चौतारी | ३ | चौकी डाडा | विश्राम | |
| ४० | रोगाहा साल चौतारी | ३ | स्वारा | विश्राम | |
| ४१ | माल मादी चौतारी | ३ | जौबारी | विश्राम | |
| ४२ | सेतोपानी चौतारी | ४ | सेतोपानी | विश्राम | |
| ४३ | देउराली चौतारी | ४ | देउराली | विश्राम | |
| ४४ | दमैथर चौतारी | ४ | मौलाथर | विश्राम | |
| ४५ | ब्याघान चौतारी | ४ | ब्याघान | विश्राम | |
| ४६ | ब्याघान स्कूल चौतारी | ४ | ब्याघान | विश्राम | |
| ४७ | धनपुरे चौतारी | ४ | ब्याघान | विश्राम | |
| ४८ | डाँडाबारी चौतारी | ४ | डाँडाबारी | विश्राम | |
| ४९ | बाहुनथर चौतारी | ४ | बाहुनथर | विश्राम | |
| ५० | पुछार चौतारी | ४ | आमडाँडा | विश्राम | |

| क्र.सं. | पाटीपौवा र चौतारासम्बन्धी विवरण | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| ५१ | सिरान चौतारी | ४ | आमडाँडा | विश्राम | |
| ५२ | बटैचउर चौतारी | ४ | बटैचउर | विश्राम | |
| ५३ | लुकुरुङ् चौतारी | ४ | लुकुरुङ् | विश्राम | |
| ५४ | थर्पु चौतारी | ४ | थर्पु, बाहुनथर | विश्राम | |
| ५५ | बिरकुटे चौतारी | ४ | तल्लो कुवाकोट | विश्राम | |
| ५६ | हलदार चौतारी | ४ | तल्लो कुवाकोट | विश्राम | |
| ५७ | दशरथ चौतारी | ४ | दशारथ | विश्राम | |
| ५८ | पोखरी डाँडा चौतारी | ४ | मौलाथर | विश्राम | |
| ५९ | पोखरा डाँडा चौतारी | ५ | पोखरा डाँडा | विश्राम | |
| ६० | नयाँ चौतारी | ५ | अर्खलाथर | विश्राम | |
| ६१ | चोटार डाँडा चौतारी | ५ | चोटार डाँडा | विश्राम | |
| ६२ | तल्लो आँप चौतारी | ५ | हर्बले | विश्राम | |
| ६३ | माथिल्लो आँप चौतारी | ५ | हर्बले | विश्राम | |
| ६४ | ठूलो पिपल चौतारी | ५ | बोभाडी | विश्राम | |
| ६५ | आले चौतारी | ५ | बोभाडी | विश्राम | |
| ६६ | पुछारे ठूलो पिपल चौतारी | ५ | बोभाडी | विश्राम | |
| ६७ | गाग्री खोला चौतारी | ५ | बोभाडी | विश्राम | |
| ६८ | कैला चौतारी | ५ | बोभाडी | विश्राम | |
| ६९ | नगर डाँडा चौतारी | ६ | नगर डाँडा | विश्राम | |
| ७० | बराल चौतारी | ६ | मधुकोट | विश्राम | |
| ७१ | कामी चौतारी | ६ | नगरडाँडा | विश्राम | |
| ७२ | पोखरी भञ्ज्याङ् चौतारी | ६ | पोखरी भञ्ज्याङ् | विश्राम | |
| ७३ | गेट डाँडा चौतारी | ६ | नगरडाँडा | विश्राम | |
| ७४ | मौवा चौतारी | ६ | नरम, मिथुकरम सिमाना | विश्राम | |
| ७५ | आडा भञ्ज्याङ् चौतारी | ६ | नगरडाँडा | विश्राम | |
| ७६ | बोछाप चौतारी | ६ | बोछाप | विश्राम | |
| ७७ | पोखरी चौतारी | ६ | डडुवा | विश्राम | |
| ७८ | मधुकोट चौतारी | ६ | मधुकोट | विश्राम | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.७ नागरिक सुरक्षा सेवा

### ७.७.१ सामाजिक सुरक्षा

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो। वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रूपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ। यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ। बौदीकाली गाउँपालिकामा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ७५:** गाउँपालिकामा वितरण भएको सामाजिक सुरक्षासम्बन्धी विवरण

| वडा नं. | जेष्ठ नागरिक | | | | एकल महिला | विधवा महिला | लोपोन्मुख आदिवासी जनजाती | | पूर्ण अशक्त अपाङ्ग भएका | | आंशिक अशक्त अपाङ्ग भएका | | दलित बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | अन्य | | | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | बालक | बालिका |
| १ | २५ | २७ | ३४ | ४० | १ | ७३ | ० | ० | ३ | २ | ९ | १७ | ३६ | २७ |
| २ | १४ | १७ | ७० | ८० | १ | ९३ | ० | ० | ४ | ३ | ११ | १८ | ४० | ५७ |
| ३ | ३४ | ३५ | १२ | ५४ | ० | १०४ | ० | ० | १ | २ | १८ | १५ | २४ | ५४ |
| ४ | ७ | ११ | ७७ | ६९ | १ | ६८ | ० | ० | ३ | ४ | ९ | १८ | १३ | ११ |
| ५ | ३ | १ | २२ | ३५ | १ | ५७ | ० | ० | ३ | १ | २ | ३ | ४ | ३ |
| ६ | ४ | १ | ६९ | ७५ | १ | ७१ | ० | ० | ० | ४ | ७ | ४ | १० | ६ |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७४*

### ७.७.२ बृद्धबृद्धाहरूको अवस्था

जेष्ठ नागरिकसम्बन्धी ऐन २०६३, नियमावली २०६५ मा वृद्धवृद्धासम्बन्धी व्यवस्था गरिएको छ । जनगणना २०६८ को नतिजाअनुसार यस बौदीकाली गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ३.५९ प्रतिशत (५६५ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारीरिक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि बालीघाट क्षेत्र संरक्षण समितिले सञ्चालन गरेका जेष्ठ नागरिक दिवा सेवा केन्द्रबाहेक अन्य कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ। राज्यको तर्फबाट ७० वर्षमाथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्तासमेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.२२ प्रतिशत (५०७ जना), ६५-६९ वर्षका २.३२ प्रतिशत (३६५ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जीवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पिढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.८ महिला तथा बालबालिका

### ७.८.१ महिलासम्बन्धी विवरण

कूल जनसङ्ख्याको आधा हिस्साभन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरूपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदि रहेका छन् जसको फलस्वरूप महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरूपमा अझै पनि तुलनात्मकरूपमा पछाडि परेको देखिन्छ ।

विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रूपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७७ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपूर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरूपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरूबाट कामहरू शसक्त रूपमा भईरहेको छ। नेपालको संविधान २०७२ मा महिलासम्बन्धी हकसमेत सुनिश्चित गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहायबमोजिमको महिलाको हक सुनिश्चित गरेको छ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

विशेषगरी गर्भवती महिलाहरूको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुर्नताजगिजस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिलासम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरी समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ।

### क) महिला हिंसासम्बन्धी विवरण

तालिका नं ७६: महिला हिंसासम्बन्धी विवरण

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसाबाट पिडित | ० | |
| २ | सौता रहेको | करिब २५ | |
| ३ | वेचविखनमा परेको | ० | |
| ४ | श्रीमानबाट पिडित र पिटिएका | ० | |
| ५ | द्वन्दबाट पिडित | १ | |
| ६ | सामाजिक कुरिती लगाईएका | ० | |
| जम्मा | | करिब २६ | |

*स्रोत: महिला तथा बालवालिका कार्यालय, २०७४*

### ख) आमा समूहको विवरण

तालिका नं ७७: आमा समूहको विवरण

| क.सं. | आमा समूहको नाम | ठेगाना (वडा नं. सहित) | सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सिर्जनशिल महिला समुह | नगरडाँडा पारिथर, वार्ड ६ | २६ | |
| २ | सिर्जनशिल महिला समुह | वडा नं १ | २६ | |
| ३ | शान्ति आमा समूह | लुक्कुङ, वडा नं ४ | २६ | |
| ४ | जनचेतना आमा समूह | वडा नं.३ | २४ | |
| ५ | मातृभूमि | आमडाँडा, वडा नं ४ | ४८ जना | |

*स्रोत: महिला तथा बालवालिका कार्यालय, २०७४*

## ७.८.२ बालबालिकासम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरूलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकारसम्बन्धी महासन्धी पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरूलाई पनि अधिकाररूपी हतियारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालमा बालबालिकाको हकहितको लागि थुप्रै कुराहरू समावेश गरिएको छ । अझ गतवर्ष जारी गरिएको नेपालको संविधान २०७२ ले झनै बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरेको छ।

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धीमा ५० औं देशहरूमध्ये नेपालपनि एक हस्ताक्षर कर्ता हो। संविधानमा बालबालिकासम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रूपमा खटिएका बालबालिकाहरू, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरू, शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरू, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरू र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरूको उदाहरणहरू समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकारबाट बंञ्चित बालबालिकाहरूको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.८.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन। तथापि सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकारसम्बन्धी महासन्धी, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेरसम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

बौदीकाली गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रूपमा लागू गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्षमुनिका बालबालिकाहरूलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रूपमा पनि अगाडि बढाउने उद्देश्य राखिएको छ ।

### ७.८.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकाससम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साभ्रेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरी लागू गरेको छ।

### ७.८.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदि बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आवद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीत तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम  र (१०) बालविवाह उन्मुलनसम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.९ अपाङ्गगताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार बौदीकाली गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ३.३३ प्रतिशत (५२४ जना) रहेको छ। जसमा शारीरिक अपाङ्गता भएका ११५ (२१.९५ प्रतिशत), दृष्टिसम्बन्धी अपाङ्गता भएका ६४ (१२१ प्रतिशत), श्रवणसम्बन्धी अपाङ्गता भएका १७४ (३३.२१ प्रतिशत), श्रवण, दृष्टिविहीनसम्बन्धी अपाङ्गता भएका ९ (१.७२ प्रतिशत), स्वर बोलाईसम्बन्धी समस्या भएका ८४ जना (१६.०३ प्रतिशत) देखिन्छन् भने बौद्धिक अपाङ्गता भएका १६ जना (३.०५ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता १५ जना (२.८६ प्रतिशत) र बहु अपाङ्गता ४७ (८.९७ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणनाअनुसार नेपालमा कूल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ।

सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख ( नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

**तालिका नं ७८:** अपाङ्गताको विवरण

| लिङ्ग | शारीरिक अपाङ्गता | दृष्टीसम्बन्धी अपाङ्गता | श्रवणसम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाईसम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६८ | २८ | ८५ | ६ | ४४ | ७ | १० | २६ | २७४ |
| महिला | ४७ | ३६ | ८९ | ३ | ४० | ८ | ६ | २१ | २५० |
| जम्मा | ११५ | ६४ | १७४ | ९ | ८४ | १५ | १६ | ४७ | ५२४ |
| प्रतिशत | २१.९५ | १२.२१ | ३३.२१ | १.७२ | १६.०३ | २.८६ | ३.०५ | ८.९७ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*




## ७.९.१ अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण

**तालिका नं ७९:** अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण

| वडा नं | पूर्ण अशक्त अपांगता (रातो रंगको) | | | अति अशक्त अपांगता (नीलो रंगको) | | | मध्यम अपांगता (पहेंलो रंगको) | | | सामान्य अपांगता (सेतो रंगको) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ३ | २ | ५ | ९ | १७ | २६ | - | - | - | - | - | - |
| २ | ४ | ३ | ७ | ११ | १८ | २९ | - | - | - | - | - | - |
| ३ | १ | २ | ३ | १८ | १५ | ३३ | - | - | - | - | - | - |
| ४ | ३ | ४ | ७ | ९ | १८ | २७ | - | - | - | - | - | - |
| ५ | ३ | १ | ४ | २ | ३ | ५ | - | - | - | - | - | - |
| ६ | ० | ४ | ४ | ७ | ४ | ११ | - | - | - | - | - | - |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.१० खानेपानी तथा सरसफाई


### ७.१०.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं ८०: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| | धारा/पाइप | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदि/खोला | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **जनसंख्या** | २,५६० | २३ | १७२ | १९२ | ४६ | ५ | २,९९८ |
| **प्रतिशत** | ८५.३९ | ०.७७ | ५.७४ | ६.४० | १.५३ | ०.१७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बौदीकाली गाउँपालिकाका परिवारहरूले सबैभन्दा बढी धारा तथा पाइपको खानेपानीको प्रयोग गरेको पाइएको छ । गाउँपालिकामा धारा तथा पाइपको प्रयोग गर्ने घरधुरी संख्या २,५६० (८५.३९ प्रतिशत), दोस्रोमा मूल तथा धाराको प्रयोग गर्ने घरधुरी संख्या १९२ (६.४० प्रतिशत), तेस्रोमा खुला इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी १७२ (५.७४ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।




### ७.१०.२ खानेपानीसम्बन्धी वडागत विवरण

तालिका नं ८१: खानेपानीसम्बन्धी वडागत विवरण

| वडा नं. | धारा/पाइप | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३८९ | १ | ३३ | ७८ | ० | २ | ५०३ |
| २ | ६२८ | १४ | ८ | ९५ | ३ | २ | ७५० |
| ३ | ३६९ | ३ | ७२ | ६ | ३६ | ० | ४८६ |
| ४ | ५१२ | ० | १९ | ९ | १ | ० | ५४१ |
| ५ | २११ | १ | ० | ० | ३ | १ | २१६ |
| ६ | ४५१ | ४ | ४० | ४ | ३ | ० | ५०२ |
| **जम्मा** | २,५६० | २३ | १७२ | १९२ | ४६ | ५ | २,९९८ |
| **प्रतिशत** | ८५.३९ | ०.७७ | ५.७४ | ६.४० | १.५३ | ०.१७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रूपमा धारा तथा पाइपको प्रयोग समग्र सबै वडाहरूमा सबैभन्दा बढी प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१०.३ खानेपानीको संभावित स्रोतहरूको विवरण

तालिका नं ८२: खानेपानीको संभावित स्रोतहरूको विवरण

| क्र.सं. | खानेपानीको श्रोत | ठेगाना | लाभान्वित हुने क्षेत्र |
|---|---|---|---|
| १ | मुल, खोला, खोल्सी | वडा १ चर्मेदी, धारादी | वडा १ |
| २ | मुल, खोला, खोल्सी | वडा २ चितुवा खोला, गल्जौडी, छरछरे, दुईघरे, चपाड, बेतिनी खोला | वडा २ |
| ३ | मुल, खोला, खोल्सी | वडा ३ बाघ खोला, अमृत धारा, चिसापानी, बोजाधी, सिमलधारा, खहरे खोला | वडा ३ |
| ४ | मुल, खोला, खोल्सी | वडा ४, रिङ्गे, चारडाँडा, कुवाकोट, बेटेनी कुना, बाहुनथर, भालु खोलसी | वडा ४ |
| ५ | मुल, खोला, खोल्सी | गाग्री खोला, मलरवन, भालकुन गैरा, कोचवन, छरछरे | वडा ५ |
| ६ | मुल, खोला, खोल्सी | घेर्जादी, चोवार्दी, लेखाडी, किचिङ् गहिरा, डडुवा, चिन्डे गहिरा, धोक्से गहिरा, घोल्के माझो, पाङ्दी खोला, गिरु गहिरा खोला, नाथ खोला, ग्यामर स्वाहारा, खहरे खोला, सार्की डि, धारादी, लुकुवा, माझधारा। | वडा ६ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ७.१०.४ शौचालयको विवरण


तालिका नं ८३: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | १६ | ७७० | ५२१ | १,६८५ | ६ | २,९९८ |
| **प्रतिशत** | ०.५३ | २५.६८ | १७.३८ | ५६.२० | ०.२० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बौदीकाली गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। यस गाउँपालिकामा शौचालय नभएको घरधुरी सबैभन्दा धेरै रहेको छ। जुन जम्मा घरपरिवार संख्याको ५६.२० प्रतिशत अर्थात १,६८५ घरपरिवार रहेको देखिन्छ। शौचालयको प्रयोग गर्नेहरूमा सबैभन्दा धेरै फ्लस भएको (सेप्टिक ट्याङ्की) शौचालयको प्रयोग गर्नेको परिवार ७७० (२५.६८ प्रतिशत) रहेको छ। त्यस्तै साधारण शौचालयको प्रयोग गर्नेको संख्या ५२१ (१७.३८ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या १६ (०.५३ प्रतिशत) देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।

*नोट: राष्ट्रिय जनगणना २०६८, अनुसार बौदीकाली गाउँपालिमामा ५६.२० प्रतिशत घरहरुमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यमक्रहरुले गाउँपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ ।*




## ७.१०.५ वडागत रूपमा शौचालयको विवरण

**तालिका नं ८४: वडागत रूपमा शौचालयको विवरण**

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३ | ५३ | १३२ | ३१३ | २ | ५०३ |
| २ | ३ | २९१ | २१३ | २४० | ३ | ७५० |
| ३ | १ | १११ | ८१ | २९३ | ० | ४८६ |
| ४ | ० | ९८ | ६७ | ३७६ | ० | ५४१ |
| ५ | १ | ५६ | ० | १५८ | १ | २१६ |
| ६ | ८ | १६१ | २८ | ३०५ | ० | ५०२ |
| जम्मा | १६ | ७७० | ५२१ | १,६८५ | ६ | २,९९८ |
| प्रतिशत | ०.५३ | २५.६८ | १७.३८ | ५६.२० | ०.२० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं २ मा सबैभन्दा बढी फ्लस भएको (सेफ्टि ट्याङ्की) शौचालयको प्रयोग गरेको देखिन्छ भने बाँकी सबै वडाहरूमा शौचालय प्रयोग नगर्नेको परिवार संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.११ खुला दिशा मुक्त क्षेत्र




चित्र नं. १० : खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरूमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रूपमा दिसाब पिसाब गर्ने प्रवृत्ति रहेको छ। यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो। तर हालका वर्षहरूमा सञ्चार माध्यमहरूको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। यसै अभियान अन्तरर्गत यस बौदीकाली गाउँपालिका पूर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारात्मक सुधार निश्चित छ। पछिल्लो राष्ट्रिय जनगणना २०६८, अनुसार बौदीकाली गाउँपालिकामा ५६.२० प्रतिशत घरहरूमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो

समयमा विभिन्न संघ संस्था, नेपाल सरकारको साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यमक्रहरूले गाउँपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ। यस गाउँपालिकामा समावेश भएका सबै गा.वि.स.हरू खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भएको हुँदा यस गाउँपालिकालाई खुल्ला दिशा मुक्त गाउँपालिका घोषणा गरिएको हो।

## ७.१२ फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको पाइन्छ। गाउँपालिकामा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा धेरै पटक अभियानको रूपमा फोहोर मैला व्यवस्थापन कार्यक्रम/सरसफाइ कार्यक्रम संचालन भएको पाइन्छ।

## ७.१३ शवदाह/ चिहानहरूको विवरण

विभिन्न धर्म र चालचलन अनुसार मानिसको मृत्यु भइसकेपछि अन्तिम संस्कार गर्ने फरक फरक चलन रहँदै आएको छ। हिन्दू धर्म मान्ने मानिसहरूको मृत्युपछि अन्तिम संस्कार नदीको किनारमा घाटमा जलाएर गर्ने गर्छन् भने बौद्ध धर्मावलम्बीहरूले चिहानडाँडामा लगेर जलाएर नै अन्तिम संस्कार गर्ने गरेको पाइन्छ। क्रिस्चियन धर्मावलम्बीहरूले लासलाई कफिनभित्र राखेर जमिनमुनि गाडी अन्तिम संस्कार गर्दछन्। कतिपय वडाहरूमा क्रिश्चियन धर्मावलम्बीहरूका लागि अन्तिम संस्कार गर्ने स्थल व्यवस्था गर्न अझ सकिएको छैन।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पति

नेपालको प्रदेश नं ४ नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको यस बौदीकाली गाउँपालिकामा कूल क्षेत्रफल ९१.८७ वर्ग कि.मि. मध्ये ४९.०९ प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, स्वामी, बेल, अमला, निम, पलाँस, आँप, चिउरी डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

बौदीकाली गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, वनस्पति तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय सन्तुलनले वनस्पति वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र वनस्पति रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वनजस्ता अवधारणाहरूलाई व्यवहारमा लागू गरिएको छ। यसै सन्दर्भमा वन वरिपरि बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपूर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागी भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रूपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारिजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, दङ्ग्यौली, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजीवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदिजस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यीमध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरूले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपि वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररूपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई महाभारत क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भूभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रूपमा देखिएको छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्य योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रूपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरूमा चिराईतो, तेजपात, बोभ्को, अल्लो, काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको असारे पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा,

रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारिजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, असुरो हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजीवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

बौदीकाली गाउँपालिकामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरू पाइन्छन्। यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

बौदीकाली गाउँपालिकामा करिब १४० प्रकारका चराहरू पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ रातो खोल भएको कछुवासहित ३ जातका कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरू

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि ।

### (च) फूलका प्रजातिहरू

सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउरी, बाबरी, भालेफूल, पारिजात, असारे

लाहुरे चुवा, पलाँस, मसुन्डा, बेगनकली, वेली, चमेली, इन्द्रकमल, कटहरचम्पा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरू हुन् ।

## ८.५ वनजंगल

बौदीकाली गाउँपालिका समुन्द्र सतहबाट २६० मिटरको उचाइदेखि शुरु भएर १८०० मिटरसम्म गएर अन्त्य भएको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र स-साना ताल/तलैया, सिमसार क्षेत्र र घाँसे मैदानहरू समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरूमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रूपमा सिसौ र खयरजस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्र २६० मि. देखि १८०० मि. को लेक क्षेत्रमा पाइने भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरू जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रित वन र झाडी बुट्यान रहेका छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीतिअनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरेबमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेहीता सम्बन्धित वन उपभोक्ता समूहलाई नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्यूनिकरणमा समेत सहयोग

पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागि आदिका कारण र भैरहेको वन विनासले वन पर्यावरण जोखिममा परेको छ । बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Intellctual Patent right) का विषयमा र विश्व व्यापार संगठन (WTO) सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ

उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

तालिका नं ८५: सामुदायिक वन व्यवस्थापनको विवरण

| क्र.सं. | सामुदायिक वनको नाम | वडा नं. | जंगलको क्षेत्रफल हेक्टरमा | ओगटेको क्षेत्रफल | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|---|
| १ | फुस्रेखोला सामुदायिक वन उपभोक्ता समिति मिथुकरम | १ | ४० हे. | | १९० |
| २ | मचेडी माग्लिङटार वन उपभोक्ता समुह | १ | १२ | | ९५ |
| ३ | सिंहटारी सामुदायिक वन उपभोक्ता समुह | २ | २ | | ८२ |
| ४ | श्री चिसोपानी सामुदायिक वन | ३ | करिब ३ वा ४ | | ५२ |
| ५ | भुटुक्दी सामुदायिक वन | ४ | करिब ८६ हे. | | ५० |
| ६ | कुवाकोट सामुदायिक वन | ४ | करिब ११२ हे. | | ४५ |
| ७ | केशरानी सामुदायिक वन | ४ | करिब ४५ हे. | | ७० |
| ८ | कुसुन डि सामुदायिक वन | ५ | करिब २० हे | | ६० |
| ९ | चौरासिय सामुदायिक वन | ५ | करिब २३ हे | | ७० |
| १० | डडुवा सामुदायिक वन | ६ | करिब २ हे. | | ९ |
| ११ | माझडाँडा सामुदायिक वन | ६ | १६६.३ हे | | ४० |
| १२ | लोच्च डाँडा पुरानो नरम सामुदायिक वन | ६ | ३ हे | | ४८ |
| १३ | चिहान डाँडा सामुदायिक वन लाहापे | ६ | ७ हे. | | ४७ |
| | जम्मा | | | | ८५८ |

*स्रोत : इलाका वन कार्यालय/जिल्ला वन कार्यालय, २०७४*

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। बौदीकाली गाउँपालिकामा आ.व. २०७४/०७५ को माघसम्ममा जम्मा १३ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा ८५८ घरधुरी लाभान्वित भएका छन्।

### ८.५.२ कबुलियती वनसम्बन्धी विवरण

तालिका नं ८६: कबुलियती वनसम्बन्धी विवरण

| क्र.स. | कबुलियती वन समूहको नाम | ठेगाना | क्षेत्रफल (हे.) मा | घरधुरी/सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा |
| १ | सितलपुर क.व.स. | वडा ४, सितलपुर | | | | |
| २ | ब्राबिन्दि क.व.स. | वडा ४, ब्राबिन्दि | | | | |
| ३ | छारडाँडा क.व.स. | वडा ४, छार डाँडा | | | | |
| ४ | सिमल भञ्ज्याङ् क.व.स. | वडा ४, सिमल भञ्ज्याङ | | | | |
| ५ | महुवा गहिरा क.व.स. | वडा ४, महुवा गहिरा | | | | |
| ६ | थिगुरुङ् गहिरा क.व.स. | वडा ४, थिगुरुङ् | | | | |
| ७ | धावादी गहिरा क.व.स. | वडा ४, धावादी | | | | |
| ८ | फिरफिरे क.व.स. | वडा ४, फिरफिरे | | | | |
| ९ | कालीवन क.व.स. | वडा ४, कालीवन | | | | |
| १० | चिदियर मालागिरि क.व.स. | वडा ४, चिदियर | | | | |
| ११ | सिरपोखरी क.व.स. | वडा ४, सिरपोखरी | | | | |
| १२ | ढोडे भञ्ज्याङ् क.व.स. | वडा ४, ढोडे भञ्ज्याङ | | | | |
| १३ | बन्दुक डाँडा क.व.स. | वडा ४, बन्दुक डाँडा | | | | |
| १४ | ब्यादीप खाल्डा क.व.स. | वडा ४, ब्यादीप खाल्डा | | | | |
| १५ | चारपटे ह्यान क.व.स. | वडा ४,चारपटे | | | | |
| १६ | मिनाम डाँडा क.व.स. | वडा ४, मिनाम डाँडा | | | | |
| १७ | बटै चउर क.व.स. | वडा ४, बटै चउर | | | | |
| १८ | कराङ् क.व.स. | वडा ४, कराङ् | | | | |
| १९ | पारि ल्होसे क.व.स. | वडा ४, पारि ल्होसे | | | | |
| २० | चिन्ना गहिरा क.व.स. | वडा ६, चिन्ना गहिरा | | | | |
| २१ | बाहुन डाँडा क.व.स. | वडा ६, बाहुन डाँडा | | | | |
| २२ | कनिका डाँडा क.व.स. | वडा ६, कनिका डाँडा | | | | |
| २३ | धुबिनी गहिरा क.व.स. | वडा ६, धुबिनी गहिरा | | | | |
| २४ | काफलस्वारा क.व.स. | वडा ६, काफलस्वारा | | | | |
| २५ | ग्यामर स्वारा क.व.स. | वडा ६, ग्यामर स्वारा | | | | |
| २६ | चिलपाथे क.व.स. | वडा ६, चिलपाथे | | | | |

*स्रोत : इलाका वन कार्यालय/जिल्ला वन कार्यालय, २०७४*

### ८.५.३ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रूपमा हस्तान्तरण गरिन्छ। गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

### ८.५.४ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कूल वन क्षेत्रमध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रूपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ ।

### ८.५.५ निजी वन

राष्ट्रिय वन क्षेत्रमाथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रमसमेत यस गाउँपालिकामा संचालन गरिएको छ

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था

यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण (नवलपरासी जिल्लाकै पहिलो) गरिएका रुख प्रजातिहरूमा सिसौ, साल, खयर (निजी वन), बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरूमा अम्वा, कटहर, अमला, मेवा, केरा, आँप आदि पर्दछन । वनमा पाईने रुख प्रजातिहरू साल, असना, कर्मा, लाकुरी, चिउरी, गुँरास, सिमल, हर्रो, वर्रो, पीठारी, काफल, कटुस, सल्ला, कदम, जामुनसमेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.७ वनपैदावारको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको जनसंख्याको वृद्धि नेपालको औषत वृद्धिभन्दा बढी छ । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा रहेको बौदीकाली गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरासम्बन्धी माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन । तर आ.व. २०६८/०६९ देखि स्थानीय उपभोक्ताहरूको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुन: संचालनमा ल्याई काठ दाउरा बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ । यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरी स्थानीय जनताहरूलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ८.८ जडिबुटीसम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला पाँचऔले शिकारी लहरा, चिनी लहरा, तेजपत्ता, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारिजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजीवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ पार्क, वनस्पति तथा बालउद्यानसम्बन्धी विवरण

तालिका नं ८७: पार्क, वनस्पति तथा बालउद्यानसम्बन्धी विवरण

| क्र.सं. | पार्क, वनस्पति तथा बाल उद्यानको विवरण | वडा नं. | स्थान | क्षेत्रफल | सञ्चालक |
|---|---|---|---|---|---|
| १ | मौला डाडा | १ | मौला डाडा | करिब २० रोपनी | मिथुकरम वडा कार्यालय |
| २ | बालीघाट संरक्षण क्षेत्र | २ | बालीघाट | करिब १५ रोपनी | बालीघाट क्षेत्र संरक्षण समिति |
| ३ | स्यानटार जंगल पार्क | २ | स्यानटार | करिब २० रोपनी | सिंहटारी सामुदायीक वन उपभोक्ता समुह |
| ४ | महाभारत घोरल संरक्षण क्षेत्र | ४ | कुवाकोट, झारेभञ्ज्याङ, सिरपोखरी, नारी भञ्ज्याङ | करिब १००० हेक्टर | महाभारत जैविक विविधता संरक्षण सरकार समाज |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदनअनुसार नवलपरासी जिल्लाको मानव विकास सूचकाङ्क ०.४९३ (नेपालको ०.४९०) रहेको छ। अर्थात् नवलपरासी जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषतभन्दा बढि देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने नवलपरासी जिल्लाको हरेक व्यक्तिको अपेक्षित औषत आयु (Life Expectancy) ६७.८१ वर्ष र यसको सूचक ०.७१४, प्रौढ साक्षरता दर (Adult literacy) ६३.७५ प्रतिशत र यसको सूचक ०.६३७, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.९७ वर्ष र यसको सूचक ०.२६५, कूल प्रतिव्यक्ति आय (Per Capita Income) ११५७ अमेरिकी डलर र यसको सूचक ०.४०९ रहेको देखिन्छ।

तालिका नं ८८: मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | ज्यामितीय मध्यक |
| **नेपाल** | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| **नवलपरासी** | ६७.८१ | ०.७१४ | ६३.७५ | ०.६३७ | ३.९७ | ०.२६५ | ११५७ | ०.४०९ | ०.४९३ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सोभन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको प्रतिशतजस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रूपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा नवलपरासी जिल्ला मानव विकास सूचकाङ्कको स्थिति समग्र नेपालको तुलनामा राम्रो देखिन्छ । नवलपरासी जिल्लाको मानव गरीबी सूचकाङ्क मान

२५.३२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा नवलपरासी जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३६.२५ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ८.०९ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) १३.११ प्रतिशत र ५ वर्षमुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३८.९० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार नवलपरासी जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरूमध्ये यो जिल्ला १९ औँ स्थानमा रहेको छ र गरीबीको दर ३.१ प्रतिशत रहेको छ । जिल्लामा गरिबीमा रहेको संख्या १,०८,७९४ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ८९: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| १९ | १७.०३ (३.१) | ३.८ (०.८७) | १.२७ (०.३४) | १०८७९४ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना, २०६८ अनुसार १५,७३४ जनताको बसोबास भएको गाउँपालिका खास गरी सामाजिक रूपले पछिपरेका र आर्थिक रूपले विपन्न अवस्थामा रहेका, गरिबीमा परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रूपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने

चुनौतीलाई समय सापेक्षका रूपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रूपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रूपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औषत आयु, औषत गार्हस्थ्य उत्पादन, औषत साक्षरतादर र औषत आम्दानीजस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा विस्तार गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थापित भएबमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्षमाथिको उमेरसम्म बाँच्नेहरूको संख्या २०.७५ प्रतिशत रहेको पाइन्छ भने अर्कातर्फ बाचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ८५.३९ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रूपमा मूल तथा धाराको प्रयोग गर्नेको संख्या ६.४० प्रतिशत देखिन्छ भने तेस्रोमा खुल्ला इनार तथा कुवाको प्रयोग गर्ने ५.७४ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रूपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका अन्य गाउँपालिकाहरूको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७०.६७ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७९.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.५० प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा १६.४६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षातर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरूको प्राथमिक अधिकारको रूपमा अझै पनि व्यावहारिक रूपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरूले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कूलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर आधारभूत तथा माध्यामिक तहको शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

जसरी नेपालको जनसंख्या बढेको छ त्यही गतिमा यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, आधारभूत शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

# बौदीकाली गाउँपालिका

प्रदेश नं. ४, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

बौदीकाली गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | ९८५७०४६२६४ |
| २ | शेषकान्त ढकाल | लेखापाल | गाउँपालिका | ९८५७०४०२४१ |
| ३ | राम अधिकारी | ईन्जिनियर | गाउँपालिका | ९८४५४२१२७५ |
| ४ | मिलन श्रेष्ठ | सुचना प्रविधि अधिकृत | गाउँपालिका | ९८४१७३१८४० |
| ५ | घनश्याम रोका मगर | सब. ई | गाउँपालिका | ९८४९८४९४६२ |
| ६ | दिनेश पनेरु | सब. ई | गाउँपालिका | ९८४८६४३२८१ |
| ७ | रेनु ठाडा मगर | सब. ई | गाउँपालिका | ९८४५८१२९४२ |
| ८ | राजेश श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | गाउँपालिका | ९८४६०८५४३४ |
| ९ | मैना ओझा | का.स. | गाउँपालिका | ९८४६४६५७६८ |
| १० | शालिकराम कन्डेल | का.स. | गाउँपालिका | ९८१७५७७९२० |
| ११ | मिन बहादुर राना | का.स. | गाउँपालिका | ९८१६४२०३३९ |
| १२ | खिम बहादुर सार्की | हेभी सवारी चालक | गाउँपालिका | ९८२१९९२८३५ |
| १३ | टोप कान्त अधिकारी | सि.अ.हे.ब.अ. | स्वास्थ्य शाखा | ९८४७५९५१८६ |
| १४ | घन नारायण श्रेष्ठ | सि.अ.हे.व.अ. | स्वास्थ्य शाखा | ९८४७१९३८५३ |
| १५ | नैनी कला थापा | सि.अ.न.मी. | स्वास्थ्य शाखा | ९८४७४८३०९६ |
| १६ | रामराज पौडेल | अ.हे.व. | स्वास्थ्य शाखा | ९८४३३००२९१ |
| १७ | केशर सिंह बस्नेत | अ.हे.व. | स्वास्थ्य शाखा | ९८६८६२९८२९ |
| १८ | मेघ बहादुर ठाडा | सि.अ.हे.व.अ. | स्वास्थ्य शाखा | ९८५६०३६१०६ |
| १९ | छुन्तली माया घले | अ.न.मी. | स्वास्थ्य शाखा | ९८०६८७१५२४ |
| २० | दुर्गा देवी चौलागाई | अ.न.मी. | स्वास्थ्य शाखा | ९८६८९८३४२४ |
| २१ | शारदा केएन गैरे | अ.न.मी. | स्वास्थ्य शाखा | ९८१४४८८८२४ |
| २२ | मालती वाईवा | अ.हे.व. | स्वास्थ्य शाखा | ९८४१७९२२६१ |
| २३ | सुवास राज देवकोटा | अ.हे.व. | स्वास्थ्य शाखा | ९८४४७९५५६५ |
| २४ | मुकेश चौधरी | हे.अ. | स्वास्थ्य शाखा | ९८४३९९०१७८ |
| २५ | फुल माया कंडेल | सि.अ.न.मी. | स्वास्थ्य शाखा | ९८११९९८५९५ |
| २६ | हुमा कान्त पौडेल | अ.हे.व. | स्वास्थ्य शाखा | ९८६७५९८४४८ |
| २७ | शर्मिला चौधरी | अ.न.मी. | स्वास्थ्य शाखा | ९८४०५३०११४ |
| २८ | रेनुका देवी महत्तो | अ.न.मी. | स्वास्थ्य शाखा | ९८४५५८२७९० |
| २९ | बिजेस कुमार यादव | हे.अ. | स्वास्थ्य शाखा | ९८४५९१६९०६ |
| ३० | मञ्जीता घले मगर | अ.न.मी. | स्वास्थ्य शाखा | ९८१४४२४८८१ |
| ३१ | प्रिती गुरुङ | अ.न.मी. | स्वास्थ्य शाखा | ९८१५४३८६७१ |
| ३२ | सूर्य किरण वली | अ.हे.व. | स्वास्थ्य शाखा | ९८४४९०७४४५ |
| ३३ | बौद्धकृष्ण चोधरी | अ.हे.व. | स्वास्थ्य शाखा | ९८०१५०९५१६ |
| ३४ | तारा प्रसाद थनेत | अ.हे.व. | स्वास्थ्य शाखा | ९८५७०४१०१६ |
| ३५ | रमेश प्रसाद यादब | हे.अ. | स्वास्थ्य शाखा | ९८५४९१६०२१ |

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| ३६ | पबिसरा सोती | अ.न.मी. | स्वास्थ्य शाखा | ९८४७२७१९२८ |
| ३७ | नबिन प्रसाद डागी | अ.हे.व. | स्वास्थ्य शाखा | ९८६७२०३५०९ |
| ३८ | राम प्रबेश राय यादव | अ.हे.व. | स्वास्थ्य शाखा | ९८४४५८४६७९ |
| ३९ | महेश कुमार चाई | अ.हे.व. | स्वास्थ्य शाखा | ९८६७२२८६८० |
| ४० | डा.सृजना ढकाल | मे.अ. | स्वास्थ्य शाखा | ९८४५१७८९६९ |
| ४१ | अस्मीता भट्टराई | स्टाफ नर्स | स्वास्थ्य शाखा | ९८६४४५०७६४ |
| ४२ | पुष्पा ठाडा | ल्याब अ. | स्वास्थ्य शाखा | ९८४५८०७९५८ |
| ४३ | हरि माया थापा | अ.न.मी. | स्वास्थ्य शाखा | ९८४६३४७१४७ |
| ४४ | सिता पाण्डे डोटेल | का.स. | स्वास्थ्य शाखा | ९८६७०४३५८८ |
| ४५ | सावित्रा पाण्डे कण्डेल | का.स. | स्वास्थ्य शाखा | ९८१९१९३४४३ |
| ४६ | ज्ञान बहादुर बराल | का.स. | स्वास्थ्य शाखा | |
| ४७ | बम बहादुर दर्लामी | का.स. | स्वास्थ्य शाखा | |
| ४८ | श्रीराम राना | का.स. | स्वास्थ्य शाखा | ९८१४१४६२४८ |
| ४९ | वीर बहादुर विसी | अ.हे.व. | सा.स्था.ई | ९८५६०६६३१४ |
| ५० | देउ कुमारी राना | अ.न.मी. | सा.स्था.ई | ९८२१४०४४११ |
| ५१ | गौरी पौडेल | का.स. | सा.स्था.ई | ९८१९११४६४७ |
| ५२ | पुर्णलाल शर्मा | प्रा.स. | कृषि शाखा | ९८४५०५६५८२ |
| ५३ | मनोज चापागाई | ना.प्रा.स | कृषि शाखा | ९८६५०२२४८३ |
| ५४ | याम बहादुर ठाडा मगर | ना.प्रा.स | कृषि शाखा | ९८२११३२३६४ |
| ५५ | प्रतिमा बि.क. | ना.प्रा.स | कृषि शाखा | ९८४५७२७५५१ |
| ५६ | छत्र बहादुर कुमाल | प.से.प्रा. | पशुसेवा शाखा | ९८४५०८६९०६ |
| ५७ | विष्णु माया वस्याल | ना.प.स्वा.प्रा. | पशुसेवा शाखा | ९८०३३९९५८९ |
| ५८ | आनन्द पाण्डे | ना.प.स्वा.प्रा. | पशुसेवा शाखा | ९८०६८८५६२४ |
| ५९ | मिन कुमार श्रेष्ठ | ना.प.स्वा.प्रा. | पशु सेवा शाखा | |
| ६० | नारायण प्रसाद ओझा | खरिदार | वडा सचिव २ | ९८४६७७३८०६ |
| ६१ | लाल बहादुर खत्री | खरिदार | वडा सचिव ३ | ९८४७०६५६५५ |
| ६२ | ऐन बहादुर सिंह | खरिदार | वडा सचिव ४, ६ | ९८५७०४१००२ |
| ६३ | सुन्दर आचार्य | खरिदार | वडा सचिव ५ | ९८५७०४०८३४ |
| ६४ | मन बहादुर आले | का.स. | वडा नं. | ९८१९४५५७२१ |
| ६५ | जानकी घर्ती | का.स. | वडा नं. २ | ९८२४१८७०३६ |
| ६६ | मनिलाल सारु | का.स. | वडा नं. ३ | ९८६६००३६६० |
| ६७ | मानसिंह फाल | का.स. | वडा नं. ४ | ९८०६९५८०६९ |
| ६८ | आशिष राना | का.स. | वडा नं. ५ | ९८०४४७५२९० |
| ६९ | रिता सारु | का.स. | वडा नं. ६ | ९८४५९१२६३१ |
| ७० | अच्युत रिजाल | वैद्य | आयुर्वेद शाखा | ९८२२८९५०१८ |
| ७१ | चाँदनी श्रेष्ठ | कविराज | आयुर्वेद शाखा | ९८१८१६६२०८ |
| ७२ | सीता लम्साल | का.स. | आयुर्वेद शाखा | ९८१७४३४०६२ |
| ७३ | बिन्दु भण्डारी | का.स. | आयुर्वेद शाखा | ९८१७१८६०५७ |

*स्रोत : गाउँपालिका कार्यालय, २०७४*

# बौदीकाली गाउँपालिका

**प्रदेश नं. ४, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**बौदीकाली गाउँ कार्यपालिकाका पदाधिकारीहरूको विवरण: २०७४**

| क्र.सं. | कार्यपालिका सदस्यको नाम थर | दर्जा | वडा | सम्पर्क नं. | फोटो |
|---|---|---|---|---|---|
| १ | दुर्गा बहादुर राना | अध्यक्ष | | ९८५७०४१०८२ |  |
| २ | मायादेवी श्रेष्ठ | उपाध्यक्ष | | ९५७०४१०५४ |  |
| ३ | टोलनाथ कण्डेल | वडाध्यक्ष | १ | ९८५७०४१०७५ |  |
| ४ | बाल प्रसाद ठाडा | वडाध्यक्ष | २ | ९८५७०४१०७४ |  |
| ५ | यम बहादुर थापा ठाडा | वडाध्यक्ष | ३ | ९८५७०४११७४ |  |
| ६ | मन बहादुर सारु | वडाध्यक्ष | ४ | ९८५७०४११९२ |  |


| क्र.सं. | कार्यपालिका सदस्यको नाम थर | दर्जा | वडा | सम्पर्क नं. | फोटो |
|---|---|---|---|---|---|
| ७ | कूलसिंह राना | कार्यवाहक वडाध्यक्ष | ५ | ९८४७०४१२६५ |  |
| ८ | नेम बहादुर थापा | वडाध्यक्ष | ६ | ९८५७०४१३२८ |  |
| ९ | सुकमाया भाट | महिला सदस्य | १ | ९८१९१८०८१६ |  |
| १० | रिमा कुमारी पाटा मगर | महिला सदस्य | ३ | ९८०६९४१९४० |  |
| ११ | निरमाया बस्याल | द.महिला सदस्य | १ | ९८१७२०९१०० |  |
| १२ | धनुमाया वि.क. | द.महिला सदस्य | ४ | ९८१७५८८५६५ |  |
| १३ | अन्त बहादुर घर्ती | अल्पसंख्यक सदस्य | | ९८०७४४९६४९ |  |
| १४ | टोपलाल रुचाल | दलित सदस्य | | ९८५६०५६०१० |  |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

# बौदीकाली गाउँपालिका

**प्रदेश नं. ४, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**बौदीकाली गाउँपालिकाका जन निर्वाचित प्रतिनिधिहरूको विवरण: २०७४**

| क्र.सं. | निर्वाचित प्रतिनिधिको नाम थर | दर्जा | सम्पर्क | फोटो |
|---|---|---|---|---|
| १ | दुर्गा बहादुर राना | अध्यक्ष | ९८५७०४१०८२ |  |
| २ | मायादेवी श्रेष्ठ | उपाध्यक्ष | ९५७०४१०५४ |  |
| ३ | टोलनाथ कण्डेल | वडाध्यक्ष | ९८५७०४१०७५ |  |
| ४ | बाल प्रसाद ठाडा | वडाध्यक्ष | ९८५७०४१०७४ |  |
| ५ | यम बहादुर थापा ठाडा | वडाध्यक्ष | ९८५७०४११७४ |  |
| ६ | मन बहादुर सारु | वडाध्यक्ष | ९८५७०४११९२ |  |
| ७ | दल बहादुर खरु मगर | वडाध्यक्ष | ९८४७०४१२६५ | |
| ८ | नेम बहादुर थापा | वडाध्यक्ष | ९८५७०४१३२८ |  |

| क्र.सं. | निर्वाचित प्रतिनिधिको नाम थर | दर्जा | सम्पर्क | फोटो |
|---|---|---|---|---|
| ९ | सुकमाया भाट | महिला सदस्य | ९८१९१८०८१६ |  |
| १० | सिद्धिपुर्णी दाराई | महिला सदस्य | ९८१५१६१७९४ |  |
| ११ | रिमा कुमारी पाटा मगर | महिला सदस्य | ९८०६९४१९४० |  |
| १२ | खगिसरा सिंजाली | महिला सदस्य | ९८२४४१२६६९ |  |
| १३ | हुमिसरा चितौरे मगर | महिला सदस्य | ९८१९४९०७३३ | |
| १४ | पुनीसरा सारु मगर | महिला सदस्य | ९८४६९६२९५९ |  |
| १५ | निरमाया बस्याल | द.महिला सदस्य | ९८१७२०९१०० |  |

| क्र.सं. | निर्वाचित प्रतिनिधिको नाम थर | दर्जा | सम्पर्क | फोटो |
|---|---|---|---|---|
| १६ | भुलमाया वि.क. | द.महिला सदस्य | ९८१९१९२०२४ | |
| १७ | सुमित्रा वि.क. | द.महिला सदस्य | ९८१५४६२६३७ |  |
| १८ | धनुमाया वि.क. | द.महिला सदस्य | ९८१७५८८५६५ |  |
| १९ | फुलमाया दमाई | द.महिला सदस्य | | |
| २० | तिल कुमारी सार्की | द.महिला सदस्य | ९८१५४३६६०२ |  |
| २१ | अर्जुन कुमार श्रेष्ठ | वडा सदस्य | ९८१२२०८८७९ |  |
| २२ | खड्क बहादुर सारु | वडा सदस्य | ९८१९४९२३७७ |  |

| क्र.सं. | निर्वाचित प्रतिनिधिको नाम थर | दर्जा | सम्पर्क | फोटो |
|---|---|---|---|---|
| २३ | लक्ष्मीकान्त पाण्डे | वडा सदस्य | ९८४७०७३९९२ |  |
| २४ | धनलाल सोती मगर | वडा सदस्य | ९८०४१९७३५६ |  |
| २५ | कूलसिंह राना | वडा सदस्य | ९८१६४३०५१२ |  |
| २६ | खिम बहादुर गाहा | वडा सदस्य | ९८१७४३१८४३ |  |
| २७ | बम बहादुर दर्लामी | वडा सदस्य | ९८०६४४४६२५ | |
| २८ | सुदिप श्रेष्ठ | वडा सदस्य | ९८४९८३६३३२ |  |
| २९ | लक्ष्मी बहादुर थापा | वडा सदस्य | ९८११४७८२६९ | |
| ३० | राम बहादुर रकीम मगर | वडा सदस्य | ९८२५१२९९६१ |  |

| क्र.सं. | निर्वाचित प्रतिनिधिको नाम थर | दर्जा | सम्पर्क | फोटो |
|---|---|---|---|---|
| ३१ | मान बहादुर श्रेष्ठ | वडा सदस्य | ९८१५४७११५५ |  |
| ३२ | तारा बहादुर पुलामी मगर | वडा सदस्य | ९८११५२३२३३ |  |
| ३३ | अन्त बहादुर घर्ती | अल्पसंख्यक सदस्य | ९८०७४४९६४९ |  |
| ३४ | टोपलाल रुचाल | दलित सदस्य | ९८५६०५६०१० |  |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*